# लैङ्गिक उत्तरदायी न्याय अभिवृद्धिका लागि न्यायिक समिति कार्य सम्पादन सहयोगी

# स्रोत पुस्तिका

## २०८०

तयार पारिएको

**कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**
मानभवन, ललितपुर

# लैङ्गिक उत्तरदायी न्याय अभिवृद्धिका लागि न्यायिक समिति कार्य सम्पादन सहयोगी

# स्रोत पुस्तिका

## २०८०

**दोस्रो संस्करण परिमार्जन**
अधिवक्ता अनिता न्यौपाने थपलिया

**पुस्तक लेखन समूह**
अधिवक्ता अनिता न्यौपाने थपलिया
अधिवक्ता चण्डेश्वरी तण्डुकार
अधिवक्ता पुण्यशिला दवाडी
अधिवक्ता शकुन्तला बस्नेत
अधिवक्ता अन्जना न्यौपाने
प्राविधिक सहयोग: डा. मुक्ति रिजाल
प्राविधिक समिक्षा: सुभा घले, नवनीता सिन्हा, डोरेन बट्नर, सुमेधा शाक्य, टेक टमाटा, इन्दु तुलाधर
संस्करण: दोस्रो
प्रकाशक: कानुनी सहयोग तथा परार्मश केन्द्र (ल्याक)
प्रकाशन संख्या: १०००
डिजाइन: मार्क माइण्डस् प्रा. लि.
कुपण्डोल, ललितपुर, सम्पर्क: ०१-४५९२९६७
ईमेल:Mmarkminds02@gmail.com

---

**स्विडिस अन्तर्राष्ट्रिय विकास सहयोग निकाय (SIDA) को सहयोगमा युएन वुमन, आईसिजे र ओ एच सी एच आर को महिलाको न्यायमा पहुँचको लागि संयुक्त कार्यक्रम अन्तर्गतको पहल**

# प्राक्कथन



कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) महिला तथा सिमान्तकृत समुदायको न्यायमा पहुँच अभिवृद्धिको लागि स्थापना कालदेखि नै कार्य गर्दै आईरहेको छ । यस संस्थाले युएन वुमन नेपाल (UN Women, Nepal) को आर्थिक सहयोगमा मधेस प्रदेश र सुदुरपश्चिम प्रदेशका ३ वटा जिल्लाहरु सर्लाही, कैलाली र डोटीमा क्रमशः स्थानीय साझेदार संस्थाहरु ग्रामीण सामुदायिक विकास केन्द्र (VCDC), सम विकास केन्द्र (EDC) र दलित महिला अधिकार मञ्च (DWRF) को सहकार्यमा सन् २०१९ जुनदेखि डिसेम्बर २०२१ सम्म महिलाको न्यायमा पहुँच परियोजना सञ्चालन गरेको थियो । उक्त परियोजनाको सफलता पश्चात सन् २०२२ जुनदेखि सर्लाहीमा ग्रामीण सामुदायिक विकास केन्द्र (VCDC), र कैलालीमा दलित महिला अधिकार मञ्च (DWRF) संगको सहकार्यमा "महिलाको न्यायमा पहुँच परियोजना, दोस्रो फेज" को सञ्चालन गर्दै आएको छ । यो परियोजना स्विडिस अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (SIDA) को सहयोगमा युएन वुमन, आईसिजे र ओ एच सी एच आर द्वारा कार्यान्वयन गर्दै आएको महिलाको न्यायमा पहुँच सम्बन्धी संयुक्त कार्यक्रम अन्तर्गत पर्दछ । यस परियोजना मार्फत् उपरोक्त तीनवटा जिल्लाहरुको तेह्र वटा स्थानीय निकायहरुका न्यायिक समिति तथा कर्मचारी, वडा जनप्रतिनिधि, मेलमिलापकर्ता, अनौपचारिक न्यायकर्ता (भलमन्सा र पन्चेती) तथा स्थानीय स्तरका संस्था, समूह तथा सञ्जाल, महिला मानव अधिकारकर्मीहरुको वकालत सम्बन्धी क्षमता अभिवृद्धि गर्दै उनीहरुको व्यवहारमा परिवर्तन गर्न रिफलेक्टिभ संवाद, प्रविधिमा पहुँच र प्रयोगका लागी क्षमता अभिवृद्धि गर्दै आएको छ । स्थानीय स्तरमा रहेका न्यायिक निकायहरुलाई लैंङ्गिक उत्तरदायी बनाउनका निमित्त क्षमता अभिवृद्धि तालिम, अन्तरक्रिया, संवाद, रिफरल र समन्वय गर्न सफल भएको छ । यसका साथै परियोजनाले लैंङ्गिक विभेद र रुढिवादी मूल्यमान्यताले महिला तथा सिमान्तकृत वर्गको न्यायमा पहुँचमा पारेको असर कम गर्ने उद्देश्यले रेडियो कार्यक्रम मार्फत् सचेतना, संवाद तथा अन्तरक्रिया कार्यक्रमको आयोजना, लैंङ्गिक तथा घरेलु हिंसाका पीडितलाई निःशुल्क कानुनी सहायता, न्यायिक समितिलाई कानुनी सल्लाहकारद्वारा प्राविधिक सहयोग, स्थानीय संघ-संस्था, समूह तथा सञ्जाललाई परिचालन गर्दै कार्यक्रमको सन्चालन गर्न आर्थिक सहयोग गर्दै आएको छ ।

नेपालको संविधान (२०७२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा नै ३ सदस्यीय न्यायिक समितिको व्यवस्था गरेको छ । यो नौलो प्रयास भएको कारण न्यायिक

समितिको काम, कर्तव्य, अधिकार तथा न्यायिक प्रकृया तथा कार्यविधिको सम्बन्धमा पूर्ण स्पष्टता तथा एकरूपता ल्याउन र विभिन्न जिल्लाहरुमा न्यायिक समितिलाई तालिम दिने क्रममा बारम्बार उठ्ने प्रश्नहरुलाई समेत मध्यनजर गरी सोको सम्बन्धमा जानकारी गराउने उद्देश्यले प्रश्नोत्तरको रूपमा सरल तथा पाठक उपयोगी यो स्रोत पुस्तिका प्रकाशित गरिएको छ । यो पुस्तिका सम्पूर्ण न्यायिक समितिका संयोजक, सदस्य, मेलमिलापकर्ता कर्मचारी तथा सेवा लिन आउनु हुने सेवाग्राहीहरुका लागि समेत उपयोगी हुनेछ । साथै अधिवक्ता, पारालिगल, अधिकारकर्मी लगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु समेतलाई उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु ।

अन्त्यमा, आर्थिक सहयोग प्रदान गर्नुहुने युएन वुमन, यो पुस्तक तयार गर्ने क्रममा प्राविधिक सल्लाह, सुझाव तथा निरन्तर सहयोग गर्नुहुने युएन वुमन नेपालका कार्यक्रम विश्लेषक (न्यायमा पहुँच) सुभा घले, निमित्त कार्यालय प्रमुख नवनीता सिन्हा, क्षेत्रीय कार्यालयका कार्यक्रम विज्ञ डोरीन बट्नर र प्राविधिक विज्ञ सुमेधा शाक्य प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । पुस्तक तयार गर्न प्राविधिक सहयोग दिनुहुने डा. मुक्ति रिजाल, पुस्तक समीक्षा गर्नुहुने युएन डि पी का पोर्टफोलियो म्यानेजर अधिवक्ता टेक टमाटा साथै पुस्तक समीक्षा र प्राविधिक सहयोग गर्नुहुने युएन वुमनको नारीवादी नेतृत्व परियोजनाका कानून विज्ञ अधिवक्ता इन्दु तुलाधरप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी यो पुस्तक तयार पार्ने कार्यमा सहयोग गर्नुहुने कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) का कार्यक्रम निर्देशक दिपक वस्याल, वरिष्ठ कानून अधिकृत अधिवक्ता चण्डेश्वरी तण्डुकार, वरिष्ठ कानून अधिकृत अधिवक्ता पुण्यशिला दवाडी, कानून अधिकृत अधिवक्ता शकुन्तला बस्नेत, कानून अधिकृत अधिवक्ता अन्जना न्यौपाने, अधिवक्ता पुष्प बिक्रम शाही र अनुगमन तथा मूल्याङ्कन अधिकृत रक्षा रिसालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा, दोस्रो संस्करण निकाल्न सहयोग गर्न हुने सरस्वति योन्जन, कार्यक्रम संयोजक र भाग्यश्री रावल, अनुगमन तथा मुल्यांकन अधिकृतलाई धन्यवाद दिन चाहन्छु । यस प्रकाशनबाट न्यायिक समितिका पदाधिकारीहरु सु-सूचित भई लैङ्गिक उत्तरदायी न्याय सम्पादन गर्न नयाँ आयाम थपिने छ भन्ने विश्वास लिएको छु ।



अनिता न्यौपाने थपलिया

कार्यकारी अध्यक्ष, ल्याक

# विषय-सूची

**परिच्छेद १:** ........................................ १-६
कानुनी शब्दावली र परिभाषा

**परिच्छेद २:** ........................................ ७-३०
न्यायिक समिति मार्फत् लैंगिक उत्तरदायी न्यायको प्रवर्द्धन

**परिच्छेद ३:** ........................................ ३१-३५
संघीय शासन स्वरूप, स्थानीय निकाय र कानून निर्माण क्षेत्राधिकार तथा प्रकृया

**परिच्छेद ४:** ........................................ ३५-४४
न्यायिक समितिको न्यायिक अधिकार क्षेत्र

**परिच्छेद ५:** ........................................ ४५-७५
न्यायिक समितिद्वारा हेरिने मुद्दाहरुमा कानुनी हदम्याद सम्बन्धी व्यवस्था

**परिच्छेद ६:** ........................................ ७६-९२
न्यायिक समितिद्वारा हेरिने मुद्दामा न्यायिक प्रकृया

**परिच्छेद ७:** ........................................ ९३-११७
मेलमिलापबाट निरूपण गर्ने मुद्दामा न्यायिक प्रकृया

**परिच्छेद ८:** ........................................ ११८-१२५
न्यायिक समिति, विवाद निरूपण र अन्य सरोकारवालाहरु बीच समन्वय र सम्बन्ध

**सन्दर्भ सामग्री** ........................................ १२६

# परिच्छेद १

## कानुनी शब्दावली र परिभाषा

गाउँपालिका तथा नगरपालिकाहरुले न्यायिक अधिकारको प्रयोग गर्ने क्रममा प्राय:जसो प्रयोग हुने कानुनी शब्दावलीहरु र तिनको अर्थ तल उल्लेख गरिएको छ ।

"**नालिस**" भन्नाले कुनै विवादको विषयमा दिएको फिराद पत्र भन्ने बुझिन्छ । सो शब्दले कुनै किसिमको उजुरी, दाबी, प्रतिदाबी वा निवेदन समेतलाई जनाउँछ ।

"**उजुरी**" भन्नाले न्यायिक समितिमा दायर हुने फिरादपत्र भन्ने सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार वादी भएको फौजदारी कसुरको सम्बन्धमा अभियोग पत्र भन्ने बुझिन्छ भने अन्य मुद्दाका सम्बन्धमा सो विषयसँग सम्बन्धित प्रतिवेदन समेतलाई जनाउँछ ।

"**फिरादपत्र**" भन्नाले कुनै विषयमा आफ्नो हक, हित वा सरोकार कायम गर्न, वा दावी कार्यान्वयन गर्न माग गरी पेश गरेको उजुरी, नालिस, दाबी वा निवेदन, अभियोगपत्र वा प्रतिवेदन भन्ने बुझिन्छ । सो शब्दले फिरादपत्र सरहको बयान वा देवानी मुद्दामा प्रतिउत्तर पत्रमा उल्लेख गरिएको प्रतिदाबी समेतलाई जनाउँछ ।

"**वादी**" भन्नाले न्यायिक समितिमा कसैउपर फिरादपत्र, निवेदन, उजुरी वा नालेस दिने व्यक्ति वा संघसंस्था भन्ने बुझिन्छ ।

"**प्रतिवादी**" भन्नाले प्रतिउत्तरपत्र पेश गर्ने व्यक्ति वा वादी वा उजुरीकर्ताले विपक्षी बनाएको व्यक्ति वा जसको विरुद्ध उजुरी गरेको छ, त्यस्तो व्यक्ति वा संघ-संस्था भन्ने बुझिन्छ । सो शब्दले प्रतिवादी सरह बयान गर्ने वा अदालतको आदेश बमोजिम प्रतिवादी कायम गरेको व्यक्तिसमेत बुझिन्छ ।

"**प्रतिउत्तर-पत्र**" भन्नाले फिरादपत्रको दाबी स्वीकार गरी वा इन्कार गरी न्यायिक समितिमा पेश गरेको लिखित जवाफ वा लिखित प्रतिवाद भन्ने बुझिन्छ । सरकार वादी हुने फौजदारी मुद्दामा भने प्रतिवादी वा अभियुक्तको बयानलाई प्रतिवादको रूपमा लिन पनि सकिन्छ ।

"**प्रतिदाबी**" भन्नाले वादीले गरेको दाबी उपर प्रतिवादीले गरेको दाबी भन्ने

बुझिन्छ ।

"**हकदैया**" भन्नाले सम्बन्धित फिरादपत्र दायर गर्न चाहने व्यक्तिलाई कुनै दाबी लिन निजलाई कानूनले दिएको अधिकार वा त्यस्तो दाबी लिन पाउने निजको कानूनसम्मत हक वा सरोकारको विषय भन्ने बुझिन्छ ।

"**हदम्याद**" भन्नाले कुनै मुद्दा मामिला गर्न न्यायिक समितिमा पुगिसक्नुपर्ने कानूनले तोकेको कुनै  निश्चित समयावधि सम्झनुपर्दछ । अथवा, कानूनतः आफूलाई प्राप्त भएको हक अरुद्वारा हनन् वा आघात पारिएमा मर्का पर्ने पक्षले त्यति समयभित्र अदालत समक्ष दाबी गर्नुपर्नेछ भनी कानूनद्वारा तोकिएको समयावधि भन्ने बुझिन्छ ।

"**मुद्दा दर्ता किताब**" भन्नाले न्यायिक समितिमा मुद्दा दर्ता गर्न राखिएको दायरी किताब सम्झनुपर्दछ ।

"**दरपीठ**" भन्नाले कानून बमोजिम दर्ता गर्न नसकिने वा नमिल्ने (जस्तैः हदम्याद वा म्यादभित्र नभएको, सम्बन्धित अदालतको अधिकार क्षेत्रभित्र नरहेको, रीत नपुगेको) लिखतमा सम्बन्धित अधिकृतले दर्ता गर्न नसकिनाको आधार र कारण खुलाई आफ्नो हस्ताक्षर गरी सोही लिखतको पीठमा वा अन्य कुनै भाग वा छुट्टै कागजमा गरेको आदेश भन्ने बुझिन्छ ।

"**म्याद**" भन्नाले मुद्दाको रोहमा कुनै व्यक्तिको नाममा न्यायिक समितिबाट मिति समेत किटान गरी जारी गरिने रितपूर्वकको सूचना वा इतलायनामा वा समाह्वान भन्ने बुझिन्छ ।

"**तामेली**" भन्नाले अदालत वा न्यायिक समितिको क्षेत्राधिकारभित्र दर्ता भएका विवादहरुमा सम्बन्धित पक्षलाई बुझाईने म्याद, सूचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक बुझाउने कार्यलाई सम्झनुपर्छ ।

"**तारेख**" भन्नाले अदालत वा न्यायिक समिति समक्ष मर्का पर्ने व्यक्तिले नालेस दर्ता गरिसकेपछि पक्ष/विपक्षलाई पूनः अर्को पटक उपस्थित हुनको लागि अदालत वा न्यायिक समितिबाट तोकिएको मिति वा दिन भन्ने बुझिन्छ । यो प्रकृया मुद्दाको अन्तिम किनारा वा फैसला नहुञ्जेलसम्म लगातार चलिरहन्छ ।

"**तारेखपर्चा**" भन्नाले अड्डा, अदालत वा न्यायिक समिति समक्ष नालेस दर्ता

भैसकेपछि पक्ष /विपक्षलाई अदालत वा न्यायिक समिति समक्ष पून: उपस्थितिको लागि वादी/प्रतिवादीको नाम, मुद्दाको नाम र मुद्दा नम्बर, मिति, गते र बार समेत उल्लेख गरी लेखेर दिएको पर्चा वा कागज भन्ने बुझिन्छ ।

"**क्षेत्राधिकार**" भन्नाले मुद्दाको विषयवस्तुको प्रकृतिको आधारमा कारवाही, सुनुवाई र किनारा गर्न कुनै अदालत वा निकायलाई कानून बमोजिम दिएको अधिकार सम्झनु पर्दछ ।

"**मेलमिलाप**" भन्नाले  पक्षहरुले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको निरूपण गर्ने प्रक्रिया भन्ने बुझिन्छ ।

"**बकपत्र**" भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रूपमा अदालतमा उपस्थित भई व्यक्त गरेका कुरा लेखिने वा लेखिएको कागज भन्ने बुझिन्छ ।

"**निर्णय किताब**" भन्नाले समितिले उजुरी उपर गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको किताव हो । यस किताबमा उजुरीमाथि गरेको निर्णयको व्यहोरा र त्यसको आधार तथा कारण सहित संक्षिप्त व्यहोरा उल्लेख गरेको हुन्छ ।

"**बयान**" भन्नाले न्यायिक समितिमा वादी प्रतिवादी वा अभियुक्तले मुद्दा वा अपराध सम्बन्धी इन्कारी वा साविती भई गरी दिने कागज, पेटबोलीबाट बुझिएको वा कारणी सरहको व्यक्तिले गरी दिएको कागज सम्झनुपर्छ ।

"**मूल्तवी**" भन्नाले भिन्न भिन्न अदालतमा दायर भई विचाराधिन रहेका भिन्न भिन्न मुद्दाहरु मध्ये कुनै  एक अदालतमा रहेको मुद्दाको किनारा नभई अर्को अदालतमा रहेको मुद्दाको किनारा हुन नसक्ने वा गर्न नहुने भएमा वा कुनै एउटा मुद्दाको किनारा गर्दा अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने अवस्था देखिएमा असर पार्ने मुद्दाको फैसला नभएसम्म अन्य मुद्दाको कारवाही स्थगित गर्ने कार्य वा रोक्ने प्रकृयालाई मूल्तवी भन्ने बुझिन्छ ।

"**बन्द ईजलास**" भन्नाले कानूनले वर्गीकरण गरेका खास प्रकृतिका मुद्दाहरुमा पीडित पक्षको  गोपनीयताको हकको सुनिश्चितता गर्न सुनवाईको क्रममा वादी, प्रतिवादी, सरकारी वकिल, सम्बद्ध पक्षहरुका कानून व्यवसायीहरुलाई मात्र इजलास समक्ष प्रवेश गर्न अनुमती दिई सुनुवाई गरिने (प्रकृया) भन्ने बुझिन्छ ।

"**सालवसाली**" भन्नाले हरेक वर्षको लागि छुट्टा-छुट्टै हुने गरी प्रतिवर्षको निमित्त स्थायी रूपमा तय गरिएको शर्त भन्ने बुझिन्छ ।

“**पेशी**” भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरूमा पक्षहरूलाई उपस्थित गराई सुनुवाइ गर्ने काम भन्ने बुझिन्छ ।

“**पन्चकृति मोल**” भन्नाले पञ्च भलाद्मीले सम्पत्तिको स्थलगत तथा स्थानीय अवलोकन मूल्यांकन गरी बिक्री वितरण हुनसक्ने उचित ठहराएर निश्चित गरेको मूल्य भन्ने बुझिन्छ ।

“**जमानत**” भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई अड्डा अदालत वा न्यायिक समितिले चाहेको बखतमा उपस्थित वा हाजिर गराउन लिएको जिम्मा वा उत्तरदायित्व भन्ने बुझिन्छ ।

“**चलन चलाईदिने**” भन्नाले अन्तिम निर्णय वा फैसला पश्चात् हक अधिकार प्राप्त भएको व्यक्तिलाई फैसला बमोजिमको कुनै वस्तु वा सम्पत्ति भोग गर्न अवरोध हटाइदिने वा भोग गर्नका लागि उपयुक्त वातावरण मिलाइदिने कार्य सम्झनु पर्दछ ।

“**इजलास**” भन्नाले कुनै मुद्दाको सुनुवाई, आदेश वा फैसला गर्नका लागि तोकिएको वा निर्माण गरिएको स्थान भन्ने बुझिन्छ ।

“**रोहवरमा राख्नुपर्ने**” भन्नाले कुनै काम कारवाही गर्दा कानूनले निर्धारण गरेका व्यक्तिहरु सामुन्ने वा अघिल्तिर राखी उनीहरुको समेत सहिछाप गराई कार्य सम्पन्न गर्नुपर्छ भन्ने बुझिन्छ ।

“**पुनरावेदन**” भन्नाले तल्लो अदालतको निर्णय वा फैसलामा चित्त नबुझ्ने पक्षले सो निर्णय वा फैसला सच्चाउनको लागि आफ्नो जिकिर सहित माथिल्लो अदालत समक्ष जाने कानुनी प्रकृया सम्झनु पर्दछ ।

“**निर्णय**” निर्णय भन्नाले फैसला, ठहर, निस्कर्ष सम्झनु पर्दछ ।

“**आदेश**” भन्नाले सम्बन्धित अधिकारीले कुनै कार्य गर्न वा नगर्नका लागि दिएको आज्ञा, अह्राेट वा निर्देशन सम्झनु पर्दछ ।

“**अन्तरिम संरक्षणात्मक आदेश**” भन्नाले विवादका विषयमा अन्तिम निर्णय हुनु अघि विवादका पक्षलाई अन्याय पर्न नदिन वा संरक्षण गर्नका लागि न्यूनतम रूपमा आवश्यक पर्ने खान, लाउन, सुरक्षा तथा औषधोपचार लगायत कुनै काम गर्न वा थप कुटपीट वा घर निकाला आदि नगर्न गर्न दिइने आदेश हो ।

"**तोक**" भन्नाले न्यायिक समिति वा तोकिएको अधिकारी बाट गरिने लिखित आदेश वा यसो गर्नु वा नगर्नु भनेर तोक्ने काम सम्झनुपर्दछ ।

"**अङ्ग पुचाउने**" भन्नाले सबै प्रमाण संकलन गर्ने लगायत विवादमा निर्णय गर्नु अघि पूरा गर्नु पर्ने सवै कार्य सम्पन्न गर्ने कार्य सम्झनुपर्दछ ।

"**सारभूत समानता**" भन्नाले विभिन्न अवस्था र परिस्थितिका कारण मानिसहरुकाबीच (जस्तै लैङ्गिक आधारमा) भएको भिन्नतालाई पहिचान गरी परिणाममा समानता कायम गर्नुपर्छ भन्ने मान्यता हो । लैङ्गिक तटस्थ कानूनका आधारमा महिला र पुरुषलाई समान व्यवहार गर्नुपर्छ भन्ने औपचारिक समानताको अवधारणा भन्दा सारभूत समानताको अवधारणा फरक छ । सारभूत समानतामा परिणाममा समानता ल्याउनका लागि अन्यायमा परेका वर्गका लागि विशेष व्यवस्था वा व्यवहार गरेर समताको आधारमा परिणाममा समानता ल्याउने प्रयास गरिन्छ । कानुनी समानता तथा अवसरमा समानतामा मात्र सिमित नभएर महिला तथा बहिष्कृत वर्गको जीवनमा र परिणाममा आउने समानतालाई समेत बुझाउँदछ ।

"**सामाजिक न्याय**" भन्नाले सबै व्यक्तिलाई समानरूपले स्रोत साधनको बाँडफाँड र समान व्यवहारका साथै सेवामा समान पहुँच तथा अवसर दिनुलाई जनाउँछ । सामाजिक न्याय हुनका निमित्त पहुँच, समता, सहभागीता र मानव अधिकार जस्ता चार सिद्धान्त हुनुपर्दछ ।[1]

"**पीडित**" भन्नाले त्यस्तो व्यक्ति वा समूहलाई जनाउँछ, जसलाई शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक हानी, वा राज्यको फौजदारी कानूनको उल्लंघन गरी व्यक्तिको मौलिक हक उपभोग गर्नबाट बन्चित गरिएको वा शक्तिको दुरूपयोग गरी पीडाको शिकार भएका व्यक्तिलाई जनाउँछ ।[2] 'पीडित' शब्द कानुनी तथा स्वास्थ्य क्षेत्रमा बढी प्रयोग हुने गर्दछ भने मनोसामाजिक तथा सामाजिक सेवाका क्षेत्रमा यसको सट्टा 'प्रभावित' भन्ने शब्द प्रयोग हुने गर्दछ । पीडित र प्रभावित शब्द कहिलेकाहीं पर्यायवाची शब्दका रूपमा पनि प्रयोग हुने गर्दछ ।

---

1 Four principles of Justice, Four Principles of Social Justice - Human Rights Careers, accessed on 2 Nov 2021

2 Himal Innovative Development & Research Pvt. Ltd & Forum for Women, Law and Development, Nepal's Gender-based Violence and Gender Equality Funds: The Path to Effective Implementation: Policy Brief, 2021, available at: https://asiapacific.unwomen.org/en/digital-library/publications/2021/06/the-path-to-effective-implementation , accessed on 7 Sept 2021

"**लैङ्गिक उत्तरदायी न्याय**" लैङ्गिक उत्तरदायी न्याय भन्नाले औपचारिक तथा अनौपचारिक न्यायिक निकायबाट महिला, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, तथा यौन विशेषता भएका व्यवक्तिहरुको लागि बाधा अवरोध रहित तबरले सहजरुपमा, न्यायोचित, सम्मानजनक, पहुँचयोग्य, गुणस्तरिय, जवाफदेहितापूर्ण, उपचार तथा क्षतिपुर्ति सहिते प्रदान गरिने न्यायलाई लैङ्गिक उत्तरदायी न्याय भनिन्छ ।

"**न्यायमा पहुँच**" न्यायमा पहुँच कानुनको शाासनको सामान्य सिद्धान्त हो । मानव अधिकारका मापदण्डहरु अनुकुल, स्वच्छ, निष्पक्ष, पारदर्शी, प्रभावकारी, भेदभाव रहित तवरले औपचारिक वा अनौपचारिक न्यायिक संस्था वा संयन्त्रको माध्यमबाट उत्तरदायी तवरले  उपचार खोज्ने र पाउने क्षमतालाई न्यायमा पहुँच भनिन्छ ।[3]

◆◆◆

3 https://www.un.org/ruleoflaw/thematic-areas/access-to-justice-and-rule-of-law-institutions/access-to-justice/

# परिच्छेद २

## न्यायिक समिति मार्फत् लैङ्गिक उत्तरदायी न्यायको प्रवर्द्धन

### १. लैङ्गिक उत्तरदायी न्याय भनेको के हो ?

कानून, न्यायिक निकायहरु, न्यायिक प्रक्रिया र न्यायिक परिणामले कुनै पनि व्यक्तिलाई लिङ्गका आधारमा भेदभाव नगर्नु लैङ्गिक उत्तरदायी न्याय हो । सारभूत समानताको विषय लैङ्गिक उत्तरदायी न्यायको अवधारणामा केन्द्रित हुन्छ किनभने यसले 'परिणाममा समानता' खोज्दछ। नेपालले सन् १९९१ एप्रिल २२ मा अनुमोदन गरेको महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिका अनुसार सारभूत समानता भनेको समानताको त्यस्तो ढाँचा हो, जसले विभिन्न अवस्था वा परिस्थितीका कारण लिङ्गहरुका बिच फरक रहेको कुरालाई पहिचान गर्दछ । लैंङ्गिक तटस्थ कानूनका आधारमा महिलालाई पुरुष समान व्यवहार गर्नुपर्दछ भन्ने औपचारिक समानताको अवधारणा भन्दा सारभूत समानताको अवधारणा फरक छ ।

सारभूत समानताको विषय सबैका लागि समान कानूनहरु बनाउने वा समान अवसरहरु प्रदान गर्ने भन्ने विषयमा मात्र सिमित छैन। यसले महिला र सिमान्तकृत वर्गहरुले यथार्थमा प्राप्त गर्ने समानता र परिणाममा हुने समानतालाई जनाउँदछ। सारभूत समानताको ढाँचाले लिङ्गका आधारमा हुने न्यायमा पहुँचका अवरोधलाई हटाउन र लैंङ्गिक उत्तरदायी न्याय प्रवर्द्धन गर्न जोड दिन्छ। यी अवरोधहरु अक्सर जात-जाति, भौगोलिक उपस्थिति, अपाङ्गगता र लैङ्गिक पहिचान जस्ता भेदभाव हुने आधारहरुसँग जोडिएका हुन्छन् ।

लैंङ्गिक उत्तरदायी न्यायले लिङ्गका आधारमा व्यक्तिमाथि हुने संरचनागत गतिरोध, नियन्त्रण र भेदभावलाई पहिचान गरी त्यस्तो अवस्था हुन नदिन ध्यान पुराउनु पर्नेमा जोड दिन्छ । लैंङ्गिक पूर्वाग्रह र अन्य किसिमका विभेदले सृजना गरेका चुनौतीहरुका कारण  मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न र न्यायमा पहुँच सुदृढ गर्न सुधारात्मक उपायहरु सहितको लैंङ्गिक उत्तरदायी रणनीतिहरु विकास गर्नुपर्दछ ।

## २. महिलाहरुको न्यायमा पहुँचका लागि छ वटा अन्तरसम्बन्धित र आवश्यक तत्वहरु के–के हुन् ?

महिला तथा फरक यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता भएका व्यक्तिहरु  अनौपचारिक न्यायिक निकायबाट बाधा अवरोध रहित तबरले सहजरुपमा, न्यायोचित, सम्मानजनक, पहुँचयोग्य, गुणस्तरिय, जवाफदेहितापूर्ण, उपचार तथा क्षतिपुर्ति सहित प्रदान गरिने न्यायलाई लैंङ्गिक उत्तरदायी न्याय हो । महिलाहरुका लागि लैङ्गिक उत्तरदायी न्याय सुनिश्चित गर्न छ वटा अन्तरसम्बन्धित तत्वहरु आवश्यक हुन्छ जसअन्तर्गत न्यायोचित, उपलब्धता, पहुँचयोग्यता, गुणस्तरियता, उपचारको व्यवस्था र जवाफदेहिता पर्दछन् ।[4]

प्रत्येक तत्वको संक्षिप्त परिभाषा देहाय बमोजिम छन्:

### न्यायोचित

न्यायोचित भन्नाले महिलाले कुनै बाधा बिना न्यायमा पहुँच पाउनुपर्छ भन्ने मान्यता हो र यसले आफ्नो कानुनी अधिकार दाबी गर्नसक्ने क्षमता तथा सशक्तिकरण समेतलाई जनाउँदछ ।

### उपलब्धता

उपलब्धता भन्नाले न्यायिक, अर्ध न्यायिक निकाय तथा अन्य निकायहरु शहरी, ग्रामीण तथा दुर्गम क्षेत्रहरु लगायत राज्यभरी निर्माण हुनुपर्दछ र तिनको मर्मतसम्भार र आवश्यक बजेट विनियोजन समेतका कुरालाई जनाउँदछ ।

### पहुँचयोग्य

पहुँच योग्य भन्नाले राज्यका न्यायिक तथा अर्धन्यायिक निकायहरु महिलाका लागि सुरक्षित, सस्तो र भौतिक रूपमा पहुँचयोग्य हुनुपर्दछ र यसले हरेक वर्गका महिलाहरुको बहुआयामिक पहिचानका कारण विभेदमा परेका छन् भने पनि उनीहरुको आवश्यकतालाई उचित तरिकाले सम्बोधन गर्ने हुनुपर्दछ भन्ने मान्यता राख्दछ ।

गुणस्तरियता गुणस्तरियता भन्नाले न्याय प्रणालीका सबै अवयवहरुले सक्षमता,

4 Committee on the Elimination of Discrimination against Women, General Recommendation 33 on Women's Access to Justice, CEDAW/C/GC/33, 23 July 2015, https://tbinternet.ohchr.org/Treaties/CEDAW/Shared%20Documents/1_Global/CEDAW_C_GC_33_7767_E.pdf, accessed on 10 August 2021

प्रभावकारीता, निष्पक्षता, तथा स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने र समयमा नै कार्यान्वयन हुने उपयुक्त र प्रभावकारी उपचार दिनसक्नुपर्ने मान्यता राख्दछ, साथै यसले महिलाका लागि विवादहरुको समाधान गर्दा दीर्घकालिन र लैङ्गिक संवेदनशीलतालाई समेत ध्यान दिनुपर्ने कुरामा जोड दिएको छ ।

**उपचारको व्यवस्था**

उपचारको व्यवस्था भन्नाले न्याय प्रणालीबाट महिला र सिमान्तकृत वर्गका व्यक्तिहरुका लागि उनीहरुले भोग्नु परेको कुनै क्षति बापत उचित सुरक्षा र अर्थपूर्ण परिपूरण प्राप्त गर्नसक्ने व्यवस्थालाई बुझाउँदछ ।

**जवाफदेहिता**

न्याय प्रणालीको जवाफदेहिता सुनिश्चित गर्न न्यायिक निकाय र कानून व्यवसायीहरुले माथि उल्लिखित पाँचवटा मापदण्डहरु न्यायोचित, उपलब्धता, पहुँचयोग्यता, गुणस्तरियता, र उपचारको व्यवस्था बमोजिम काम गरेको छ कि छैन भनेर अनुगमन गर्न आवश्यक हुन्छ ।

### ३. लैंङ्गिक समानता र महिला सशक्तिकरणका विषयमा प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड के–के छन् ?

संयुक्त राष्ट्रसंघको साधारण सभाले महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women – CEDAW -सिड) लाई सन् १९७९ डिसेम्बर १८ मा पारित गरेको हो । यो महिला अधिकार सम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि हो र यसलाई महिलाहरुको अन्तर्राष्ट्रिय अधिकारपत्र (Women's Bill of Rights) पनि भनिन्छ ।[5] यस महासन्धिले महिला विरुद्ध हुने भेदभावको विस्तृत परिभाषा गरी प्रत्येक राष्ट्रमा महिला विरुद्ध हुने भेदभाव अन्त गर्न आवश्यक कदम चाल्नुपर्ने राज्यको दायित्व तोकेको छ ।

नेपालले यस महासन्धिलाई बिना कुनै शर्त सन् १९९१ एप्रिल २२ मा अनुमोदन गरी महासन्धि अन्तर्गतका सबै दायित्वहरु पालना गर्ने प्रतिबद्धता जनाएको छ ।

---

5 All the CEDAW-related resources, including the 2018 CEDAW Concluding Observations, are available (with free downloads) in both English and Nepali on the website of National Women's Commission, Key Resources related to CEDAW - **राष्ट्रयि महलिा आयोग** (nwc.gov.np), accessed on 10 August 2021. Also see the Preamble of **CEDAW**, 18 December, 1979, CEDAW N (lawcommission.gov.np), accessed on 10 August 2021

महासन्धिको पक्षराष्ट्र भएका कारण नेपालले महिलाहरुलाई पुरुष समान मानव अधिकार उपभोग गर्ने सुनिश्चितता गर्न, पुरुष र महिलाका रुढिवादी भूमिकाहरुको अन्त्य गर्न, सार्वजनिक जीवनमा महिलाको समान सहभागिताको सुनिश्चितता गर्न, महिलालाई सबै मानव अधिकार र आधारभूत स्वतन्त्रता उपलब्ध गराउन आवश्यक कानुनी, न्यायिक, प्रशासनिक र संस्थागत व्यवस्थाहरुका साथै अस्थायी विशेष व्यवस्थाहरु गर्न र महिलाको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कदमहरु चाल्नुपर्ने हुन्छ ।

यस महासन्धि अन्तर्गत महिला विरुद्ध हुने भेदभाव उन्मूलन समिति गठन भएको छ, जसले महासन्धि अन्तर्गतका व्यवस्थाहरुको कार्यान्वयन अवस्थाका बारेमा अनुगमन गर्ने, प्रत्येक सदस्य राष्ट्रले बुझाएको आवधिक प्रतिवेदनको पुनरावलोकन गर्ने र सम्बन्धित राष्ट्रलाई सुझाव सहित निस्कर्ष टिप्पणी दिने कार्य गर्दछ । यस समितिले नेपालले बुझाएको छैठौं आवधिक प्रतिवेदनमाथि सन् २०१८ नोभेम्बर १२ मा सुझाव सहित निस्कर्ष टिप्पणी दिएको छ । पक्ष राष्ट्र भएको नाताले यस समितिबाट प्राप्त सुझावहरुको कार्यान्वयन गर्नु नेपालका लागि कानुनी र नैतिक जिम्मेवारी हो ।

### ४. के स्थानीय सरकार र न्यायिक समितिहरुले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरुको पालना गर्ने दायित्व राख्दछ ?

नेपालको संघीय संरचना अनुसार तीन तहका सरकार - संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको बाँडफाँड भएको छ । यस कारण नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरुको पालना गर्ने दायित्व यी तीन तहका सरकारहरुमा रहन्छ । लैंङ्गिक समानता र महिला सशक्तिकरणको सन्दर्भमा सिड महासन्धिका व्यवस्थाहरु र यस अन्तर्गतको समितिले नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको सुझावहरुको कार्यान्वयन गर्नु तीनै तहका सरकारहरुको दायित्व हो ।[6]

6 राष्ट्रिय महिला आयोग, संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मूलन समितिले नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निस्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाबारे अध्ययन प्रतिवेदन, राष्ट्रिय महिला आयोग, काठमाडौं, २०७८, https://nwc.gov.np/en/resources/publication/ (हेरेको मिति: २०७८।५।१२)

## ५. महिलाको न्यायमा पहुँच भनेको के हो ?

महिलाको न्यायमा पहुँच भनेको विभिन्न सामाजिक र आर्थिक अवस्थाका वा विभिन्न पहिचान समूहका महिलाहरुलाई उनीहरुको अधिकारको संरक्षण गर्न, शक्तिको दुरूपयोग रोक्न र विवादको समाधान गर्न निस्पक्ष, प्रभावकारी, सस्तो र जवाफदेही न्यायिक संयन्त्रमाथि पहुँच सुनिश्चित गर्नु हो । यस अन्तर्गत महिलाहरुले औपचारिक र अनौपचारिक न्याय प्रणाली मार्फत् निस्पक्ष र न्यायोचित उपचारको खोजी गर्ने र प्राप्त गर्ने क्षमता पर्दछ, साथै कानून निर्माण प्रकृया र संस्थाहरुमा प्रभाव पार्ने र संलग्न हुने महिलाहरुको क्षमता समेतलाई जनाउँदछ ।[7] न्यायमा पहुँच आधारभूत मानव अधिकार हुनुका साथै अन्य मानव अधिकारहरुको कार्यान्वयनको माध्यम पनि हो । उच्च तहको गरिबी र परिवार तथा समुदायमा भएको शक्ति गतिशिलताका कारण महिलाको न्यायका आवश्यकता र अनुभव पुरुषको भन्दा फरक हुनसक्दछ ।

## ६. दिगो विकास लक्ष्यसाग महिलाको न्यायमा पहुँच कसरी जोडिएको छ ?

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा गरिबीको अन्त्य, पृथ्वी ग्रहको संरक्षण र सबै मानिसले शान्ति र समृद्धि हासिल गर्न विश्वव्यापी रूपमा कदम चलाउन गरेको पहलका रूपमा सन् २०१५ मा दिगो विकास लक्ष्य पारित गरेको छ । गरिबी निवारण र मानव अधिकार प्रवर्द्धन, लैंङ्गिक समानता, सुशासन, अर्थपूर्ण सहभागिता र कानूनको शासनका लागि दिगो विकास लक्ष्य अन्तर्गत १७ वटा अन्तरसम्बन्धित लक्ष्यहरु रहेका छन् ।

लैंङ्गिक समानता र महिलाको न्यायमा पहुँचको अधिकारलाई दिगो विकास लक्ष्य अन्तर्गत गरिबीको अन्त्य, पृथ्वीको संरक्षण र शान्ति र समृद्धिका लागि आवश्यक रहेको कुराको पहिचान गर्दै यसको लक्ष्य १६ ले शान्ति, न्याय र सुदृढ संस्थाहरुको निर्माणको लक्ष्य राखेको छ । लैंङ्गिक समानता प्रवर्द्धन गर्ने कुरा सबै दिगो विकास लक्ष्यहरुसँग सम्बन्धित भए तापनि यसको लक्ष्य ५ ले लैंङ्गिक समानता हासिल गर्ने ठोस लक्ष्य राखेको छ । यस लक्ष्य अनुसार महिलाहरु र बालिकाहरुका विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त गर्ने कुरा आधारभूत मानव अधिकार मात्र नभएर दिगो विकासका लागि पनि अत्यावश्यक छ ।

---

7 UNWOMEN, UNDP, UNODC, and OHCHR, *A Practitioner's Toolkit on Women's Access to Justice Programming*, 2018, wa2j-complete-toolkit-en.pdf (unwomen.org), accessed on 10 August 2021.

नेपालले देशभित्र आमुल परिवर्तन गर्ने राष्ट्रिय प्रतिवद्धता सहित दिगो विकासको मुद्दा (Agenda for Sustainable Development), २०३० अवलम्बन गरेको छ । नेपालको राष्ट्रिय विकास योजनामा दिगो विकास लक्ष्यहरुलाई समायोजना गरिएको छ। नेपालले दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र २०१६-२०३०, दिगो विकास लक्ष्य: आवश्यकताको मूल्यांकन, मूल्य र बजेट बिनियोजन रणनीति र दिगो विकास लक्ष्यको स्थानीयकरण निर्देशिका तयार गरेकोछ ।[8] दिगो विकासका प्रयासहरुको विश्वव्यापिकरण र समतापूर्ण र समावेशी परिणाम हासिल गर्न प्रदेश र स्थानीय तहमा समेत दिगो विकास लक्ष्यहरुको स्थानीयकरण गरिनुपर्छ । यसका लागि प्रत्येक प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्यमा आधारित प्रदेश/स्थानीय विकास रणनीति तयार गर्न आवश्यक छ ।[9]

### ७. नेपालमा महिलाहरुलाई न्यायमा पहुँच प्राप्त गर्न के कस्ता अवरोधहरु रहेका छन् ?

नेपालमा महिलाको न्यायमा पहुँचमा विभिन्न अवरोधहरु रहेका छन् । संस्थागत र कानुनी तहमा रहेका लैंङ्गिक विभेदपूर्ण कानूनहरु र कार्यविधिहरु, कानूनहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, पर्याप्त जवाफदेही संयन्त्रहरु नहुनु, कर्तव्य पालनागर्ने व्यक्तिहरु र सेवा प्रदायकहरुमा क्षमताको कमी, न्याय क्षेत्रमा सेवा प्रदायकहरुका रूपमा महिलाहरुको सहभागिता न्यून हुनु, र न्यायिक क्षेत्रका व्यक्तिहरुमा लैंङ्गिक रुढिवादी सोच र पूर्वाग्रह हुनु महिलाको न्यायमा पहुँचका केही अवरोधहरु हुन् । सामाजिक, आर्थिक र साँस्कृतिक तहमा न्यायमा पहुँचका अवरोधहरु अन्तर्गत सेवाग्राही र अधिकार प्राप्त सर्वसाधारण व्यक्तिहरुलाई आफ्नो कानुनी अधिकार, कार्यविधि र कानुनी उपचारका बारेमा जानकारी र सचेतनाको अभाव, कमजोर आर्थिक हैसियत, भाषाको समस्या र समाजमा विद्यमान लैङ्गिक रुढिबादी सोच र पूर्वाग्रह देखिन्छन् ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानले महिलाको न्यायमा पहुँचको अवस्था र यसका अवरोधहरु पहिचान गर्न २०७२ सालमा गरेको अध्ययनमा महिलालाई औपचारिक न्याय प्रणालीमा पहुँच उपलब्ध नहुनुका मुख्य अवरोधहरु देहाय बमोजिम छन्: सेवा

8 https://sustainabledevelopment.un.org/memberstates/nepal, accessed on 30.8.2021.

9 National Planning Commission, *Nepal's Sustainable Development Goals: Baseline Report June 2017*, Government of Nepal, National Planning Commission, Kathmandu, Nepal, 2017, pg. 48, available at: https://www.npc.gov.np/images/category/SDGs_Baseline_Report_final_29_June-1(1).pdf, accessed on 7 September 2021.

प्रदायकहरुबाट भौगोलिक रूपमा टाढा बस्नु, जटिल र लामो न्यायिक कार्यविधि, आर्थिकरूपले सक्षम नहुनु, सहयोगका लागि कता जाने भन्ने जानकारी नहुनु, निवेदन दिएमा थप हिंसा हुने डर, परिवार वा समुदायले नस्विकार्ला भन्ने डर, भाषिक समस्या आदि छन् ।[10] यस अध्ययनमा संलग्न औपचारिक न्याय प्रणालीमा उजुरी दायर गरेका १४९७ महिलाहरु मध्ये एक तिहाई महिलाहरु (३४.७ प्रतिशत) ले महिला भएकै कारणले न्यायमा पहुँच प्राप्त गर्न विभिन्न समस्याहरु भोल्नुपरेको अनुभव बताए ।

यस अध्ययनले जम्मा एक तिहाई अदालतका सेवाग्राही महिलाहरुले मात्र निःशुल्क कानुनी सहायताका बारेमा जानकारी प्राप्त गरेको पाईयो जबकी लैंङ्गिक संवेदनशील मुद्दा व्यवस्थापन र कानूनी सहायताका सम्बन्धमा राज्यले विशेष व्यवस्था गरेको छ । त्यस्तै महिलासँग सम्बन्धित करिब ५० प्रतिशत मुद्दाहरुमा निरन्तर सुनुवाई अवलम्बन भएको र ४० प्रतिशत मुद्दाहरुमा बन्द इजलासबाट मुद्दाको सुनुवाई भएको यस अध्ययनले देखाएको छ ।

२०६९ सालमा तत्कालिन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (हाल महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय) ले गरेको अध्ययनमा संलग्न महिलाहरुमध्ये आधाभन्दा धेरै महिलाहरु (५०.७ प्रतिशत) आफ्नो जीवनकालमा हिंसाका शिकार भएको पाइयो । यी हिंसा पीडित महिलाहरु मध्ये दुई तिहाई (६७.७ प्रतिशत) ले कुनै पनि व्यक्ति वा निकायको सहयोग नलिएको पाईयो । सहयोग लिने हिंसा पीडित महिलाहरु मध्ये पनि अधिकांश महिलाहरुले परिवार र साथीहरुको सहयोग लिएको र ३.९ प्रतिशत महिलाहरुले मात्र औपचारिक न्यायिक निकायबाट कानुनी सहायता र न्यायिक उपचार प्राप्त गरेको देखियो ।[11]

तसर्थ लैंङ्गिक उत्तरदायी न्याय प्रदान गर्न महिला तथा सिमान्तकृत वर्गले न्यायमा पहुँच प्राप्त गर्न भोग्नुपरेका समस्याहरु र अवरोधहरुका बारेमा सूचना, तथ्यांक तथा प्रमाणहरुको संकलन र विश्लेषण गर्नु जरुरी छ ।

---

10 राष्ट्रिय न्यायिक प्रतिष्ठान, महिलाको न्यायमा पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं, २०७२, https://asiapacific.unwomen.org/-/media/field%20office%20eseasia/docs/publications/2016/09/research-report-on-womens-access-to-justice.pdf?la=en&vs=4041 (हेरेको मिति: २०७८।४।२६)

11 Mahesh Puri et al., *A Study on Advancing Justice Sector Reform to Address Discrimination and Violence against Women in Four Selected Districts of Nepal*,Ministry of Women, Children and Social Welfare, 2013, pg. 141, 145, http://crehpa.org.np/wp-content/uploads/2017/05/Baseline-Study-Justice-Sector-Reform-to-address-DVAW_English.pdf, accessed on 28 August 2021.

८. न्याय क्षेत्रमा आवद्ध व्यक्तिहरुले आफ्नो कार्य सम्पादनका क्रममा किन लैङ्गिक दृष्टिकोण राख्न आवश्यक हुन्छ ?

न्यायिक समिति लगायतका न्याय क्षेत्रमा आवद्ध व्यक्तिहरुले गर्ने सम्पूर्ण कार्य सम्पादनमा लैङ्गिक दृष्टिकोण राख्न आवश्यक हुन्छ । लैङ्गिक दृष्टिकोण राख्नाले न्याय क्षेत्रमा आवद्ध व्यक्तिहरुले:[12]

(क) लैङ्गिक मूल्यमान्यताबारे जानकार र सचेत भई महिलाका अपेक्षा, जिम्मेवारी र अवसरहरुको निर्वाह गर्न सक्दछन् ।

(ख) कानून, कानून प्रणाली र अभ्यासमा लिङ्ग वा लैङ्गिकताका आधारमा हुने फरक व्यवहारका श्रोतहरुको बारेमा पहिचान गर्न सक्दछन् ।

(ग) फरक व्यवहारका कारण समान रूपले संरक्षण भएको, अवसर र परिणाममा समानता ल्याएको छ वा विभेद भएको छ भन्ने बारेमा स्पष्ट हुनसक्दछन् ।

(घ) लिङ्ग वा लैङ्गिकताका आधारमा व्यक्तिहरुबीच फरक छुटाउने कार्यले भएको असर पहिचान गर्नसक्दछन् । जस्तो अधिकारहरुबाट बञ्चितिकरण गर्ने, असमान शक्ति सम्बन्ध कायम गर्ने, अधिकार र अवसरहरुमा फरक गर्ने आदि

(ङ) मुद्दामा कारवाही चलाउँदा वा मेलमिलापको प्रकृयामा, र तथ्य र प्रमाणको मूल्यांकन गर्दा लैंङ्गिक समानता, समान संरक्षण र अविभेद सुनिश्चित गर्न अवलम्बन गर्नसक्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनमा व्यवस्था भएका कानुनी सिद्धान्तहरु र कार्यविधिहरु (जस्तो: पुनस्थापकीय न्यायका सिद्धान्त र कार्यविधि) को पहिचान गर्न सक्दछन् ।

विवाद निरूपणमा लैंङ्गिक दृष्टिकोण राख्नाले लिङ्ग, लैङ्गिकता वा अन्तरसंम्बद्धताका आधारमा अधिकारहरुको संरक्षण नभएका व्यक्तिहरुको न्याय सम्पादनको प्रकृयामा समान अवसर, पहुँच र परिणाम सुनिश्चित हुन सक्दछ ।

---

12 International Commission of Jurists, *Bangkok General Guidance for Judges on Applying a Gender Perspective in Southeast Asia*, 2016, Southest-Asia-Bangkok-Guidance-Advocacy-2016-ENG.pdf (icj.org), accessed on 10 August 2021. P. 5

**९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक उत्तरदायी न्याय प्रदान गर्न कस्ता सकारात्मक व्यवस्थाहरु गरेका छन् ?**

न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र दफा ४७ (२) अन्तर्गतका विवादहरुमा न्यायिक कारवाहीबाट र मेलमिलापको माध्यमबाट विवाद निरूपण गर्ने अधिकार प्रयोग गर्दा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवाद वा पतिपत्नी बीचको विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसंग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्ने व्यवस्था रहेको छ ।

पीडितलाई तत्काल सुरक्षा, स्वास्थ्य उपचार वा आवासको सहयोग आवश्यक भएमा र न्यायिक समितिसमक्ष मुद्दा चल्दै गर्दा पीडितको अधिकारको संरक्षण गर्न समितिले अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्दछ । यस आदेशको कार्यान्वयनका लागि आवश्यक भएमा न्यायिक समितिले प्रहरीसँग समन्वय गर्न सक्दछ । यस आदेशको प्रभावकारी कार्यान्वयनका लागि न्यायिक समितिले आदेश कार्यान्वयनको अवस्थाका बारेमा थप बुझ्न आवश्यक हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(८) बमोजिम निम्न बमोजिम कार्य गर्न/गराउनका लागि अन्तरिम संरक्षणात्मक आदेश दिन सकिन्छ ।

- पीडितलाई निज बसिआएको घरमा बसोबास गर्न दिन, खानलाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,
- पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सोको व्यवस्था गर्न  र त्यसरी अलग बस्दा निजको भरपोषणको लागि उचित व्यवस्था गर्न,
- पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,
- पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउने सम्बन्धी आदेश पर्दछ ।

पतिपत्नी बीचको विवादमा पीडित तथा निजको नाबालक सन्तानको तत्काल संरक्षण, उनीहरुको सुरक्षा र अधिकारको प्रत्याभूति निमित्त यस प्रकारको अधिकार न्यायिक समितिलाई दिनुलाई महिला तथा बालबालिका बिरुद्ध हुने हिंसालाई

सम्बोधन गर्न एक महत्वपूर्ण प्रावधानका रूपमा लिन सकिन्छ । यसबाट पीडित र उनमा आश्रित परिवारका सदस्यको आवश्यकता बमोजिक तत्काल सुरक्षा, स्वास्थ्य उपचार र बस्ने आवासको व्यवस्था हुनसक्दछ ।

### १०. न्यायिक समितिले के कस्ता पारिवारिक विवादहरु हेर्न सक्दछ ?

न्यायिक समितिलाई १३ किसिमका विवादहरुमा न्याय निरूपण गर्न र ११ किसिमका विवादहरुमा मेलमिलाप गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र दफा ४७ (२) ले अधिकारक्षेत्र प्रदान गरेको छ । यद्यपि न्याय निरूपण गर्नसक्ने विवादहरुका सम्बन्धमा पनि पहिले न्यायिक समितिले मेलमिलाप मार्फत् विवादको समाधान गर्न खोज्नुपर्दछ ।[13]

न्याय निरूपण गर्नसक्ने १३ प्रकारका विवादहरुमध्ये न्यायिक समितिले सामान्यतया निम्नलिखित पारिवारिक विवादहरुमा मेलमिलाप हुन नसकेमा न्यायिक कारवाही गरी विवाद निरूपण गर्नुपर्दछ ।

(क) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(ख) नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान, लाउन वा शिक्षा दिक्षा नदिएको ।

त्यस्तै न्यायिक समितिले निम्नलिखित पारिवारिक विवादहरुको निरूपण मेलमिलाप मार्फत् गर्ने अधिकार राख्दछ ।

(क) पतिपत्नी बीचको सम्बन्ध विच्छेद (तर न्यायिक समितिले पतिपत्नी बीच सम्बन्ध विच्छेद नहुने गरी मात्र मेलमिलाप गराउन सक्दछ ।),

(ख) अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट,

(ग) गाली बेइज्जती,

(घ) प्रचलित कानून बमोजिम मेलमिलाप हुनसक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद (जस्तोः घरेलु हिंसा) ।

न्यायिक समितिले सम्बन्ध विच्छेद सम्बन्धी विवादमा पतिपत्नी बीच सम्बन्ध

---

13 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२)

विच्छेद नगर्ने गरी मात्र पक्षहरुलाई मेलमिलाप गराउन सक्दछ ।[14] अर्को शब्दमा भन्दा, न्यायिक समितिले विवादका पक्षहरुबीच सम्बन्धविच्छेद गराउने गरी मिलापत्र गर्न मिल्दैन । न्यायिक समितिमा गरिएको सम्बन्ध विच्छेदलाई कानुनी मान्यता प्राप्त हुँदैन । यदि पतिपत्नी बीचको विवादमा मेलमिलाप हुन नसकेमा न्यायिक समितिले विवादित पक्षहरुलाई सम्बन्धित जिल्ला अदालतमा जान सूचित गर्नुपर्दछ र मिसिललाई जिल्ला अदालतमा पठाउनुपर्दछ । तर सम्बन्ध विच्छेद सम्बन्धी विवादमा पक्षहरु न्यायिक समितिमा उजुरी नगरी सोझै सम्बन्धित जिल्ला अदालतमा फिराद लिएर जान चाहेमा सो पनि गर्न सक्दछन् ।[15]

न्यायिक समितिको अधिकारको सूचीमा नाबालक छोरा, छोरी वा पतिपत्नीलाई इज्जतआमद अनुसार खान लाउन वा शिक्षा-दीक्षा नदिएको र जेष्ठ नागरिकको पालन-पोषण तथा हेरचाह नगरेको सवालमा न्यायिक समितिले न्यायिक कारवाही मार्फत् विवादको निरूपण गर्नसक्दछ। यस अन्तर्गत विवादका पक्षलाई खानलाउनबाट बञ्चित गर्ने, बालबालिकालाई शिक्षा-दीक्षा नदिने र हेरचाह नगर्ने (विशेषगरी जेष्ठ नागरिक) विषयहरु पर्दछन् ।

न्यायिक समितिले घरेलु हिंसाका विवादमा पनि मेलमिलाप गराउन सक्दछन् ।[16] कुनै पनि व्यक्तिले घरेलु हिंसा भएको भएमा वा भइरहेको भएमा वा हुन लागेको भएमा न्यायिक समिति समक्ष उजुरी दिन सक्दछ ।[17] घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ ले स्थानीय सरकारलाई घरेलु हिंसाका उजुरीहरु दर्ता गर्ने र सुनुवाई गर्ने अधिकारक्षेत्र प्रदान गरेको छ । यस ऐनले स्पष्ट रूपमा न्यायिक समिति उल्लेख नगरेको भए तापनि ऐनको व्यवस्थाको वृहत व्याख्याले न्यायिक समितिलाई घरेलु हिंसाका उजुरीहरु सुन्ने अधिकार दिएको छ किनभने स्थानीय सरकार सञ्चालन

---

14 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२): न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ । (ग) पतिपत्नी बीचको सम्बन्धविच्छेद तर पतिपत्नी बीचको सम्बन्धवि( वच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।
न्याय सेवा तालिम केन्द्र, विवाद समाधानमा न्यायिक समिति स्रोत सामग्री तथा प्रशिक्षण पुस्तिका, न्याय सेवा तालिम केन्द्र, काठमाडौ, २०७६, पृष्ठ ३३; राष्ट्रिय न्यायिक प्रतिष्ठान, स्थानीय न्यायिक समिति (कार्य सञ्चालन) दिग्दर्शन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौ, २०७७, पृष्ठ १२

15 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(३)

16 राष्ट्रिय न्यायिक प्रतिष्ठान, स्थानीय न्यायिक समिति (कार्य सञ्चालन) दिग्दर्शन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौ, २०७७, पृष्ठ ७, १३, ३२-३३

17 इन्दु तुलाधर, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शन, संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजना, काठमाडौ, २०७७, पृष्ठ ४

ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम स्थानीय सरकार अन्तर्गत विवाद निरूपण गर्न गठन भएको एक मात्र न्यायिक निकाय भनेको न्यायिक समिति हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अन्य प्रचलित कानून अन्तर्गत एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवादमा न्यायिक समितिले मेलमिलापसम्म गर्नसक्ने व्यवस्था गरेको छ ।[18] घरेलु हिंसा (कसूर तथा सजाय) ऐनले कुनै पनि किसिमका घरेलु हिंसा (अंगभंग, तेजाब आक्रमण र यौन हिंसा बाहेक) मा बढिमा छ महिना कैद हुनसक्ने व्यवस्था गरेको छ ।[19] यी दुई ऐनको व्यवस्था हेर्दा न्यायिक समितिले अंगभंग, तेजाब आक्रमण र यौन हिंसा बाहेकका अन्य किसिमका घरेलु हिंसाका विवादहरु सुन्न र मेलमिलाप गराउन सक्दछ । अंगभंग, तेजाब आक्रमण र यौन हिंसा सरकारवादी भई चल्ने मुद्दा[20] भएका कारण न्यायिक समितिले ती उजुरीहरु आएमा प्रहरीमा जाहेरी दरखास्त दिनका लागि सम्बन्धित पक्षलाई पठाउनुपर्दछ र यस्ता मुद्दामा प्रहरीले आवश्यक अनुसन्धान गर्दछ ।[21]

११. लैंङ्गिक उत्तरदायी न्याय प्रदान गर्न कुन सिद्धान्तहरु र मान्यताहरुको अवलम्बन महत्वपूर्ण हुन्छ ?

लैङ्गिक उत्तरदायी न्याय प्रदान गर्न न्यायिक समितिले पालना गर्नुपर्ने सिद्धान्तहरु र मान्यताहरु निम्न बमोजिम रहेका छन् ।

**अविभेदको सिद्धान्त (Non Discrimination)**:[22] यस सिद्धान्तले लिङ्ग, लैंङ्गिकता, जात, जाति, वैवाहिक अवस्था, उमेर वा अन्य पहिचानका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गर्न नपाउने कुरालाई जनाउँदछ । महिला विरुद्ध सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धिले "महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे-जस्तो रहेको भए तापनि पुरुष र महिलाबीच समानताको आधारमा उपभोग गर्न वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव

---

18 स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ४७(२)(ट)

19 घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६, दफा १३(१क)

20 घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६, दफा ५क र दफा १२ग

21 इन्दु तुलाधर, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शन, संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिबृद्धि परियोजना, काठमाडौं, २०७७, पृष्ठ ५

22 प्रस्तावना, धारा १, महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९

वा बहिष्कार वा प्रतिबन्ध" महिला विरुद्धको भेदभावका रूपमा परिभाषा गरेको छ र यस्तो भेदभाव हुन नहुने व्यवस्था गरेको छ ।[23]

अतः न्यायिक समितिका पदाधिकारीहरुले न्याय सम्पादन गर्ने क्रममा अविभेदको सिद्धान्त मनन् गर्नु आवश्यक हुन्छ । न्याय सम्पादन गर्ने क्रममा महिला र लैंङ्गिक अल्पसंख्यक लगायत कुनै पनि व्यक्तिहरुलाई भेदभाव हुनबाट संरक्षण प्रदान गर्ने दायित्व न्यायिक समितिको रहन्छ । उनीहरुले नियम कानूनमा रहेका भेदभाव विरुद्धका व्यवस्थाहरुलाई सम्मान गर्ने र व्यवहारमा पालना गर्ने दायित्व राख्नुका साथै न्यायिक प्रकृया, न्यायकर्मीहरुको व्यवहार र न्यायिक परिणामलाई विभेदरहित बनाउनुपर्दछ ।[24]

**अन्तरसम्बद्धता (Intersectionality)**: अन्तरसंम्बद्धता भनेको विभिन्न प्रकारका वर्गहरुमा असमानता एकैसाथ सञ्चालन भई एकअर्कालाई गम्भिर असर पार्ने कुरालाई हेर्ने चस्मा वा दृष्टिकोण हो । जस्तोः व्यक्तिको लैङ्गिकता, जात, जाति, शारीरिक अवस्था, लैङ्गिक पहिचान र भौगोलिक क्षेत्र लगायतका सिमान्तिकरण वा पहिचानका आधारहरु एकै व्यक्तिसँग जोडिन सक्दछ । उदाहरणका लागि, एकै व्यक्तिको पहिचान महिला मात्र नभएर दलित, जेष्ठ नागरिक र महिला हुनसक्दछ र ती फरक पहिचानहरुका कारण सो व्यक्तिले एकैसाथ असमानताहरु भोग्नु परेको हुन सक्दछ ।

त्यसैले ती असमानताहरुको असरको गहिराईमा गई बुझ्न आवश्यक हुन्छ, जसले गर्दा न्यायिक समिति लगायतका कर्तव्यपालकहरुले महिलाले भोग्न परेका विभिन्न प्रकारका भेदभावहरुको उचित सम्बोधन गर्नसक्दछ । अन्तरसंम्बद्धताले व्यक्तिहरुको सामाजिक पहिचानहरुमा दोहोरोपना हुनसक्ने कुरालाई इङ्गित गर्दछ, जसका कारण भेदभावका भोगाईहरु पनि खापिएको हुन्छ ।[25] न्यायिक समितिले विवाद निरूपण गर्दा अन्तरसंम्बद्धताले सेवाग्राहीमा कसरी असर परेको छ भन्ने बारेमा ध्यान दिनुपर्दछ ।

---

23 धारा १, महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

24 OHCHR, "Chapter 13: The Right to Equality and Non-Discrimination in the Administration of Justice", *Human Rights in the Administration of Justice: AManual on Human Rights for Judges, Prosecutors and Lawyers*, pg. 634 available at: https://www.un.org/ruleoflaw/files/training9chapter13en.pdf (accessed on 25 August 2021)

25 https://www.unwomen.rg/en/news/stories/2020/6/explainer-intersectional-feminism-what-it-means-and-why-it-matters (accessed date: 21 feb2021)

**अहित हुने गरी कुनै कार्य गर्न नहुने (Do No Harm) सिद्धान्त**: न्यायको मान्यता बमोजिम न्याय सम्पादनको शिलशिलामा पीडित पक्षको अहित हुने कुनै कुरा गर्नुहुँदैन । न्यायिक समितिले न्याय सम्पादन गर्ने क्रममा आफ्नो निर्णयले पीडित पक्षलाई थप जोखिम हुन्छ कि हुँदैन भन्ने कुराको समेत सहि आंकलन गर्न जरुरी छ । महिलाको न्यायमा पहुँच सुनिश्चित गर्न न्यायिक प्रकृयाको सबै चरणमा महिलाको सुरक्षा सुनिश्चित गर्नुपर्दछ ।

१२. **न्यायिक समितिले न्याय निरूपण गर्दा मनन् गर्नुपर्ने न्यायका मान्य सिद्धान्तहरु के हुन् ?**

न्यायिक समितिले न्याय सम्पादन गर्ने क्रममा लैङ्गिक उत्तरदायी न्यायका सिद्धान्तहरुको अवलम्बन गर्नुका साथै अन्तर्राष्ट्रिय कानून, मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ ले व्यवस्था गरेका न्यायका मान्य सिद्धान्तहरुको समेत जानकारी राख्नु र तिनको पालना गर्नुपर्दछ ।

न्यायका मान्य सिद्धान्तहरु निम्नबमोजिम छन्:

१. **प्राकृतिक न्यायको सिद्धान्त**: प्राकृतिक न्यायको सिद्धान्तले स्वच्छ र न्यायोचित न्यायिक प्रक्रियामा जोड दिन्छ। यस सिद्धान्तले निम्नलिखित कुराहरुलाई जनाउँदछ:

- आफ्नो मुद्दामा आफै न्यायाधिश हुनु हुँदैन । अर्थात्, न्याय दिने निकाय निस्पक्ष र पूर्वाग्रहरहित हुनुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ४८(५) ले कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा कुनै सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा सो विवादको कारवाही र किनारा त्यस्तो व्यक्तिबाट गर्न नहुने व्यवस्था गरेको छ, जुन प्राकृतिक न्यायको मान्य सिद्धान्त बमोजिम हो ।
- निर्णय गर्नुभन्दा पहिले दुवै पक्षको कुरा सुन्नुपर्दछ। अर्थात्, मुद्दाका दुवै पक्षलाई सुनुवाईको मौका दिनुपर्छ र सुनुवाईको मौका नदिई निर्णय गर्नु हुँदैन ।
- लर्ड हडसनका अनुसार प्राकृतिक न्यायको सिद्धान्त भनेको न्यायिक निकायद्वारा निस्पक्ष सुनुवाईको अधिकार प्राप्त गर्ने, अभियोग लागेको कुराको जानकारी पाउने पक्षको अधिकारको सुनिश्चितता गर्ने र लागेको अभियोग विरुद्ध आफ्ना भनाई राख्न पाउने अधिकारको सुनिश्चिततालाई जनाउँदछ ।
-

न्यायिक समिति भनेको व्यक्तिले न्याय माग्ने औपचारिक निकाय हो । न्यायिक समितिका पदाधिकारीहरु समेत सोही समुदायबाट आएका व्यक्तिहरु हुन्छन् । त्यसैले तिनको विवादित पक्षसंग राम्रो वा नराम्रो सम्बन्ध, फरक राजनीतिक आस्था, चिनजान, दोस्ती-दुश्मनी, जे पनि हुनसक्छ । यी कुनै पनि आधारमा विवादित कुनै पनि पक्षको निस्पक्ष र पूर्वाग्रहरहित ढंगले न्याय पाउने अधिकारमाथि बन्देज लगाउनु हुँदैन र न्यायमा प्रभाव पर्नुहुँदैन । न्यायिक समितिले प्राकृतिक न्यायको सिद्धान्तको बारेमा जानकारी राखी सो बमोजिम परिपालना गर्नुपर्दछ ।

२. **स्वच्छ सुनुवाईको सिद्धान्त**:[26] स्वच्छ सुनुवाई विना न्याय पर्न सक्दैन । स्वच्छ सुनुवाईद्वारा न्याय पाउने अधिकार प्रत्येक व्यक्तिमा रहन्छ । स्वच्छ सुनुवाई भन्नाले निम्न कुराहरु पर्दछन्:

- कसैका विरुद्ध कुनै उजुरी परेको छ भने सम्बन्धित व्यक्तिलाई उक्त कुराको जानकारी दिएर दुवै पक्षको कुरा राम्ररी सुनेर मात्र निर्णय गर्नुपर्दछ ।
- आफ्नो स्वार्थसँग सम्बन्धित विवादको निरूपण आफैले गर्न मिल्दैन । आफ्नो नाता वा परिवारका सदस्यहरुको विवादको मेलमिलाप वा न्यायिक निरूपणमा आफू संलग्न हुन हुँदैन ।
- विवादका दुवै पक्षलाई समान व्यवहार गर्नुपर्छ र विभेद गर्न हुँदैन ।
- आफ्नो अधिकार क्षेत्र बाहिर गएर निर्णय गर्न हुँदैन ।
- विवादका कुनै पक्षको तर्फ लाग्ने वा कुनै पक्षको तर्फबाट बोल्ने, ईसारा गर्ने वा कागजात तयार गर्न लगाउन हुँदैन र विवादसँग सम्बन्धित साक्षी प्रमाण नबुझी विवाद निरूपण गर्न हुँदैन ।

न्यायिक समितिले निस्पक्ष सुनुवाईको सिद्धान्तको पूर्ण पालना गर्नुपर्दछ । न्यायिक समितिका पदाधिकारीहरुले विवादका दुवै पक्षलाई आफ्ना भनाई राख्ने समान अवसर प्रदान गर्ने, निस्पक्ष ढंगबाट कुरा सुन्ने, त्रासका कारण बोल्न नसक्ने पक्षलाई सुरक्षाको प्रत्याभूति गर्ने, समस्याको जडसम्म पुग्न धैर्यपूर्वक सुन्ने र अन्तरसंम्बद्धतालाई सम्मान गर्नुपर्दछ ।

३. **प्राङन्यायको सिद्धान्तः** प्राङन्यायको सिद्धान्त अनुसार कुनै एउटा विषयमा फैसला भई अन्तिम किनारा लागिसकेको विषयमा फेरि मुद्दा चलाउन मिल्दैन अर्थात् एकै

---

26 न्याय सेवा तालिम केन्द्र, विवाद समाधानमा न्यायिक समिति स्रोत सामग्री तथा प्रशिक्षण पुस्तिका, न्याय सेवा तालिम केन्द्र, कानून, न्याय तथा संसदीय मन्त्रालय, काठमाडौ, २०७६

विषयमा उनै पक्षहरुबीच सोही निकायमा एकपटक भन्दा बढि मुद्दा चलाउन मिल्दैन । तर यस सिद्धान्तले एक निकायले गरेको फैसलाउपर चित्त नबुझ्ने पक्षले माथिल्लो निकायमा पुनरावेदन गर्न पाउने हकलाई भने फरक पार्दैन । एक पटक चलेको विवादमा फैसला वा डिसमिस भई अन्तिम भएको अवस्थामा आफ्नो पक्षका जनप्रतिनिधि निर्वाचित भएर न्यायिक समितिमा आए, अब आफ्नो पक्षमा फैसला होला भनि पूनः सोही मुद्दालाई जगाउन वा पूनः फिराद दिई मुद्दा चलाउन मिल्दैन ।

४. **दोहोरो खतराको सिद्धान्तः** यो सिद्धान्त फौजदारी कसूरमा मात्र लागू हुन्छ । यो सिद्धान्त अनुसार कुनै पनि व्यक्तिलाई एउटै कसूरको निमित्त एक पटकभन्दा बढी मुद्दा चलाउन पाईंदैन । स्थानीय न्यायिक समितिलाई सरकार वादी हुने फौजदारी मुद्दा हेर्ने अधिकार नभए पनि प्रचलित कानून बमोजिम एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद (जस्तोः कुटपिट, घरेलु हिंसा) मा मेलमिलापको माध्यमबाट मुद्दाको निरूपण गर्नसक्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) ले दिएको छ । त्यसकारण न्यायिक समितिले आफूले कुनै न्यायिक निर्णय गर्नु वा मेलमिलाप गराउनु अघि न्यायका मान्य सिद्धान्तहरुको बारेमा जानकारी राख्नु आवश्यक हुन्छ । उदाहरणको लागि एक पटक एउटा साधारण कुटपीट मुद्दामा मुद्दा चलाई मेलमिलाप भइसकेपछि फेरि त्यही व्यक्तिलाई सोही घटनाको लागि उजूरी हाल्न पाईंदैन, तर अर्को पटक फेरि तिनै पक्षहरुबीच कुटपिट भएमा भने अर्को उजूर दायर गर्न यस सिद्धान्तले रोक्दैन ।

५. **निर्दोषिताको अनुमानको सिद्धान्तः** निर्दोषिताको अनुमानको सिद्धान्त भन्नाले स्वतन्त्र साक्षी र प्रमाणहरुबाट दोषी प्रमाणित नभएसम्म कुनै कसूरको अभियोग वा आरोप लागेको व्यक्तिलाई निर्दोष मानी व्यवहार गर्नुपर्दछ । न्याय निरूपण गर्ने व्यक्ति पूर्वाग्रहरहित हुनुपर्दछ । अभियुक्तको विगतका आपराधिक संलग्नता वा चालचलन, जात, धर्म, लिङ्ग, आर्थिक स्थिति, शारीरिक बनावट जस्ता कुराहरुका आधारमा अभियुक्त दोषी भएको अनुमान गरेर मुद्दा हेर्नुहुँदैन । न्यायिक समितिका पदाधिकारीहरुले स्थानीय व्यक्तिहरुकै मुद्दामा सुनुवाई गर्नुपर्ने भएको हुँदा सम्भवतः विवादित पक्षहरुको बानी, व्यवहार, चालचलनको बारेमा पूर्वजानकारी पदाधिकारीहरुलाई हुन्छ । तर विवादको निरूपण वा मेलमिलाप गराउने क्रममा सोही आधारमा दोषी हो भन्ने पूर्वानुमान गरी कारवाही चलाउनु हुँदैन । सम्बन्धित साक्षी प्रमाणको निस्पक्ष परिक्षण गरिनुपर्छ, साथै विवादका पक्षहरुलाई निर्धक्क साथ

आफ्ना कुरा राख्ने मौका दिनुपर्दछ ।

६. **छनौटको अवसरको सिद्धान्त**: यो सिद्धान्त अनुसार कानूनले स्पष्ट रूपमा रोक लगाएको अवस्थामा बाहेक मर्कापर्ने पक्षले कुन अड्डा वा अदालतमा न्यायको लागि जाने वा कुन पद्धति अनुसार न्याय खोज्न जाने भनेर छान्न पाउने अधिकार पक्षलाई हुन्छ । उदाहरणको लागि, स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (३) ले यसै ऐनको दफा ४७(२) मा उल्लेख गरेका विवादहरु (जस्तो: कुटपिट, सम्बन्ध विच्छेद) मा पक्षले चाहेमा न्यायिक समितिमा उजुरी नगरी सोझै अदालत जानसक्ने व्यवस्था गरेको छ । उनीहरुले उजुरी गर्ने निकायकाबारेमा गरेको छनौटको आधारमा विभेद र पक्षपात गर्नुहुन्न ।

### १३. न्यायिक समिति तथा वडा मेलमिलाप केन्द्रले विवाद निरूपण/मेलमिलाप गर्दा कस्तो संवेदनशीलता अपनाउनुपर्छ ?

स्थानीय सरकार संन्चालन ऐन, २०७४ को क्षेत्राधिकारभित्र पर्ने जुनसुकै विवाद निरूपण/मेलमिलाप गर्दा पनि न्यायिक समितिका पदाधिकारीहरु तथा वडा मेलमिलाप केन्द्रका मेलमिलापकर्ताले विवादित पक्षका रूपमा संलग्न सिमान्तकृत वर्गका व्यक्तिहरुको सामाजिक स्तर र शक्ति सम्बन्धको कारण तिनको न्यायमा पहुँचमा पर्न सक्ने असरलाई ध्यानमा राख्दै विवाद निरूपण गर्नुपर्दछ । यी वर्गमा महिला, बालबालिका, अपाङ्गगता भएको व्यक्ति, वृद्ध-वृद्धा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि पर्दछन् ।

न्यायिक समितिले निरूपण गर्दा तथा मेलमिलापकर्ताले विवाद मेलमिलाप गराउँदा निम्नलिखित किसिमले संवेदनशीलता अपनाउनु पर्दछ ।

१. पीडितले मौखिक उजुरी गर्न आएमा उनको कुरा सुनीबुझी उजुरीको विषयलाई थपघट तल माथि नपर्ने गरी लिखित निवेदन तयार गर्न सहयोग गरी निजलाई निवेदनको व्यहोरा सुनाई रीत पुर्‍याई उजुरी दर्ता गर्नुपर्दछ ।

२. विवादका पक्षसँग शिष्ट, मर्यादित र सम्मानजनक व्यवहार गर्नुपर्दछ ।

३. विवादका पक्षको गोपनीयता सुनिश्चित गर्नुपर्दछ ।

४. पीडितको तत्कालको आवश्यकतालाई मध्यनजर गरी कानुनी सहायता, मनोसामाजिक परामर्श, स्वास्थ्य जाँच, आवास र सुरक्षाको प्रबन्ध मिलाउन

विभिन्न निकायहरुसँग समन्वय गरी सम्बन्धित सेवा उपलब्ध हुने निकायमा सिफारिस गर्नुपर्दछ ।

५. पतिपत्नीको सम्बन्धसँग जोडिएका विवाद, पारिवारिक विवाद र घरेलु हिंसा जस्ता संवेदनशील मुद्दाहरुमा आवश्यकता बमोजिम बन्द इजलासको व्यवस्था गर्नु पर्दछ । यस्ता बन्द इजलासमा विवादित पक्ष, तिनका कानून व्यवसायी र नातेदारहरुलाई मात्र इजलास कक्षभित्र बस्ने अनुमती प्रदान गर्नुपर्छ ।

६. सामान्यतया पीडितहरु पीडक र अन्य सम्बन्धित व्यक्तिहरुबाट आउने धम्कीका कारण डर त्रासको अवस्थाबाट गुज्रेका हुन्छन् । विशेषगरी महिला, बालबालिका, जेष्ठ नागरिक, फरक यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, तथा यौन विशेषता भएका व्यक्ति, अपाङ्गगता भएका व्यक्ति र अन्तरविभिधता सामाना गरेकाले सामना गरेका व्यक्तिहरु बढि प्रभावित देखिन्छन् । त्यसैले पीडितको सुरक्षाको सुनिश्चिता गर्नुपर्दछ ।

७. महिला संलग्न भएका विवादमा यदि महिला पक्षले रोजेको खण्डमा सकेसम्म महिला मेलमिलापकर्ताबाट मेलमिलाप गराउने व्यवस्था मिलाउनुपर्दछ । पीडित महिला भएका विवादहरु (जस्तोः घरेलु हिंसा) मा मेलमिलापकर्ता समेत महिला भएको खण्डमा पीडितको आत्मबल र सहजता बढ्ने, साथै महिला मेलमिलापकर्ताको संलग्नताले मिलापत्रको सान्दर्भिकता, समावेशिता, कार्यान्वयन र दिगोपनालाई दरिलो आधार प्रदान गर्दछ ।[27] मेलमिलाप प्रकृयामा महिलाको सहभागिता नगन्य रहेको सन्दर्भमा महिला मेलमिलापकर्ताको सहभागितालाई प्रोत्साहन दिन पनि जरुरी छ ।

८. विवादित पक्षले न्यायिक कारवाहीका क्रममा प्रयोग हुने भाषा बुझ्ने अवस्था नभएमा सम्बन्धित पक्षले बुझ्ने भाषा अनुवादक वा सांकेतिक भाषा अनुवादकको व्यवस्था मिलाउनुपर्दछ । साथै, कानुनी र प्राविधिक शब्दहरुलाई सरल तरिकाले बुझाउनुपर्दछ ।

९. पीडितले पिडकको उपस्थितिमा आफ्नो कुरा निर्धक्कसाथ राख्न सक्ने अवस्था

---

27 *World Economic Forum, WhyMoreMediators should be women, available at:* https://www.weforum.org/agenda/2015/09/why-more-mediators-should-be-women/ , accessed on 28 August 2021.

नभएमा अथवा खुलेर आफ्नो समस्या भन्न सक्ने अवस्था नभएमा पीडितलाई एकान्तमा कुरा राख्ने अवसर दिनुपर्छ ।

१०. विवादित पक्षहरु मध्ये कुनै पक्षले अनुरोध गरेमा गोप्य मेलमिलाप सत्रको व्यवस्था गर्नुपर्दछ ।

११. विवादका पक्षहरुबीच शक्ति सन्तुलन नभएको विवादमा सहजकर्ताले संवेदनशीलभई विवाद समाधानका लागि संवाद सहजीकरण गर्नुपर्दछ ।

१२. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्नुपर्ने विवाद भएमा महिलाको संरक्षण र सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउनुपर्दछ ।

१३. न्यायिक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरु साथै मेलमिलापकर्ताहरुलाई अनिवार्य रूपमा महिला अधिकार र लैंङ्गिक उत्तरदायी न्यायका बारेमा तालिम र पुनर्ताजगी कार्यक्रमको आयोजना गर्नुपर्छ ।

१४. सिफारिस प्रणाली (Referral system) बनाउन किन जरुरी छ ?

स्थानीय ठाउँमा रहेको र भौगोलिक निकटताका कारण न्यायिक समिति घरेलु हिंसा र पारिवारिक विवादका पीडितहरुको लागि सम्पर्क र सहायताको पहिलो केन्द्र हुनसक्दछ । घरेलु हिंसा, कुटपिट जस्ता कसूरका पीडित/प्रभावितहरुलाई तत्काल कानुनी तथा मनोसामाजिक विमर्श, औषधोपचार सेवा, आवास र सुरक्षाको आवश्यकता हुन्छ । न्यायिक समितिले यी सबै सेवाहरु आफैले उपलब्ध गराउन सक्ने अवस्था नभएका कारण समितिले अन्य सम्बन्धित संस्थाहरु (सामान्यतया स्थानीय ठाउँमा अवस्थित) लाई विशेषज्ञ सेवाका लागि पीडितलाई सिफारिस गरी पठाउनुपर्दछ ।

न्यायिक समितिले हिंसाको पहिचान गर्ने र हिंसाबाट पुग्ने क्षतिबाट रोक्न संवेदनशील र सम्मानजनक रूपले प्रतिकार्य गर्न महत्वपूर्ण भूमिका राख्दछ । पीडितहरुलाई विशेषज्ञ सेवा दिने संस्थाहरुमा सिफारिस गर्दा पीडितहरुलाई यसबारे आफ्नो निर्णय गर्न सहयोग पुराउनुपर्दछ। अन्य संस्थाहरुमा थप सहयोगका लागि सिफारिस गर्नुभन्दा अगाडि पीडितको सहमति लिन आवश्यक हुन्छ। न्यायिक समितिले अन्य विशेषज्ञ सेवा प्रदायकहरुकोमा पीडितलाई सिफारिस गर्दा निम्नलिखित भूमिका निर्वाह गर्नुपर्दछ ।

- पीडितको सुरक्षा सम्बन्धी आवश्यकतालाई बुझ्न पीडितसँग संवेदनशिल र सम्मानजनक रूपमा प्रस्तुत हुने ।
- सिफारिस गर्न सकिने उपायहरुको बारेमा पीडितलाई जानकारी दिने ।
- पीडितको सुरक्षामा सहयोग पुराउन उचित मात्रामा सूचनाहरु प्रदान गर्ने ।
- सिफारिस प्रकृयाका बारेमा विवरण दिने र सिफारिस प्रकृयाभरी पीडितलाई सहयोग प्रदान गर्ने ।[28]

लैंङ्गिक हिंसाका पीडितहरुलाई प्रभावकारी सेवा प्रदान गर्न सबै स्थानीयतह वा न्यायिक समितिले सिफारिस निर्देशिका तयार गर्नु जरुरी छ । साथै, स्थानीय स्तरमा रहेका कानुनी, मनोसामाजिक परामर्श सेवा, आवास, सुरक्षा र अन्य सेवाहरु पीडितलाई व्यवस्थित तरिकाले उपलब्ध गर्नसक्ने संस्थाहरुको नक्सांकन (mapping) गर्न आवश्यक छ । न्यायिक समितिले तत्काल अन्य संस्थाहरुसँग समन्वय गरी पीडितहरुलाई आवश्यक सहयोगका लागि सम्बन्धित संस्थामा सिफारिस गर्नुपर्दछ । उदाहरणको लागि, लुम्बिनी प्रदेशको दाङ जिल्लामा रहेको राप्ति गाउँपालिकाले हिंसा पीडित महिला तथा बालबालिकाहरुलाई आवश्यक विशेषज्ञ सेवा उपलब्ध गराउन 'लैंङ्गिक हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०७६' तयार गरी लागू गरेको छ ।

## १५. लैंङ्गिक हिंसा निवारण कोषबाट न्यायिक समितिले कसरी सहयोग प्राप्त गर्न सक्दछ ?

लैंङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को दोस्रो संशोधन २०७६ सालमा भई नेपालको ७५३ स्थानीय सरकारहरुले आफ्नो छुट्टै विशेष कार्यविधि निर्देशिका बनाई लैंङ्गिक हिंसा निवारण कोष गठन गरेका छन् । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले प्रत्येक स्थानीय सरकारलाई लैंङ्गिक हिंसा निवारण कोषको सञ्चालनमा सहयोग गर्नका लागि आ.व. २०७८/७९ मा रु एक लाख शसर्त अनुदान प्रदान गरेको छ । केही स्थानीय सरकारहरु (जस्तो: लुम्बिनी प्रदेशको सैनामैना नगरपालिका, कर्णाली प्रदेशको सुर्खेत नगरपालिका, र प्रदेश १ को इलाम नगरपालिका) ले लैंङ्गिक हिंसा निवारण कोष सञ्चालनका लागि

28 The State of Queensland, *Domestic and Family Violence Referral to specialist support servicesModel*, The State of Queensland (Queensland Health), 2020, pg. 1.

छुटै आन्तरिक बजेट पनि बिनियोजन गरेकोछ ।[29] यो कोषको रकम हिंसा पीडित महिलाहरुलाई उद्धार गर्न, पुनर्स्थापना गर्न, औषधोपचार, मनोसामाजिक विमर्श, यातायात, कानुनी सहयोग लगायतका कार्यमा उपयोग हुनेगरेको छ ।

न्यायिक समितिसमक्ष दायर हुने घरेलु हिंसा र पारिवारिक विवादमा प्रायःजसो पीडितहरुलाई तत्काल स्वास्थ्य सेवा, यातायात सेवा, मनोसामाजिक विमर्श र/वा कानुनी सहायताको आवश्यकता हुन्छ । यस्ता विवादहरुमा न्यायिक समितिले पीडितको आवश्यकताका बारेमा मूल्यांकन गर्ने र पीडितलाई तत्काल आवश्यक सेवा प्रदान गर्न पालिको महिला शाखामा रहेको लैंङ्गिक हिंसा निवारण कोषमा रेफर (सिफारिश) तथा समन्वय गरी पिडीतलाई रकम उपलब्ध गराउने अधिकार प्राप्त हुन्छ ।

## १६. न्यायिक समितिको कार्य सञ्चालनका लागि बजेट विनियोजन र खर्चको लेखाजोखा गर्न किन आवश्यक छ ?

हिंसा र भेदभाव पीडित महिलाहरु लगायत सबै व्यक्तिहरुको न्यायमा पहुँच सुनिश्चित गर्न न्यायिक समितिले लैङ्गिक उत्तरदायी न्याय लगायतका कार्यहरु प्रभावकारी रूपले सम्पादन गर्न पर्याप्त बजेट र श्रोतहरुको विनियोजन गर्नुपर्दछ र खर्चको नियमित लेखाजोखा राख्नुपर्दछ । पर्याप्त बजेट विनियोजन र श्रोतहरु (जस्तो - दक्ष मानवश्रोत र भौतिक संरचना) को उपलब्धताबिना प्रभावकारी र सक्षम न्याय सम्पादन हुन सक्दैन । न्यायिक समितिलाई स्थानीय सरकारले पर्याप्त बजेट छुट्टाएमा समितिले विशेष कदमहरु जस्तो- महिला, बालबालिका र जेष्ठ नागरिक संलग्न विवादहरुमा बन्द इजलासको गठन गर्न छुट्टै कक्षको निर्माण गर्ने, स्तनपान कक्ष, आराम कक्ष, जनसाधारणसमक्ष पुगेर कानून, कानुनी उपचार र न्यायिक समितिको भूमिकाका बारेमा सचेतना जगाउने कार्यक्रम आयोजना गर्नसक्दछ ।

संघीय सरकारले जस्तै स्थानीय सरकारले समेत लैंङ्गिक उत्तरदायी बजेटको निर्माण र कार्यान्वयन गर्ने, र बजेटले महिला तथा बालबालिकाको जीवनमा पारेको

---

29 राष्ट्रिय महिला आयोग, संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मुलन समितिले नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निस्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाबारे अध्ययन प्रतिवेदन, राष्ट्रिय महिला आयोग, काठमाडौं, २०७८, https://nwc.gov.np/en/resources/publication/ (हेरेको मिति: २०७८।५।१२)

असरको मूल्यांकन गर्न खर्चको नियमित अनुगमन गर्नुपर्दछ ।[30]

**१७. न्यायिक समितिको भूमिकाका सम्बन्धमा स्थानीय समुदायलाई सूचना प्रवाह गर्ने र स्थानीय समुदायसम्म पुग्ने कार्यलाई सुदृढ गर्न किन आवश्यक छ ? न्यायिक समितिले कस्ता कार्यक्रमहरुको शुरुवात गर्न आवश्यक छ ?**

नेपालमा महिला र सिमान्तकृतवर्गका व्यक्तिहरुलाई न्यायमा पहुँच उपलब्ध हुन नसक्नुको एउटा कारण कानुनी उपचार र न्यायिक निकायहरुले प्रदान गर्ने सेवाका बारेमा जानकारीको अभाव पनि हो । न्यायिक समितिले स्थानीय सरकार र अन्य सरोकारवालाहरुसँगको समन्वयमा यस समस्याको समाधान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछ । स्थानीय समुदायमा सूचना प्रवाह र आफ्नो उपस्थितिलाई सुदृढ गर्न तल उल्लिखित केही कदमहरु चाल्न सकिन्छः

- न्यायिक समिति र उपलब्ध सेवाको सम्बन्धमा जानकारी गराउन तथा सेवाग्राहीलाई बिशेषगरि महिला, सिमान्तकृत, दलित, अपाङ्गता भएको व्यक्ती आदिलाई सहजीकरण गर्न दक्ष मानवीय स्रोत तथा साधन सहितकोसहायताकक्षको स्थापना गर्ने
- न्यायिक समितिको भूमिका र अन्य उपलब्ध कानुनी/न्यायिक सेवाहरुका बारेमा समुदायमा सचेतना जगाउन जानकारीमूलक सामग्रीहरु (जस्तोः पर्चा, होर्डिङ बोर्ड, रेडियो कार्यक्रम) बनाउने र सूचनाहरु प्रवाह गर्ने । यस्ता सामग्रीहरुमा सरल भाषाको प्रयोग गर्ने र महिला, फरक यौन अभिमुखिकरण लैङ्गिक पहिचान, तथा यौन विशेषता तथा अपाङ्गता भएका व्यक्तिहरु र अन्य सिमान्तकृतवर्गका व्यक्तिहरुको न्यायमा पहुँचका सम्बन्धमा भोग्नु परेका चुनौतीहरु र प्रत्येक वर्गको आफ्नो छुट्टै आवश्यकता के छ भन्ने बारेमा जानकारी प्रदान गर्ने ।
- न्यायिक समितीको काम, प्रदान गरिने सेवा र स्थानीय निकायबाट प्रदान गरिने सेवाको बारेमा जानकारी गराउने उद्देश्यले समुदायमा कानूनी सचेतनामूलक कार्यक्रमहरु गर्ने तथा आवश्यकता अनुसार कानूनी सहायता उपलब्ध गराउने ।

---

30 राष्ट्रिय महिला आयोग, संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मुलन समितिले नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निस्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाबारे अध्ययन प्रतिवेदन, राष्ट्रिय महिला आयोग, काठमाडौं, २०७८ https://nwc.gov.np/en/resources/publication/ (हेरेको मितिः २०७८।५।१२)

- न्यायिक समितिका पदाधिकारीहरु र स्थानीय समुदायका बीचमा संवाद आयोजना गरी न्यायिक समितिको कार्यक्षेत्र र सेवाहरुका बारेमा जनचेतना जागृत गर्ने ।

### १८. न्यायिक समितिले महामारी, विपद् तथा आपत्कालिन अवस्थामा पनि न्यायमा पहुँच सुनिश्चित गर्न के गर्नुपर्छ ?

महामारी, विपद्, आपतकालिन अवस्था लगायतका मानवीय संकटको अवस्थामा महिला तथा बालबालिकाहरु बढी मात्रामा लैंङ्गिक हिंसाको सिकार भईरहेका हुन्छन् । तर यस्तो विषम परिस्थितिमा हिंसाका उजुरीहरु न्यायिक निकायहरुसमक्ष दायर गर्नु र पीडितलाई न्याय दिलाउनु चुनौतीपूर्ण हुन्छ ।

कोभिड-१९ को महामारी र बन्दा-बन्दी जस्ता मानवीय संकटको समयमा न्यायिक समितिले देहायबमोजिमका उपायहरु अवलम्बन गरी विवाद निरूपणको कार्यलाई निरन्तरता दिनुपर्दछ:[31]

१. मानवीय संकटको अवस्थामा कसरी आफ्नो सेवाहरुलाई व्यवस्थित र नियमित गर्ने भन्ने बारेमा स्पष्ट नीति तथा कार्ययोजना बनाई लागू गर्ने ।

२. आपतकालीन अवस्थामा कसरी उजुरी दायर गर्ने र कसरी विद्युतीय माध्यमबाट कुनै पनि विवादमा सुनुवाई र मेलमिलापका सत्र सञ्चालन गर्ने भन्ने बारेमा आपतकालिन कार्यविधि निर्देशिका तयार गर्ने ।

३. 'विद्युतीय मुद्दा व्यवस्थापन प्रणाली' निर्माणका लागि इन्टरनेट, टेलिफोन, हटलाईन सेवा, एस.एम.एस. र मोबाइल एयापको समन्वय गरी आवश्यक संस्थागत व्यवस्थाहरु मिलाउने ।

४. सर्वसाधारणहरुमा संकटको अवधिभरि विद्युतीय उजुरी प्रणाली मार्फत् न्यायिक समितिसमक्ष कसरी उजुरी दर्ता गर्ने र विद्युतीय माध्यमबाट हुने सुनवाई र मेलमिलापको प्रकृयाका बारेमा सर्वसाधारणहरुलाई सुसूचित गर्ने ।

५. विपतको अवस्थाका बारेमा मनन् गर्दै जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीका

---

31 इन्दु तुलाधर, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको लागि अभ्यासकर्ता दिग्दर्शन, संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिबृद्धि परियोजना, काठमाडौ, २०७७, पृष्ठ ६-१०

लागि चाहिने सामग्रीहरुको खरिद, भण्डारण, वितरण, प्रयोग तथा व्यवस्थापन गर्ने (जस्तो: कोभिड-१९ को महामारीको अवस्थामा मास्क, सेनिटाईजर, पन्जा, पिपिई आदि व्यक्तिगत सुरक्षा सामग्रीलाई उपलब्ध गर्ने ।)

६. सेवाग्राही भौतिक रूपमा उपस्थित हुन नसक्ने अवस्थामा वडा-वडामा हेल्प डेस्कको व्यवस्था गरी परामर्श लगायतका सेवा दिनुपर्ने ।

७. फोन मार्फत् वा अनलाईन वा हेल्पलाईन सेवा मार्फत् उजुरी लिई कारवाही अगाडी बढाउन मिल्ने गरी आपत्कालिन कार्यविधि निर्देशिकामा न्यायिक समितिको कामकारवाही विद्युतीय माध्यमबाट सञ्चालन गर्न मिल्ने व्यवस्था गर्ने ।

८. महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायतका पीडितहरुको सुरक्षा, स्वास्थ्य उपचार, आवास जस्ता तत्कालका आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (८) को व्यवस्था बमोजिम अन्तरिम संरक्षणात्मक आदेश जारी गर्ने ।

९. आपतकालीन कार्यविधि निर्देशिका बमोजिम विवादका पक्षहरुको विद्युतीय माध्यम मार्फत् सुनुवाई र/वा मेलमिलापको सत्र सञ्चालन गर्ने ।

१०. सुरक्षित तरिकाले महिला स्वंयसेवीहरुको परिचालन गर्ने ।

११. प्रत्येक वडामा घुम्ती परामर्श सेवादिने तथा घुम्ती सेवामार्फत् उजुरी लिई कारवाही अगाडी बढाउने व्यवस्था मिलाउने ।

◆◆◆

# परिच्छेद-३

## संघीय शासन स्वरूप, स्थानीय निकाय र कानून निर्माण क्षेत्राधिकार तथा प्रकृया

### १. नेपालको संविधानले संघीय संरचनाको के–कस्तो तहगत व्यवस्था गरेको छ ?

नेपालको संविधान २०७२ ले संघीय प्रणालीको व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तह समेत गरी तीन तहको संरचनाको व्यवस्था गरेको छ। संविधानद्वारा अधिकार बाँडफाँड भई गठन भएको तीन तह मध्ये स्थानीय तह सामाजिक न्याय तथा आधारभूत सेवा प्रवाहका हिसावले महत्वपूर्ण तह हो। संविधानले स्थानीय तहलाई गाँउपालिका, नगरपालिका र जिल्ला सभा समेत गरी परिभाषित गरेको छ। महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका गरी कूल ७५३ वटा स्थानीय सरकार रहेका छन्। नगरपालिका तथा गाँउपालिकाको आकार हेरी कम्तीमा ५ वडा देखि बढीमा ३५ वटासम्म वडा रहन सक्ने व्यवस्था गरिएको छ। प्रदेशको हकमा भने नेपाललाइ जम्मा ७ वटा प्रदेशमा विभाजन गरिएको छ।

| स्थानीय तह र तिनका वडाको संख्यात्मक विवरण निम्न प्रकार छ। | | |
|---|---|---|
| **स्थानीय तह** | **संख्या** | **वडा संख्या** |
| महानगरपालिका | ६ | १७४ |
| उप महानगरपालिका | ११ | २३४ |
| नगरपालिका | २७६ | ३११९ |
| गाँउपालिका | ४६० | ३२१६ |
| जम्मा | ७५३ | ६७४३ |

*स्रोत: निर्वाचनआयोग, २०७४*

### २. संविधानले स्थानीय तहलाई के–कस्ता अधिकार दिएको छ ?

संविधान बमोजिम राज्यशक्तिको बाँडफाँड गर्दा संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय तहलाई सामाजिक न्याय, सहभागितामूलक लोकतन्त्र तथा सार्वजनिक आधारभूत सेवाका महत्वपूर्ण विषयसँग

सम्बन्धित एकल अधिकारहरु समेत दिइएका छन्। संविधान प्रदत्त अधिकारको प्रयोग तथा अभ्यास गर्न गाउँ सभा तथा नगर सभालाई कानून बनाउने अधिकार समेत दिएको छ। यो अधिकारको प्रयोग गर्न नेपाल सरकारले स्थानीय सरकारलाई आफ्ना अधिकार क्षेत्रभित्र पर्ने विषयमा नीति, कानून, मापदण्ड बनाउने, कार्यान्वयन गर्ने र नियमन गर्ने अधिकार प्रदान गरेको छ।

योजना र बजेट तर्जुमा गरी लागू गर्न पाउने, कानून बमोजिम तोकिएका विवादहरूमा न्याय निरूपण गर्नसक्ने, आफ्नो कार्य विभाजन तथा कार्यसम्पादन सम्बन्धी नियम बनाई लागू गर्नसक्ने, संविधान र कानून बमोजिमका आर्थिक अधिकार क्षेत्रका विषयमा कर लगाउन सक्ने, स्थानीय तहप्रति उत्तरदायी स्थानीय सेवाको गठन र प्रशासन सञ्चालन, तोकिएका क्षेत्रमा राजस्व बाँडफाँडको अंश प्राप्त गर्ने, नेपाल सरकार र प्रदेश सरकारबाट अनुदान प्राप्त गर्नसक्ने अधिकारहरु दिइएको छ। संविधानले प्रदान गरेको एकल अधिकारको प्रयोग गर्दा कुनै एक तहले अर्को तहमाथि हस्तक्षेप गर्न पाउँदैन। तर साझा अधिकारका सन्र्दभमा भने एक अर्कासँग समन्वय र सहयोग लिएर काम गर्नुपर्दछ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

### ३. **संविधानले स्थानीय तहलाई के–कस्ता एकल अधिकारहरु दिएका छन् ?**

गाउँपालिका र नगरपालिकाको एकल अधिकारक्षेत्र भनेको संविधानको अनुसूची ८ अन्तर्गत पर्ने २२ वटा अधिकारहरु पर्दछन् (जानकारीको लागि कृपया अनुसूची १ हेनुहोस्)। यस्तो अधिकारक्षेत्रको प्रयोग गाउँपालिका र नगरपालिकाले कानून बनाई गर्न सक्छन् र सो विषयमा कार्यकारी अधिकार समेत प्रयोग गर्न पाउँछन्।

### ४. **स्थानीय तहले बनाउनु पर्ने कानूनहरू के–के हुन् ?**

स्थानीय तहले बनाउनु पर्ने कानूनहरू निम्नबमोजिम रहेका छन्।

- संविधानको अनुसूची ८ को गाउँपालिका तथा नगरपालिकाको २२ वटा एकल अधिकारक्षेत्रका विषयमा स्थानीय कानून बनाउन पाउँछन्।
- गाउँसभा तथा नगरसभाले अनुसूचि ९ सँग सम्बन्धित १५ वटा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारक्षेत्रका विषयमा सङ्घीय र प्रदेश कानूनसँग

नबाझिने गरी स्थानीय कानून बनाउन पाउँछन् ।

- गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्णय तथा आदेश प्रमाणीकरण सम्बन्धी कानून, धारा २१४ (५)
- गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली, (धारा २१८,)
- स्थानीय तहमा कर लगाउने, राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार सम्बन्धी कानून, धारा २२८
- स्थानीय तहको आर्थिक कोष सञ्चालन कार्यविधि कानून, धारा २२९
- स्थानीय तहको राजस्व तथा व्ययको अनुमान सम्बन्धी कानून, धारा २३०
- स्थानीय तहको गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घसंस्थासँगको समन्वय सम्बन्धी कानून (स्थानीय सरकार सञ्चालन ऐन, दफा २५)
- न्यायिक समितिसँग सम्बन्धित विवादको कारवाही, किनारासँग सम्बन्धित म्याद, तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, लगत कट्टा गर्ने लगायतका कार्यविधि, (स्थानीय सरकार सञ्चालन ऐन, दफा ४९)
- सङ्घीय कानूनले निर्धारण गरेको आधारभूत सिद्धान्त र मापदण्डको अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था सम्बन्धमा स्थानीय तहले कानून बनाउने, एकीकृत सम्पत्ति करमा छुट दिन सक्ने (मापदण्ड), स्थानीय सरकार सञ्चालन ऐन, दफा ५५)
- गाउँपालिका तथा नगरपालिकामा आकस्मिक कोष स्थापना र सञ्चालन सम्बन्धी (स्थानीय सरकार सञ्चालन ऐन, दफा ७०)
- स्थानीय तहको सार्वजनिक खरिद नियमावली (स्थानीय सरकार सञ्चालन ऐन, दफा ७४)
- पदाधिकारीको आचार संहिता बनाई लागू गर्नसक्ने, (स्थानीय सरकार सञ्चालन ऐन, दफा ११२)
- संविधान र कानून बमोजिम गाउँपालिका र नगरपालिकाको अधिकारक्षेत्र भित्रका अन्य विषयहरू ।

५. स्थानीय कानून बनाउँदा ध्यान दिनुपर्ने कुराहरु, प्रक्रिया र चरणहरू के-के हुन् ?

कानून तर्जुमा गर्दा विचार गर्नुपर्ने कुराहरू:

- संवैधानिक सर्वोच्चता, कानूनको शासन, अन्तर्राष्ट्रिय कानून तथा महासन्धिका प्रावधान, कानून र न्यायका मान्य सिद्धान्त
- कानुनी अस्तित्व भएकालाई मात्र स्वीकार्ने, समस्याको अध्ययन, नीतिगत स्पष्टता, अन्य कानूनसँग तुलना
- सम्भव र असम्भव दायित्व, सन्तुलित अवधारणा, विगत, वर्तमान र भविष्य, जनताको हितलाई केन्द्रविन्दुमा राख्ने,
- अधिकारक्षेत्रको दोहोरोपन हुन नहुने, समन्वय तथा सहमति,
- न्यायिक अधिकारको प्रयोग, भौगोलिक अधिकार क्षेत्रको स्पष्टता, निहित स्वार्थको परित्याग समावेशी सिद्धान्त, परिपक्वता
- संघीय कानून र प्रदेश कानून

स्थानीय तहले कानून बनाउनु अघि अपनाउनुपर्ने कुरा

- मन्त्रालयले दिएको नमूना कानून उपर विचार विमर्श, छलफल र राय संकलन
- विज्ञको सुझाव
- स्थानीय आवश्यकताको पहिचान
- विधि र प्रकृया बमोजिम पारित र प्रमाणिकरण (स्थानीय सभा सञ्चालन कार्यविधि)
- स्थानीय राजपत्रमा सूचना प्रकाशन

स्थानीय सभाको व्यवस्थापन सम्बन्धी विषयमा प्रदेश कानूनमा अन्यथा व्यवस्था नभएसम्मको लागि निम्न बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ । कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने,

- पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमतले

पारित गर्ने,

- पारित विधेयक पन्ध्र दिनभित्र सभाका अध्यक्षले प्रमाणीकरण गर्ने,
- प्रमाणीकरण भएको विधेयक ऐन बन्ने,
- स्थानीय राजपत्रमा सो विधेयक ऐन बनिसकेपछि सूचना प्रकाशन गर्नुपर्ने,
- सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने, (जस्तैः सामाजिक विकास समिति, आर्थिक विकास समिति, संस्थागत विकास तथा सेवा प्रवाह समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपत व्यवस्थापन समिति र विधेयक समिति)
- सभाको व्यवस्थापन कार्यविधि सम्बन्धी अन्य विषय स्थानीय सभाले बनाएको सभाको कार्य सञ्चालन नियमावली बमोजिम हुने ।

◆◆◆

# परिच्छेद ४

## न्यायिक समितिको न्यायिक अधिकार क्षेत्र

### १. न्यायिक समिति भनेको के हो ? यसको गठन कसरी हुन्छ ?

नेपालको संविधानको अनुसुची ८ ले स्थानीय तहको एकल अधिकारका २२ वटा विषयहरु मध्ये स्थानीय अदालत, मेलमिलाप केन्द्र र मध्यस्थता व्यवस्थापन र धारा २१७ ले व्यवस्था गरेको न्यायिक समिति स्थानीय तहमा न्यायिक कार्य गर्ने प्रमुख निकायहरु हुन् । तर न्यायिक समिति स्थानीय अदालत भने होइन । स्थानीय अदालत वा स्थानीय स्तरका न्यायिक निकाय संविधानको धारा १४८(२) अनुसार प्रदेश कानून बमोजिम स्थापित हुन्छन् र जिल्ला अदालतको मातहत रहन्छ । स्थानीय अदालत संविधानको धारा १२७ को उपधारा (२) अन्तर्गत गठन गर्न सकिने न्यायपालिका अन्तर्गतको निकाय हो भने न्यायिक समिति संविधानको भाग १७ को स्थानीय कार्यपालिका अन्तर्गत व्यवस्था गरिएको प्रत्येक स्थानीय तहमा गठन गर्नै पर्ने निकाय हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा दफा ४६ देखि ५३ सम्म न्यायिक कार्य सम्बन्धी व्यवस्था गरी न्यायिक समितिलाई न्यायिक अधिकार प्रदान गरेको छ । नगरपालिकाको हकमा उपप्रमुख र गाउँपालिकाको हकमा उपाध्यक्ष संयोजक रहने न्यायिक समितिमा जम्मा तीनजना सदस्य रहने व्यवस्था छ । संयोजकबाहेक अन्य दुईजना सदस्यहरु सम्बन्धित नगरसभा वा गाउँसभाले आफूमध्येबाट निर्वाचित गर्दछन् ।

**न्यायिक समितिको गठन**

**उपाध्यक्ष / उपमेयर: संयोजक-१**

**गाउँ तथा नगर सभाका सदस्यहरू मध्येबाट निर्वाचित सदस्य-२**

न्यायिक समिति स्थानीय मतदाताहरुबाट निर्वाचित प्रतिनिधिहरुबाट बनेको हुनाले संयोजक तथा सदस्य हुन कुनै शैक्षिक योग्यता वा क्षमता तोकिएको पाइँदैन ।

### २. वडा मेलमिलाप केन्द्र गठन गर्ने सम्बन्धमा ऐनमा कस्तो व्यवस्था गरिएको छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (१०) बमोजिम गाउँपालिका एवम् नगरपालिकाका प्रत्येक वडामा विवाद समाधानका लागि मेलमिलाप केन्द्रको स्थापना गर्ने व्यवस्था छ। वडा मेलमिलाप केन्द्रमा तालिम प्राप्त मेलमिलापकर्ताहरुबाट विवाद समाधानका लागि मेलमिलाप सेवा उपलब्ध हुने भएकाले न्यायमा पहुँचका लागि केन्द्रको ठूलो महत्व रहेको छ । न्यायिक समिति मातहत रहने मेलमिलाप केन्द्रले समितिको कार्यबोझलाई कम गर्न सहयोग पुऱ्याउँछ ।

मेलमिलापसम्बन्धी ऐन २०६८ अन्तर्गत पनि मेलमिलाप केन्द्रहरु खोल्न सकिने हुँदा कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादका पक्षहरुले रोजेको वा सो विषयमा पक्षहरुबीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवादको समाधानका लागि पठाउन सक्छ । न्यायिक समितिका अधिकार क्षेत्र भित्र रहेका विवाद समाधानका लागि वडामा रहने मेलमिलाप केन्द्रको महत्वपूर्ण भूमिका रहन्छ । प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र सञ्चालनका लागि स्थानीय तहले मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी, सेमिनार तथा प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ ।

### ३. स्थानीय स्तरमा न्यायिक समितिको स्थापना गर्नुको उद्देश्यहरु के–के हुन्?

न्यायिक समितिसम्बन्धी व्यवस्था मूलतः देहायका उद्देश्यहरुबाट प्रेरित भएको पाईन्छः

(क) न्याय पाउनु नागरिकको अहरणीय अधिकार भएकाले न्यायमा पहुँच सकेसम्म सरल, सुलभ र सहज रूपमा स्थानीय तहमा सुनिश्चित गर्नु,

(ख) अदालतको खर्चिलो एवं झन्झटिलो प्रक्रियाबाट उन्मुक्ति दिईलाई पीडित पक्षलाई न्यायमा पहुँच सहज बनाउनु,

(ग) तथ्य भए गरेको यथार्थ कुरा स्थानीय तहमा थाहा हुने भएकाले तथा स्थलगत निरिक्षण गरी छलफल गरेर विवादका पक्षहरुले न्याय पाएको अनुभूति गराउनु,

(घ) सामान्य प्रकृतिका घरायसी झगडा तथा छरछिमेकीको विवाद स्थानीय तहमा नै समाधान गर्नु,

(ङ) पक्षहरुको छलफल र सम्वाद एवम् आपसी सहमतीमा विवाद समाधान गराउनु,

(च) सामूहिक भावना र एकतामा जोड दिई सामुदायिक शान्ति र सौहार्दता मजबुत बनाउनु,

(छ) महिला तथा सिमान्तकृत समुदायको न्यायमा पहुँच सहज बनाउनु,

(ज) विवादका पक्षहरुबीच आपसी सम्बन्ध सुमधुर एवम् सुदृढ गरी श्रम र समयको बचत सुनिश्चित बनाउनु,

(झ) न्यायको पहुँचमा सुगमता, सरलता र विश्वसनियता कायम गर्नु आदि ।

## ४. **न्यायिक समितिले कुन–कुन विवाद हेर्न सक्दछ ?**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारका विवाद निरूपण एवं मेलमिलाप सम्बन्धी क्षेत्राधिकार स्पष्ट गरेको छ । ऐनको दफा ४७ (१) र दफा ४७ (२) ले न्यायिक समितिलाई निम्नप्रकारका मुद्दाहरु हेर्ने अधिकारहरु दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा दफा ४७ (१) बमोजिमको मुद्दामा सकेसम्म मिलापत्र गराउने, मिल्न नसकेमा प्रमाण बुझी कारवाही र किनारा गर्न सकिन्छ भने दफा ४९ (२) बमोजिम समिति समक्ष पेश भएका विवादहरुमा मेलमिलाप गराउने र मेलमिलाप हुन नसकेकामा अदालतमा पठाउनु पर्ने व्यवस्था छ ।

| मेलमिलाप हुन नसकेमा न्याय निरूपण गर्ने वा निर्णय दिन सकिने प्रकृतिका विवादहरु दफा ४७ (१) | मेलमिलाप गराउन मात्र सकिने प्रकृतिका विवादहरु दफा ४७ (२) |
|---|---|
| (क) आलीधुर, बांध-पैनी, कुलो वा पानीघाटको बाँडफाँड र उपयोग,<br>(ख) अर्काको बाली नोक्सान गरेको,<br>(ग) चरन घाँस दाउरा,<br>(घ) ज्याला मजदुरी नदिएको,<br>(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,<br>(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,<br>(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई ईज्जतआमद अनुसार खानलाउन वा शिक्षा-दीक्षा नदिएको,<br>(ज) वार्षिक २५ लाख रूपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,<br>(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुखबिरुवा लगाएको,<br>(ञ) आफ्नो घर वा बलेसी वा अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, | (क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाई खाएको,<br>(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,<br>(ग) पतिपत्नी बीचको सम्बन्ध विच्छेद,<br>(घ) अंगभंगबाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट,<br>(ङ) गाली बेईज्जती,<br>(च) लुटपिट,<br>(छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,<br>(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,<br>(झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,<br>(ञ) ध्वनी प्रदुषण गरी फोहोर मैला फ्यांकी छिमेकीलाई असर पारेको, |

| | |
|---|---|
| (ट) संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको ।<br>(ठ) कसैको हक वा स्वामित्वमा भएपनि परापूर्व कालदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर, कुलो, नहर, पोखरी, पाटी-पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा बाधा पुऱ्याएको,<br>(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनि तोकेका अन्य विवाद । | (ट) प्रचलित कानूनबमोजिम मेलमिलाप हुनसक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद । |

**५. स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) र दफा ४७ (२) ले न्यायिक समितिलाई मुद्दाहरु हेर्ने अधिकार दिएको विवादहरु न्यायिक समितिको अलावा अन्य निकायमा उजुरी गर्न मिल्छ वा मिल्दैन ?**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (२) बमोजिमका विवादहरु पक्षले चाहेमा न्यायिक समितिमा उजुरी नगरी सिधै सम्बन्धित अदालतमा मुद्दा दायर गर्न सकिन्छ । तर अदालत र न्यायिक समिति दुवै ठाउमा एकै साथ भने मुद्दा दायर गर्न पाईदैन ।

**६. न्यायिक समितिले मेलमिलापको माध्यमबाट समाधान गर्नसक्ने अन्य (१ बर्षसम्म कैद र जरिवाना हुनसक्ने) फौजदारी विवाद कुन–कुन हुन् ?**

विवाद बढ्दै गएमा कालान्तरमा त्यो द्वन्द्वको रूप लिन्छ । त्यसबाट ठूलो जनधनको क्षति हुन सक्तछ । यस्तो अवस्थामा कुनै व्यक्ति वा समूहलाई मात्र हानी नभई समग्र

समाज, राष्ट्रकै शान्ति, अमन चयन र सुशासनमा समेत अवरोध पुग्न जान्छ । त्यसैले सानातिना मत भेदका कारण उत्पन्न विवादलाई समझदारीमा ल्याई विवादमा संलग्नपक्षको हित सुनिश्चित गरी लाभ लाभको मान्यताका आधारमा स्थानीय तहमा आपसमा मेलमिलाप गराउने विवाद समाधानको सर्वोत्तम उपाय हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) मा न्यायिक समितिले एक बर्षभन्दा कम सजाय हुने विवादलाई मेलमिलाप प्रक्रियाबाट समाधान गर्न सक्ने व्यवस्था गरेको छ । तर कानूनमा तोकिएको कैदको अवधीको आधारमा मात्र फौजदारी वा देवानी भनेर किटानी गर्न सकिँदैन । कतिपय विवाद जो एक वर्षभन्दा कमै सजाय हुने भए तापनि सार्वजनिक अपराधका रूपमा परिभाषित भएका छन् । मुलुकी अपराध संहिता, २०७४ ले समेटेका मुख्यगरी एक वर्षसम्म सजाय हुने निम्न विवादहरुको समाधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) बमोजिम मेलमिलापबाट समाधान गर्न सकिन्छ ।

| क्र.सं. | विवाद (मुलुकी अपराध संहिता) | सजाय |
|---|---|---|
| | लापरवाहीपूर्ण काम गरी वा हेलचेक्र्याईं गर्ने वा अन्य चोट पुर्‍याएमा १९५ (१) | अन्य किसिमको चोट पुगेको रहेछ भने १ बर्षसम्म कैद वा १०,०००/- रूपैयासम्म जरिवाना वा दुवै १९५ २, (क) |
| १ | हेलचेक्र्याईं गरी त्यस्तो कसूर गरेको रहेछ भने १९५ २(ख) | ६ महिनासम्म कैद र ५ हजार रूपैयाँसम्म जरिवाना वा दुवै |
| | अपराधिक बल प्रयोग गर्न नहुने (१९६) बिना हातहतियार<br>- कसूर गर्ने नियतले बल प्रयोग गरेमा<br>- क्षति पुर्‍याउने, डर, त्रास उत्पन्न गराउने वा झिझ्याउने नियतले वा त्यस्तो हुनसक्छ भन्ने जानी-जानी बल प्रयोग गरेमा | १ बर्ष सम्म कैद वा १०,०००/- रूपैयाँसम्म जरिवाना वा दुवै |

| | | |
|---|---|---|
| | – बल प्रयोग हुन्छ भनि त्रसित पारेमा, धम्की दिएमा वा जोर जुलुम गरेमा वा उद्योग गरेमा | |
| | कसूर गर्ने नियतले बेहोस पार्न नहुने (१९७) | १ बर्षसम्म कैद वा १००००/- रूपैयाँसम्म जरिवाना वा दुवै |
| २. | बदनियतपूर्वक थुनछेक गर्न नहुने (२००)<br>कसैको आवागमन अवरोध गर्न वा गराउन हुँदैन । | ६ महिनासम्म कैद वा ५०००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| ३. | अपराधिक प्रवेश गर्न नहुने (२८४, (२) ख) | ६ महिनासम्म कैद वा ५०००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| ४. | लुटपिट गर्न गराउन नहुने (२८६) | ३ महिनासम्म कैद वा लुटपिट गरेको विगोको २५% सम्म जरिवाना वा दुवै । बिगो भराईदिनु पर्ने । |
| ५. | गोप्य कुरा प्रकट गर्न नहुने (२९४) | १ बर्षसम्म कैद वा १००००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| | अनुमतिबिना तस्वीर खिच्न वा तस्वीरको स्वरूप विगार्न नहुने । (२९५) | १ बर्षसम्म कैद वा १००००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| | हैरान पार्ने बद्नियतले चिठ्ठी पत्र लेख्न नहुने । (३००) | १ बर्षसम्म कैद र १०,०००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| | अरुको शरीर खानतलासी गर्न नहुने । (३०१) | १ बर्षसम्म कैद वा १००००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |
| ६. | गाली गर्न नहुने (३०५) | १ बर्षसम्म कैद वा १००००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |

घरेलु हिंसा कसुर र सजाय ऐन २०६६ ले गरेको व्यवस्था

| | | |
|---|---|---|
| ७. | घरेलु हिंसा गर्न नहुने दफा (१३ ख) | ६ महिनासम्म कैद र ३०००/- देखि २५,०००/- रूपैयाँसम्म जरिवाना वा दुवै । |

**७. प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी मुद्दा भन्नाले कुन–कुन मुद्दा भन्ने बुझिन्छ ?**

सामान्यता निम्न प्रकारका देवानी प्रकृतिका विवादमा मेलमिलापद्वारा समाधान हुनसक्छन्:

**क) भवननिर्माण सम्बन्धी विवाद**

- नक्सा पास रोक्का
- पास नक्सा विपरित निर्माण रोक्का
- मापदण्ड विपरितको निर्माण रोक्का
- नक्सापास विनाको निर्माण रोक्का
- जथाभावी राखेको निर्माण सामाग्री हटाउने

**ख) वातावरण संरक्षण, सरसफाई तथा प्रदुषण सम्बन्धी विवाद**

- तोकिएको ठाँउमा तोकिए बमोजिम फोहोर नराखेको विषय
- जल, स्थल, वायु, दृश्य तथा ध्वनी प्रदुषण गरेका विषय
- जलस्रोत माथिको अतिक्रमण रोक्ने विषय
- सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धी विषय
- ढल निकास सम्बन्धी विषय

**ग) अन्य सम्बन्धित विषय**

- सार्वजनिक निर्माण तथा यातायत सम्बन्धी विषय
- जनस्वास्थ्य हानी पुऱ्याएको सम्बन्धी विषय
- उद्योगबाट पर्ने प्रभाव सम्बन्धी विषय
- पर्खाल हटाउने सम्बन्धी विषय
- घरपालुवा जनावर छाडेको विषय
- वधशाला सम्बन्धी विषय
- सम्झौता विपरित कार्य गरेको विषय
- सार्वजनिक भवन प्रयोग सम्बन्धी विषय (व्यवस्थापन, रोक्ने, हस्तान्तरण बाहेकका कार्य)
- ठेक्का पट्टा सम्बन्धी विषय
- सिफारिस सम्बन्धी विषय

- सार्वजनिक सम्पत्ति सम्बन्धी विषय (व्यवस्थापन, सुरक्षामात्र, हस्तान्तरण बाहेकका कार्य)
- महामारी संक्रमण रोगको रोकथाम सम्बन्धी विषय
- फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय
- अनाधिकृत विज्ञापन हटाउने विषय
- स्थानीय बजार विज्ञापन हटाउने विषय
- विपद व्यवस्थापन सम्बन्धी विषय

## ८. न्यायिक समितिको संयोजक र सदस्यहरूले अधिकारक्षेत्रको प्रयोग कसरी गर्दछन्?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग निम्नबमोजिम तोकेको छ ।

- न्यायिक समितिका संयोजक र सदस्यहरूले सामूहिक रूपले गर्ने र बहुमतको राय न्यायिक समितिको निर्णय मानिने व्यवस्था गरेको छ। न्यायिक समितिको संयोजक र अर्को एकजना सदस्यको उपस्थिति भएमा विवादको कारवाही र किनारा गर्न सकिने,
- न्यायिक समितिको संयोजक बाहेक अरु २ जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्ने बाहेक अरु कारवाही गर्न सकिन्छ ।
- संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुईजना सदस्यको सर्वसम्मतिमा विवादको कारवाही र किनारा गर्न सकिन्छ ।
- कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा संयोजक वा सदस्यबाहेकका अन्य सदस्यले सो विवादको कारवाही र किनारा गर्न सकिन्छ ।
- संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारवाही र किनारा गर्न नमिल्ने भएमा सभाले तीनजना सदस्यलाई सो विवादको मात्र कारवाही र किनारा गर्ने गरी तोक्नुपर्छ । तोकिएका सदस्यमध्ये जेष्ठ सदस्यले संयोजकको रूपमा काम गर्नेछ ।

◆◆◆

# परिच्छेद ५

## न्यायिक समितिद्वारा हेरिने मुद्दाहरुमा कानुनी हदम्याद सम्बन्धी व्यवस्था

१. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) ले न्यायिक समितिलाई मुद्दाहरु हेर्ने अधिकार दिएका विवादहरु दायर गर्ने हदम्याद सम्बन्धी कस्तो व्यवस्था छ ?**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(४) बमोजिम मुद्दा दायर गर्न यदि प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकेकोमा सोही हदम्यादभित्र र नतोकिएको हकमा त्यस्तो कार्य भए गरेको मितिले ३५ दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानूनमा तोकिएको हदम्याद सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ ।

| न्याय निरूपण गर्न वा निर्णय दिनुपर्ने विवादहरु (दफा ४७ (१) | हदम्याद र कानून[32] |
|---|---|
| (क) आँलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड र उपयोग | मुलुकी देवानी संहिता, २०७४ को दफा २८८, दफा २९१, दफा २९२, दफा २९३, दफा २९४ र दफा २९८: <br><br> दफा २८८: कुलो बनाउन दिनुपर्ने । <br><br> दफा २९२: कुलोको पानीको उपयोग र बाँडफाँड । <br><br> दफा २९२: सहमति बिना कुलो बदल्न नहुने । |

32 Judicial Service Training Centre, *Resource Book and TrainingManual on Judicial Committee in Dispute Resolution*, Judicial Service Training Centre,Ministry of Law, Justice and Parliamentarian Affairs, Kathmandu, 2076, pg. 20-30

| | |
|---|---|
| | दफा २९३: कुलोमा श्रम वा खर्च नगर्नेले पानी उपयोग गर्न नपाउने ।<br><br>दफा २९४: आपसी सहमती बमोजिम कुलो बनाउन वा पानी उपयोग गर्न सकिने ।<br><br>दफा २९८ हदम्याद: उक्त दफाहरु बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र उजुरी गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>यी मुद्दाहरुको हकमा अन्य कानूनमा व्यवस्था नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ९ अनुसार बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेसमार्फत् लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनुपर्नेछ । |
| (ख) अर्काको बाली नोक्सान गरेको | मुलुकी देवानी संहिता, २०७४ को दफा ६७६ र दफा ६८४:<br><br>दफा ६७६: पशुले गरेको हानि नोक्सानी बापत पशुधनीले दायित्व व्यहोर्नु पर्ने ।<br><br>दफा ६८४ हदम्याद: उक्त दफा बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र उजुरी गर्न सक्ने कानुनी प्रावधान रहेको छ । |

| | |
|---|---|
| | प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>अन्य कानूनमा व्यवस्था नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ९ अनुसार बाटाका म्यादबाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत् लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हनुपर्नेछ । |
| (ग) चरन घाँस दाउरा | मुलुकी देवानी संहिता, २०७४ को दफा ३००(१)(ग), दफा ३०४(२), दफा ३१३:<br><br>दफा ३००(१)(ग): गाईवस्तु निकाल्ने निकास, गौचर आदि सार्वजनिक सम्पत्ति मानिने ।<br><br>दफा ३०४(२): सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व सम्बन्धित स्थानीयतहको हुनेछ ।<br><br>दफा ३१३ हदम्याद: उक्त दफाहरु बमोजिम भए गरेको काम कारवाहीबाट मर्कापर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले एक वर्षभित्र उजुरी गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>अन्य कानूनमा व्यवस्था नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ९ अनुसार बाटाका म्यादबाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत् लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हनुपर्नेछ । |

| | |
|---|---|
| (घ) ज्याला मजदुरी नदिएको | मुलुकी देवानी संहिता, २०७४ को दफा ६४०, दफा ६४१, दफा ६४२, दफा ६४३, दफा ६४४(१)(क), दफा ६४६ र दफा ६४७:<br><br>दफा ६४०: काममा लगाउन सकिने ।<br><br>दफा ६४१: ज्याला मजुरी दिनु पर्ने ।<br><br>दफा ६४२: काममा लगाउदा सुरक्षाको व्यवस्था गर्नुपर्ने ।<br><br>दफा ६४३: आठ घण्टाभन्दा बढी काममा लगाउन नहुने ।<br><br>दफा ६४४(१)(क): ज्याला मजदुरी मासिक वा वार्षिक रूपमा निर्धारण गरी भुक्तानी गर्नुपर्ने ।<br><br>दफा ६४६: कामगर्नेलाई ज्याला मजुरी दिनुपर्ने ।<br><br>दफा ६४७ हदम्याद: दफा ६४४ को हकमा मुद्दा गर्नु परेको कारण उत्पन्न भएको मितिले तीन महिनाभित्र र अन्य दफाको विषयहरुमा पैतीस दिनभित्र उजुरी गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।<br><br>ज्याला मजदुरी लगायत श्रम सम्बन्धी विवाद समाधान गर्दा श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ का प्रावधान अनिवार्य रूपमा पालना गर्नु पर्नेछ । |

| | |
|---|---|
| | प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>श्रम ऐन, २०७४ को दफा १६९ मा खाली म्याद तामेलको मात्र कुरा उल्लेख छ, श्रम नियमावली, २०७५ को नियम ७५ र श्रम अदालत (कार्यविधि) नियमावली, २०५२ मा समेत प्रतिवादीले कति दिनभित्र प्रतिउत्तर फिराउने भन्ने व्यवस्था देखिंदैन । तर श्रम अदालत (कार्यविधि) नियमावली, २०५२ को नियम १४ ले अरूले प्रमाण पेश गर्नसक्नेः नियम १० बमोजम तामेल भएको म्यादमा प्रतिवादीले प्रतिवाद गर्न वा बयान दिन नसक्ने कुनै विश्वसनीय कारण देखाई निजका एकाघर सगोलको कुनै हकवाला वा उक्त मुद्दामा प्रतिवादी सरह सरोकार राख्ने अन्य कुनै व्यक्तिले सो म्याद भुक्तान भएको मितिले सात दिनभित्र वादीको दावी खण्डन हुने कुनै प्रमाण पेश गरेमा अदालतले उक्त प्रमाण समेत बुझी मुद्दाको किनारा गर्नु पर्नेछ भन्ने व्यवस्था छ । तर यति दिनभित्र प्रतिउत्तर फिराउन पर्छ भन्ने नभएको, तर मुलुकी देवानीसंहिता २०७४ को परिच्छेद १४ दफा ६४१ र ६४६ मा ज्याला मजुरी दिनुपर्ने भन्ने व्यवस्था भएकोले प्रतिउत्तर लिई अदालत जादा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |

| | |
|---|---|
| (ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको | मुलुकी देवानी संहिता, २०७४ को दफा ६७६:<br><br>पशुले गरेको हानी-नोक्सानी वापत पशुधनीले दायित्व व्यहोर्नु पर्ने, तर पर्याप्त सुरक्षात्मक उपाय अपनाई उपयुक्त तरिकाले नियन्त्रण राखेको अवस्थामा, बाली धनीकै काम, त्रुटी वा हेलचेक्र्याईबाट हानी-नोक्सानी भएकोमा पशुधनीले दायित्व व्यहोर्नु पर्ने छैन ।<br><br>दफा ६८४ हदम्याद: मर्कापर्ने व्यक्तिले सो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>अन्य कानूनमा व्यवस्था नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ९ अनुसार बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत् लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हनुपर्नेछ । |
| (च) जेष्ठ नागरिकको पालन-पोषण तथा हेरचाह नगरेको, | जेष्ठ नागरिक ऐन, २०६३ को दफा ३, दफा ४, दफा ५:<br><br>दफा ३: जेष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने ।<br><br>दफा ४: जेष्ठ नागरिकलाई पालन-पोषण तथा हेरचाह गर्नुपर्ने ।<br><br>जेष्ठ नागरिक ऐन, २०६३ को दफा ५ मा जेष्ठ नागरिकले उजुरी गर्न पाउने व्यवस्था गरेकोमा उक्त ऐन र अन्य कानूनमा कुनै हदम्याद उल्लेख नभएकोले मुलुकी |

| | |
|---|---|
| | देवानी कार्यविधि संहिता २०७४ को नियम ४८ अनुसार जहिलेसुकै उजुरी गर्नसक्ने कानुनी प्रावधान छ ।<br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले ज्येष्ठ नागरिकले उजुरी दिनसक्ने बारेमा स्थानीय निकायकै क्षेत्राधिकारको कुरा गरेको छ । ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १७ मा कारवाही टुङ्गो लगाउनु पर्ने अवधिः ऐनको दफा ५ बमोजिम ज्येष्ठ नागरिकले दिएको उजुरी वा निवेदन उपर सम्बन्धित निकायले त्यस्तो उजुरी वा निवेदन परेको मितिले तीस दिनभित्र टुङ्गो लगाइसक्नु पर्नेछ, तर प्रतिउत्तर फिराउने हदम्यादको व्यवस्था देखिएन । तसर्थ यदी न्यायिक समितिमा उजुरी नदिई अदालत समक्ष उजुरी दिएको अवस्थामा प्रतिउत्तर लिई अदालत जाँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |
| (छ) नाबालक छोराछोरी वा पति-पत्नीलाई ईज्जतआमद अनुसार खानलाउन वा शिक्षा-दीक्षा नदिएको, | मुलुकी देवानी संहिता, २०७४ को दफा २११(१) र दफा २३५(घ):<br>दफा २११(१): बाबु, आमा, नाबालक छोरा, छोरी वा पति, पत्नीलाई ईज्जतआमद अनुसार खानलाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने । |

| | |
|---|---|
| | दफा २३५(घ) हदम्यादः उक्त दफा बमोजिमको खानलाउने लगायतको कार्य नगरेकोमा त्यस्तो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मानाचामल मुद्दा वा नाबालक छोराछोरी वा पतिपत्नीलाई ईज्जतआमद अनुसार खानलाउन वा शिक्षा-दीक्षा नदिएको मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |
| (ज) बार्षिक २५ लाख रूपैया सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा, | मुलुकी देवानी संहिता, २०७४ को दफा ३८३, दफा ३९१, दफा ३९७, दफा ४०५, दफा ४६४ (१)(ज):<br><br>दफा ३८३: बहालमा दिएको मानिने ।<br><br>दफा३९१: बहाल बुझाउने तरिका र प्रकृया ।<br><br>दफा३९७: सम्झौता विपरीत घर प्रयोग गर्न नहुने।<br><br>दफा ४६४(१)(ज): मासिक एक लाख रूपैयाँभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत ।<br><br>दफा ४०५ हदम्यादः मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र तथा दफा ४६४(ज) को व्यवस्था |

| | |
|---|---|
| | बमोजिम मर्का पर्ने व्यक्तिले दफा ४७३ अनुसार त्यस्तो काम कारवाही भए गरेको मितिले एक वर्षभित्र उजुरी गर्न सक्ने कानुनी प्रावधान छ ।<br><br>प्रतिवादी उपस्थित हुनु पर्ने म्याद र कानून<br><br>यस्तो विवादमा न्यायिक समितिमा उजुरी दिएको अवस्थामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |
| (झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख विरुवा लगाएको, | मुलुकी देवानी संहिता २०७४ को दफा २८४, र दफा २८६:<br><br>दफा २८४: असर पर्ने गरी रुखविरुवा लगाउन नहुने ।<br><br>दफा २८६ हदम्याद:उक्त दफा बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र उजुरी गर्न पाउने कानुनी प्रावधान छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>न्यायिक समितिसमक्ष पर्न आएको उजुरीमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |

| | |
|---|---|
| (ञ) आफ्नो घर वा बलेसी वा अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, | मुलुकी देवानी संहिता, २०७४ को दफा २८१ र दफा २८६:<br><br>दफा २८१: घर वा बलेसीको पानी झार्न नपाउने ।<br><br>दफा २८६ हदम्याद: उक्त दफा बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुरी गर्न पाउने कानुनी प्रावधान छ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>न्यायिक समितिसमक्ष पर्न आएको उजुरीमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने हुन्छ । |
| (ट) संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको । | मुलुकी देवानी संहिता, २०७४ को दफा २८० र दफा २८६:<br><br>दफा २८०: झ्याल राख्दा जग्गा छोड्नुपर्ने ।<br><br>दफा २८६ हदम्याद: उक्त दफा बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिना भित्र उजुरी गर्न पाउने कानुनी प्रावधान छ । |

| | |
|---|---|
| | प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>न्यायिक समितिसमक्ष पर्न आएको उजुरीमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने<br>हुन्छ । |
| (ठ) कसैको हक वा स्वामित्वमा भएपनि परापूर्व कालदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर, कुलो, नहर, पोखरी, पाटी-पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा बाधा पुऱ्याएको | मुलुकी देवानी संहिता, २०७४ को दफा ३७१, ३७३ र ३८२:<br>दफा ३७१: भोगचलन वा प्रयोग गर्न दिनुपर्ने ।<br>दफा ३७३: बाटोको सुविधाभार प्राप्त गर्ने ।<br>दफा ३८२ हदम्यादः उक्त दफाहरु बमोजिम भएगरेको काम  कारवाहीबाट मर्का पर्न जाने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न पाउने कानुनी प्रावधान छ ।<br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>न्यायिक समितिसमक्ष पर्न आएको उजुरीमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने<br>हुन्छ । |

| | |
|---|---|
| (ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनि तोकेका अन्य विवाद । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (४)बमोजिम मुद्दा दायर गर्न यदि प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकेकोमा सोही हदम्यादभित्र र नतोकिएको हकमा त्यस्तो कार्य भएगरेको मितिले ३५ दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।<br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>निम्न उल्लेखित मुद्दाहरुको हकमा अन्य कानूनमा व्यवस्था नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा ९ अनुसार बाटाका म्यादबाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत् लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनुपर्नेछ । |

२. **स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (२) ले न्यायिक समितिलाई मुद्दाहरु हेर्ने अधिकार दिएको विवादहरु दायर गर्ने हदम्याद सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(४) बमोजिम मुद्दा दायर गर्न यदि प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही हदम्यादभित्र र नतोकिएको हकमा त्यस्तो कार्य भए गरेको मितिले पैंतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

प्रचलित कानूनमा तोकिएको हदम्याद सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ।

| मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्नुपर्ने (निर्णय गर्न नमिल्ने) विवादहरुः | हदम्याद र कानून[33] |
|---|---|
| (क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाई खाएको । | मुलुकी देवानी संहिता, २०७४ को दफा २७७ र दफा २८६: <br><br> दफा २७७: सम्पत्ति अनतिक्रम्य हुने । <br><br> दफा २८६ हदम्यादः यस परिच्छेद बमोजिम भएगरेको कामबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भएगरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न पाउने कानुनी प्रावधान छ । <br><br> प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून <br><br> मुलुकी देवानी संहिता, २०७४ को दफा २७७ (१): कसैले पनि अन्य व्यक्तिको सम्पत्ति च्यापी मिची वा कुनै तवरले अतिक्रमण गर्न हुँदैन । <br><br> मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने छ । |

33 Judicial Service Training Centre, *Resource Book and TrainingManual on Judicial Committee in Dispute Resolution*, Judicial Service Training Centre,Ministry of Law, Justice and Parliamentarian Affairs, Kathmandu, 2076, pg. 20-30

| | |
|---|---|
| (ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक अरुको जग्गामा घर वा कुनै संरचना बनाएको । | मुलुकी देवानी संहिता, २०७४ को दफा २७९ र दफा २८६: <br><br> दफा २७९: सहमति नलिई अर्काको जग्गामा घर बनाउन नहुने । <br><br> दफा २८६ हदम्याद: यस परिच्छेद बमोजिम भएगरेको कामबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न पाउने कानुनी प्रावधान छ । <br><br> प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून <br><br> मुलुकी देवानी संहिता, २०७४ को दफा २७९(१): कसैले पनि स्वामत्विवालाको लिखित सहमति नलिई निजको जग्गामा घर बनाउन सक्ने छैन । <br><br> मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तर पेश गर्नुपर्ने छ । |
| (ग) पतिपत्नी बीचको सम्बन्ध विच्छेद, | मुलुकी देवानी संहिता, २०७४ को दफा १०४ अनुसार मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्न पाउने कानुनी प्रावधान छ । (सम्बन्ध विच्छेद नहुने गरी मात्र मिलापत्र गराउन सक्नेछ ।) |

| | |
|---|---|
| | प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने छ । |
| (घ) अंगभंगबाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट | मुलुकी अपराध संहिता, २०७४ को दफा १९५ र दफा ११९:<br><br>दफा १९५: लापरवाहीपूर्ण काम गरी वा हेलचेक्र्याईं गरी कुटपिट गर्न वा अङ्गभंङ्ग वा अन्य चोट पुर्‍याउन नहुने ।<br><br>दफा ११९ हदम्यादः यस दफाअनुसारको कसुरमा त्यस्तो काम कारवाही भए गरेको मितिले एक वर्ष भित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । एक वर्ष नाघेपछि भने उजुर लाग्ने छैन ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी अपराध संहिता, २०७४ को दफा १९१(१) र मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ५९ को उपदफा २ अनुसार प्रतिवादीलाई समाह्वान तामेल भएको मितिले १५ दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तर वा लिखितजवाफ पेश गर्नुपर्ने छ । |

| | |
|---|---|
| (ङ) गाली बेईज्जती | मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५, दफा ३०६ र दफा ३०८:<br>दफा ३०५: गाली गर्न नहुने ।<br>दफा ३०६: बेइज्जती गर्न नहुने ।<br>दफा ३०८ हदम्याद: यस दफा अनुसार कसुर भएको कुरा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ ।<br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ को उपदफा २ अनुसार प्रतिवादीलाई समाव्हान तामेल भएको मितिले १५ दिनभित्र प्रतिवादीले प्रतिउत्तर वा लिखित जवाफ पेश गर्नुपर्ने छ । |
| (च) लुटपिट | मुलुकी अपराध संहिता, २०७४ को दफा २८६ र दफा २८८:<br>दफा २८६: लुटपिट गर्न नहुने ।<br>दफा २८८ हदम्याद: यस दफा अन्तर्गतको कसुर भएकोमा सो भए गरेको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ ।<br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ को उपदफा २ अनुसार प्रतिवादीलाई समाह्वान तामेल भएको मितिले १५ दिनभित्र प्रतिवादीले प्रतिउत्तर वा लिखित जवाफ पेश गर्नुपर्ने छ । |

| | |
|---|---|
| (छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको | मुलुकी देवानी संहिता, २०७४ को दफा ६७६ र दफा ६८४:<br><br>दफा ६७६: पशुले गरेको हानी-नोक्सानी वापत पशुधनीले दायित्व व्यहोर्नु पर्ने ।<br><br>दफा ६८४ हदम्याद: यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने छ । |
| (ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको | मुलुकी अपराध संहिता, २०७४ को दफा ३०२ र दफा ३०४:<br>दफा ३०२: अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने ।<br>मुलुकी देवानी संहिता, २०७४ को दफा २७६(४): कसैले पनि कानून बमोजिम बाहेक कुनै व्यक्तिको मन्जुरी नलिई निजको घर कम्पाउण्डमा प्रवेश गर्न पाउने छैन ।<br>दुष्कृति: मुलुकी देवानी संहिता २०७४ दफा ६८०: अनधिकृत प्रवेशको दायित्व वेहोर्नु पर्ने: कसैको सम्पत्तिमा अनधिकृत प्रवेश गरेको कारणले भएको हानी-नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व बेहोर्नु पर्नेछ । |

| | |
|---|---|
| | दुष्कृतिः मुलुकी देवानी संहिता २०७४ दफा ६८४ यस दफाअनुसार भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले सो काम कारवाही भएगरेको मितिले छ महिना भित्र उजुर गर्नसक्ने कानुनी प्रावधान छ<br><br>मुलुकि अपराध सहिता २०७४ दफा ३०४ हदम्यादः यस दफा अन्तर्गतको कसुरमा कसुर भएगरेको मितिले तीन महिनाभित्र उजुर गर्नुपर्ने कानुनी प्रावधान छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिन भित्र प्रतिवादीले प्रतिउत्तर पेश गर्नुपर्ने छ । |
| (झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको | मुलुकी देवानी संहिता, २०७४ को दफा २८७ र दफा २९८:<br><br>दफा २८७: कसैले पनि अन्य व्यक्तिको हकभोग र स्वामित्वको जग्गा निजको मन्जुरी नलिई आवाद गर्न वा भोगचलन गर्न वा गराउन हुँदैन ।<br><br>दफा २९८ हदम्यादः यस दफा अन्तर्गत भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र उजुर गर्नसक्ने कानुनी प्रावधान छ । |

| | |
|---|---|
| | प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएको मितिले २१ दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तर पेश गर्नुपर्ने छ । |
| (ञ) ध्वनी प्रदुषण गरी, फोहोरमैला फ्यांकी छिमेकीलाई असर पारेको | वातावरण संरक्षण ऐन, २०५३ को दफा ७:<br><br>दफा ७: प्रदुषणको रोकथाम तथा नियन्त्रण<br><br>मुलुकी देवानी संहिता, २०७४ को दफा ६७९ र दफा ६८४:<br><br>दफा ६७९: घरको मुलीले दायित्व बेहोर्नु पर्ने: कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा बस्तु फालेको कारणबाट कसैलाई हानि नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व बेहोर्नु पर्ने ।<br><br>दफा ६८४ हदम्याद: यस परिच्छेद बमोजम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भएको गरेको मितिले छ महिनाभित्र उजुरी गर्नसक्ने कानुनी प्रावधान छ ।<br><br>प्रतिवादी उपस्थित हुनुपर्ने म्याद र कानून<br><br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११९ अनुसार प्रतिवादीलाई म्याद तामेल भएका मितिले २१ दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तर पेश गर्नुपर्ने छ । |

मेलमिलाप गर्ने नगर्ने विषय पक्षको स्वतन्त्रता र ऐच्छिक विषय भएकोले यदि पक्षले सीधै अदालतमा मुद्दा दर्ता गर्न चाहेको अवस्थामा सीधै अदालतमा मुद्दा दर्ता गर्न बाधा पर्ने छैन ।

३. **न्यायिक समितिले मेलमिलापको माध्यमबाट समाधान गर्नसक्ने अन्य (१ बर्षसम्म कैद र जरिवाना हुन सक्ने) फौजदारी विवादमा उजुरी गर्ने हदम्याद सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?**

न्यायिक समितिले मेलमिलापको माध्यमबाट समाधान गर्नसक्ने अन्य (१ बर्षसम्म कैद र जरिवाना हुन सक्ने) फौजदारी विवादहरुमा उजूरी गर्न प्रचलित कानून बमोजिम तोकिएको हदम्याद सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ ।

| क.सं | विवाद | कानून र हदम्याद |
|---|---|---|
| १ | (क) लापरवाहीपूर्ण काम गरी वा हेलचेक्र्‍याईं गर्ने वा अन्य चोट पुर्‍याएमा | मुलुकी अपराध संहिता, २०७४ को दफा १९५ र दफा ११९:<br>दफा १९५: लापरवाहीपूर्ण काम गरी वा हेलचेक्र्‍याईं गरी कुटपिट गर्न वा अङ्गभङ्ग वा अन्य चोट पुर्‍याउन नहुने ।<br>दफा ११९ हदम्याद: त्यस्तो काम कारवाही भए गरेको मितिले एक वर्षभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |
| | (ख) अपराधिक बल प्रयोग गर्न नहुने (हातहतियार बिना) कसूर गर्ने नियतले बल प्रयोग गरेमा क्षति पुर्‍याउने, डर त्रास उत्पन्न गराउने वा झिझ्याउने नियतले वा त्यस्तो हुनसक्छ भन्ने जानीजानी बल प्रयोग गरेमा बल | मुलुकी अपराध संहिता, २०७४ को दफा १९६ र दफा ११९:<br>दफा १९६: अपराधिक बल प्रयोग गर्न नहुने ।<br>दफा ११९ हदम्याद:दफा १९६ कसुर भएकोले त्यस्तो कसुर भए गरेको मितिले तीन महिनाभित्र |

| | | |
|---|---|---|
| | प्रयोग हुन्छ भनि त्रसित पारेमा, धम्की दिएमा वा जोरजुलुम गरेमा वा उद्योग गरेमा | उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |
| | (ग) कसूर गर्ने नियतले बेहोस पार्न नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा १९७ र दफा १९९: <br><br> दफा १९७: कसूर गर्ने नियतले बेहोस पार्न नहुने । <br><br> दफा १९९ हदम्याद:दफा १९७ को कसुर अन्तर्गतको कसुरमा त्यस्तो व्यक्तिको होस आएको मितिले छ महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |
| २. | बदनियतपूर्व थुनछेक गर्न नहुने कसैको आवागमन अवरोध गर्न वा गराउन हुँदैन | मुलुकी अपराध संहिता, २०७४ को दफा २००(३) र दफा २०५: <br><br> २००(३): अधिकार प्राप्त व्यक्तिले बाहेक अरु कसैले कसैको आवागमनमा अवरोध गर्न वा गराउन हुँदैन । <br><br> दफा २०५ हदम्याद: त्यस्तो कसुर भएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |

| | | |
|---|---|---|
| ३. | अपराधिक प्रवेश गर्न नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा २८४ र दफा २८८:<br><br>दफा २८४: अपराधिक प्रवेश गर्न नहुने ।<br><br>दफा २८८ हदम्याद: दफा २८४ अन्तर्गतको कसुर भएकोमा त्यस्तो कसुर भएको मितिले छ महिना भित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |
| ४. | लुटपिट गर्न गराउन नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा २८६ र दफा २८८:<br><br>दफा २८६:लुटपिट गर्न नहुने ।<br><br>दफा २८८ हदम्याद:दफा २८६ अन्तर्गतको कसुरमा सो भए गरेको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्ने कानुनी प्रावधान छ । |
| ५. | (क) गोप्य कुरा प्रकट गर्न नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा २९४ र दफा ३०४:<br><br>दफा २९४: गोप्य कुरा प्रकट गर्न नहुने ।<br><br>दफा ३०४ हदम्याद: यस दफा अन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले तीन महिनाभित्र नलिस उजुर गर्नुपर्ने कानुनी प्रावधान छ । |

| | | |
|---|---|---|
| | (ख) अनुमति बिना तस्वीर खिच्न वा तस्वीरको स्वरूप विगार्न नहुने । | मुलुकी अपराध संहिता, २०७४ को दफा २९५ र दफा ३०४:<br><br>दफा २९५: अनुमति बिना कुनै ब्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरूप विगार्न नहुने ।<br><br>दफा ३०४ हदम्याद: यस दफा अन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले तीन महिनाभित्र नलिस उजुर गर्नुपर्ने कानुनी प्रावधान छ । |
| | (ग) हैरान पार्ने बद्नियतले चिठ्ठी पत्र लेख्न नहुने । | मुलुकी अपराध संहिता, २०७४ को दफा ३०० र दफा ३०४:<br><br>दफा ३००: हैरान पार्ने बद् नियतले चिठ्ठी पत्र लेख्न नहुने ।<br><br>दफा ३०४ हदम्याद: यस दफा अन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले तीन महिनाभित्र नालिस उजुर गर्नुपर्ने कानुनी प्रावधान छ । |

| | | |
|---|---|---|
| | (घ) अरुको शरीर खानतलासी गर्न नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा ३०० र दफा ३०४:<br><br>दफा ३०१: अरुको शरीर खानतलासी गर्न नहुने ।<br><br>दफा ३०४ हदम्याद: यस दफा अन्तर्गतको कसुरमा कसुर भए गरेको मितिले तीन महिना भित्र नालिस उजुर गर्नुपर्ने कानुनी प्रावधान छ । |
| ६. | गाली गर्न नहुने | मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५ र दफा ३०८:<br><br>दफा ३०५: गाली गर्न नहुने ।<br><br>दफा ३०८ हदम्याद: यस दफा अन्तर्गतको कसुरमा भएको कुरा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस उजुर गर्नुपर्ने कानुनी प्रावधान छ । |

**४. भवन निर्माण सम्बन्धी विवाद दायर गर्ने हदम्याद सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?**

प्रचलित कानून बमोजिम मेलमिलाप हुनसक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी मुद्दाको सम्बन्धमा नालेस उजुरी दायर गर्ने हदम्याद निम्न बमोजिम रहेको छ ।

| अन्य व्यवस्था | हदम्याद र कानून |
|---|---|
| क) भवननिर्माण सम्बन्धी विवाद<br><br>● नक्सा पास रोक्का<br>● पास नक्साविपरित निर्माण रोक्का<br>● मापदण्ड विपरितको निर्माण रोक्का<br>● नक्सा पास विनाको निर्माण रोक्का<br>● सार्वजनिक जग्गा संरचना अतिक्रमण<br>● जथाभावी राखेको निर्माण सामाग्री हटाउने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार<br><br>(क) परिच्छेद-७ भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था<br><br>● दफा ३७: म्यादभित्र घर बनाउने अनुमति नपाएमा त्यस्तो म्याद नाघेको मितिले र प्रतिवेदन प्राप्त भएपछि दिएको सूचनामा चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा निकायले अध्यक्ष वा प्रमुख समक्ष उजुर दिन सक्नेछ ।<br>● दफा ४०: पुनरावेदन: दफा ३९ को उपदफा ४ वा ५ बमोजिम अध्यक्ष वा प्रमुखले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।<br>● भवन ऐन २०५५, को दफा १५ मा नगरपालिका वा शहरी विकास कार्यालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ । |

५. **वातावरण संरक्षण, सरसफाई तथा प्रदुषण सम्बन्धी विवादमा मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?**

| | |
|---|---|
| (क) वातावरण संरक्षण, सरसफाई तथा प्रदुषण सम्बन्धी विवाद<br>● तोकिएको ठाउँ तोकिए बमोजिम फोहोर नराखेको विषय<br>● जल, स्थल, वायु, दृश्य तथा ध्वनी प्रदुषण गरेका विषय<br>● बन, वनस्पती तथा अन्य प्राकृतिक सम्पदा नाश गरेको विषय<br>● जलस्रोत माथिको अतिक्रमण रोक्ने विषय<br>● नदी कटान, बाढी तथा भू-क्षण गराउने कार्य गरेको विषय<br>● भू-उपयोग योजना विपरित कार्य गरेको विषय<br>● सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धी विषय ढल निकास सम्बन्धी विषय | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार<br>● माथि उल्लेख गरेको विषय भए गरेको देखेपछि जुनसुकै समयमा सम्बन्धित निकाय वा अधिकारी समक्ष उजुर गर्न सक्ने र उजुरी पश्चात् गरेको निर्णय वा जरिवाना चित्त नबुझेमा चित्त नबझ्ने पक्षले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।<br>वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार<br>● माथि उल्लेख गरेको विषय भए गरेको देखेपछि जुनसुकै समयमा सम्बन्धित निकाय वा अधिकारी समक्ष उजुर गर्न सक्ने र उजुरी पश्चात् गरेको निर्णय वा जरिवाना चित्त नबुझेमा चित्त नबझ्ने पक्षले स्थानीय तहबाट भएको जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा र नेपाल सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिवाना उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिने छ । |

| | |
|---|---|
| (ख) तोकिएको ठाँउमा तोकिए बमोजिम फोहोर नराखेको विषय<br><br>फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय | फोहर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ४२ पुनरावेदन दिन सक्नेः<br><br>स्थानीय निकायले अनुगमन गर्दा फोहर व्यवस्थापनमा लापरवाही गरेपछि गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिने छ ।<br><br>फोहर मैला व्यवस्थापन ऐन २०६८ को दफा ४२ पुनरावेदन दिन सक्नेः स्थानीयनिकायले अनुगमन गर्दा फोहर व्यवस्थापनमा लापरवाही गरेपछि गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ । |
| (ग) जल, स्थल, वायु, दृश्य तथा ध्वनी प्रदुषण गरेका विषय<br><br>(घ) वन, वनस्पती तथा अन्य प्राकृतिक सम्पदा नाश गरेको विषय<br><br>(ङ) जलस्रोत माथिको अतिक्रमण रोक्ने विषय<br><br>(च) भू-उपयोग योजना विपरित कार्य गरेको विषय | वातावरण संरक्षण ऐन २०७६, को दफा ३६ अनुसारः<br>कसैले यस ऐन विपरित प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष वातावरण प्रदुषण सम्बन्धी कार्य भए पछि जहिलेसुकै । |

| | |
|---|---|
| | वातावरण संरक्षण ऐन २०७६, को दफा ३७ अनुसार पुनरावदेन गर्ने हदम्याद<br>● वातावरण प्रदुषण गर्ने कार्य उपर भएको जरिवानामा चित्त नबुभ्ने पक्षले स्थानीय तहबाट भएको जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा र नेपाल सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिवाना उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्नसक्ने छ ।<br>● प्रदुषणवाट भएको क्षति उपर दिईएको क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पनुरावेदन गर्नसक्ने छ । |
| (छ) जल, स्थल, वायु, दृश्य तथा ध्वनी प्रदुषण गरेका विषय | मुलुकी अपराध संहिता, २०७४ को दफा १११ र दफा ११२ अनुसारको कसूर भएकोले सोही ऐनको दफा १२८(२) अनुसार त्यस्तो कसुर भएको कुरा थाहा पाएको मितिले छ महिनाभित्र उजुर गर्नसक्ने छ । |

६. **पुरातात्विक तथा सांस्कृतिक वस्तुहरुसाग सम्बन्धित विवादमा मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?**

| (क) पुरातात्विक तथा सांस्कृतिक वस्तुहरुसँग सम्बन्धित विषय | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार |
|---|---|
| • सार्वजनिक निर्माण तथा यातायात सम्बन्धी विषय<br>• उद्योगबाट पर्ने प्रभाव सम्बन्धी विषय<br>• पर्खाल हटाउने सम्बन्धी विषय<br>• सम्झौता विपरित कार्य गरेको विषय<br>• सार्वजनिक भवन प्रयोग सम्बन्धी विषय<br>• ठेक्का पट्टा सम्बन्धी विषय<br>• सिफारिस सम्बन्धी विषय<br>• सार्वजनिक सम्पत्ति सम्बन्धी विषय<br>• अनधिकृत विज्ञापन हटाउने विषय<br>• स्थानीय बजार विज्ञापन हटाउने विषय<br>• विपद व्यवस्थापन सम्बन्धी विषय | • उल्लिखित विषय भए गरेको देखेपछि जुनसुकै समयमा सम्बन्धित निकाय वा अधिकारी समक्ष उजुर गर्नसक्ने छ ।<br>• उजुरी पश्चात् गरेको निर्णय वा जरिवानामा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नसक्ने छ । |
| (ख) उद्योगबाट पर्ने प्रभाव सम्बन्धी विषय | वातावरण संरक्षण ऐन २०७६, को दफा ३६ र दफा ३७:<br>दफा ३६: निवेदन दिन सक्ने ।<br>कसैले यस ऐन विपरित प्रारम्भिक वातावरणीय परिक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव, |

| | |
|---|---|
| | मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष वातावरण प्रदुषण सम्बन्धीकार्य भए पछि जहिलेसुकै निवेदन दिन सक्नेछ ।<br><br>दफा ३७: पुनरावेदन गर्ने हदम्याद<br><br>● वातावरण प्रदुषण गर्ने कार्यमा भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिवाना सम्बन्धमा भएको निर्णयमा सम्बन्धित जिल्ला अदालत र नेपाल सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिवाना सम्बन्धमा भएको निर्णयमा सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पनुरावेदन गर्न सक्नेछ ।<br>● प्रदुषणबाट भएको क्षति उपर दिइएको क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने । |

**७. न्यायिक समितिले मेलमिलापद्वारा निरूपण गर्न सक्ने अन्य विवादमा हदम्याद सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?**

| | |
|---|---|
| (क) घरपालुवा जनावर छाडेको विषय | मुलुकी अपराध संहिता, २०७४ को दफा ११६, ११७र १२८ः<br>दफा ११६ः पशुपंक्षी राख्दा लापरवाही गर्न नहुने ।<br>दफा ११७ः पशुपंक्षी छाडा छाड्न नहुने ।<br>दफा १२८(२) हदम्यादः दफा ११६ र ११७ अन्तर्गतको कसूरमा त्यस्तो कसुर भएको मितिले तीन महिनाभित्र उजुर गर्नुपर्ने कानुनी व्यवस्था छ । |

# परिच्छेद ६

## न्यायिक समितिद्वारा हेरिने मुद्दामा न्यायिक प्रकृया

### १. न्यायिक समितिमा विवाद आएमा के गर्ने ?

न्यायिक समितिमा पेश भएको निवेदन प्रचलित कानून बमोजिम हकदैया, हदम्याद तथा न्यायिक समितिको अधिकार क्षेत्रभित्र पर्ने, नपर्ने जाँच गरी उजुरी दर्ता गर्नुपर्दछ । दर्ता गरी न्यायिक समितिले दर्ताको निस्सा पक्षलाई उपलब्ध गराउनु पर्छ । हकदैया नभएका वा हदम्याद नाघेका विषयमा उजूरी पर्न आए सोही कारण जनाई दर्ता गर्न नमिल्ने भनी दरपीठ गरी पठाइदिने र न्यायिक समितिको क्षेत्राधिकारबाहिरका विषयमा निवेदन पर्न आएमा सोही कुरा खुलाई दरपीठ गरी सम्बन्धित निकाय (अड्डा वा अदालत) मा पठाइदिनु पर्दछ ।

### २. न्यायिक समितिले विवादका पक्षको हित संरक्षण कसरी गर्न सक्छ ?

न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा विवादसँग सम्बन्धित पीडित पक्ष (महिला, बालबालिका, जेष्ठ नागरिक वा पतिपत्नीबीचको विवादमा नाबालक सन्तान वा आश्रित व्यक्ति) को हितको लागि सम्बन्धित पक्षलाई अन्तरिम संरक्षणात्मक आदेश दिनसक्छ । अन्तरिम संरक्षणात्मक आदेश भनेको विवादका विषयमा अन्तिम निर्णय हुन अगावै विवादका पक्षलाई अन्याय पर्न नदिन न्यूनतम रूपमा आवश्यक पर्ने खान, लाउन, सुरक्षा तथा औषधोपचार गर्न दिइने आदेश हो । (अन्तरिम संरक्षणात्मक आदेश बारे विस्तृत जानकारीका लागि परिच्छेद १ को प्रश्न नं. ९ को उत्तर  हेर्नु होला ।)

### ३. न्यायिक समितिले के–कस्तो अवस्थामा पक्षहरूको सम्पत्ति रोक्का र फुकुवा गर्न सक्छ ?

न्यायिक समितिले आफू समक्ष परेको विवादमा पक्षको निवेदनका आधारमा कुनै पक्षको नाममा रहेको बैंक खाता वा विपक्षीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न वा हक हस्तान्तरण गर्नबाट रोक्का राख्न तथा विवाद मिलेपछि फुकुवाको लागि निवेदन दिन सक्छन् । यसरी निवेदन प्राप्त भएमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझ गरी सो बमोजिम गर्न उपयुक्त देखेमा

अवधि तोकी रोक्का वा फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्छ। यसरी लेखी पठाएकोमा सम्बन्धित निकायले सो बमोजिम रोक्का वा फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्दछ ।[34]

### ४. न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएमा पक्षलाई निर्णयको जानकारी दिनुपर्छ की पर्दैन ?

न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि सहित जानकारी उपलब्ध गराउनु पर्नेछ ।[35]

### ५. न्यायिक समितिको निर्णयमा चित्त नबुझेमा के गर्न सकिन्छ ?

न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछन् ।[36] तर मिलापत्र गरेको विषयमा पुनरावेदन गर्न सकिंदैन ।

### ६. न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णयको कार्यान्वयन कसले गर्छ ?

न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यान्वयन सम्बन्धित कार्यपालिकाले तत्काल गर्नु गराउनुपर्छ । न्यायिक समितिबाट भएको मिलापत्र र निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।[37] न्यायिक समितिबाट भएको अन्तरिम संरक्षणात्मक आदेशको कार्यान्वयन प्रहरी, अस्पताल वा स्वास्थ्य संस्था तथा अन्य सरोकारवालाको समन्वयबाट गर्न सकिन्छ ।

### ७. कस्तो अवस्थामा न्यायिक समितिले विवाद हेर्नु हुँदैन ?

न्यायिक समितिले निम्न अवस्थामा विवाद हेर्नु मिल्दैन ।

(क) विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको भए निजबाट सो विवादको कारवाही वा किनारा

---

34 स्थानीय सरकार सञ्चालन ऐन, दफा ४९ उपदफा ६ र ७

35 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ५०

36 स्थानीय सरकार सञ्चालन ऐन, दफा ५१

37 स्थानीय सरकार सञ्चालन ऐन, दफा ५२

हुन सक्दैन ।[38]

(ख) संयोजक वा सदस्यको नाताभित्रको व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारवाही र किनारा हुन सक्दैन ।[39]

(ग) कुनै संयोजक वा सदस्यले त्यस्तो विवादको कारवाही र किनारा गर्न नमिल्ने विवादको हकमा संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्नसक्छन् ।[40]

(घ) संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारवाही र किनारा गर्न नमिल्ने भएमा भने सम्बन्धित गाँउ सभा वा नगर सभाले तीनजना सदस्यहरुलाई सो विवादको मात्र कारवाही र किनारा गर्ने गरी तोक्नु पर्दछ । त्यसरी विवादको कारवाही र किनारा गर्दा तीनजना सदस्यहरु मध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्दछन् ।[41]

## ८. न्यायिक समितिले विवाद हेर्ने प्रकृयाको चरण कस्तो हुन्छ ?

समग्र न्यायिक समितिको विवाद निरूपण सम्बन्धी काम कारवाहीको चरणगत प्रक्रियालाई साधारणतया निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

| क्र.सं. | काम कारवाहीको चरण | प्रकृयाको संक्षिप्त विवरण |
|---|---|---|
| १. | उजुरी | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ मा उल्लिखित न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवादहरुको सम्बन्धमा पक्षले ल्याएको उजुरीमा स्थानीय न्यायिक कार्यविधि सम्बन्धी कानूनले तोकेको प्रक्रिया अनुरूप न्यायिक समितिका सम्बन्धित कर्मचारीले उजूर दर्ता गर्नुपर्छ । |

38 स्थानीय सरकार सञ्चालन ऐन, दफा ४८ उपदफा ५
39 स्थानीय सरकार सञ्चालन ऐन, दफा ४८ उपदफा ५
40 स्थानीय सरकार सञ्चालन ऐन, दफा ४८ उपदफा ६
41 स्थानीय सरकार सञ्चालन ऐन, दफा ४८ उपदफा ६ र ७

| | | |
|---|---|---|
| | | उजुरी दर्ता गर्दा उजुरीमा निवेदक तथा प्रतिवादीको घर ठेगाना, बाबु, आमा, बाजेको नाम, थर खुले/नखुलेको हेर्नुपर्दछ । |
| २. | दरपीठ | नालिस/उजुरी दर्ता गर्न नमिल्ने भए सोको कारण समेत खोली व्यहोरा खुलाई दरपीठ गरी वादीलाई नालिस/उजुरी फिर्ता दिनुपर्ने, प्रक्रिया नपुगेको भनी दरपीठ गरी फिर्ता गरेको नालिस/उजुरीमा दरपीठमा उल्लेख भएबमोजिमको प्रक्रिया पूरा गरी सात दिनभित्र ल्याएमा यदि हदम्यादभित्र भएदर्ता गरिदिनु पर्छ । |
| ३. | दर्ता निस्सा | वादी पक्षले फिराद दर्ता गरेपछि र प्रतिवादीले प्रतिउत्तर दर्ता गरेपछि दर्ताको निस्सा दिनु पर्दछ । |
| ४. | तारेख भरपाई | निवेदन दर्ता भएकै दिन निवेदक वा निजको वारेसलाई तारेखमा राखी तारेख भरपाई दिनुपर्छ । |
| ५. | म्याद | विपक्षीको नाममा सप्रमाण आफै वा वारेसमार्फत उपस्थित हुन ऐन बमोजिमको म्याद सूचना जारी गर्नुपर्छ । |
| ६. | अन्तरिम आदेश, रोक्का आदेश | सम्पत्ति हस्तान्तरण रोक्का गर्न वा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न माग भएमा प्रारम्भिक जाँचबुझ गरी उपयुक्त देखिए सो सम्बन्धमा उपयुक्त आदेश गर्ने र उक्त आदेशलाई सम्बन्धित निकायमा लेखि रोक्काको लागि वा सहयोगका लागि लेखी पठाउने । |

| | | |
|---|---|---|
| ७. | म्याद तामेली | न्यायिक समितिमा नालिस/उजुरी दर्ता भएपछि तुरुन्तै प्रतिवादीका नाउँमा प्रचलित कानूनमा म्याद तोकिएको भए सोही बमोजिम र नतोकिएकोमा पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत् उक्त म्याद वा सूचना तामेल गराउनु पर्दछ। म्यादसँग नालिस/उजुरीको र पेश भएको प्रमाण कागजको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्दछ। आफ्नो भौगोलिक क्षेत्र बाहिरको म्याद तामेल गर्नु परेमा सम्बन्धित गाउँ/नगरपालिका कार्यालय मार्फत् तामेल गराउनु पर्दछ। |
| ८. | प्रतिउत्तर दर्ता | प्रतिवादी वा निजको वारेसबाट प्रतिवाद/प्रतिउत्तर पेश भएपछि अधिकृतले जाँच गरी कानूनको रीत पुगेको तथा म्यादभित्र पेश भएमा दर्ता गरी मिसिल सामेल गर्नुपर्छ र वादी मिलान हुने गरी प्रतिवादीलाई तारिख तोक्नुपर्छ। |
| ९ . | रोक्का फुकुवा निवेदन उपर<br>आदेश। | निवेदकको मागदावी पश्चात् सम्पत्तिको हस्तान्तरण रोक्का गरेकोमा फुकुवा गरीपाउँ भनि प्रत्यर्थीको निवेदन परेमा सो उपर सुनुवाई गरी फुकुवा गर्नुपर्ने नपर्ने विषयमा उपयुक्त आदेश गर्ने। |
| १० | म्याद थाम्ने | प्रतिउत्तर दर्ता गर्ने वा मुद्दा चल्दाको अवस्थामा कुनै कारणले म्याद गुज्रन गएमा कानूनबमोजिम थाम्न पाउने म्याद बाँकी भएमा सो थामी हाजिर हुने निवेदन लिई |

| | | |
|---|---|---|
| | | पक्ष आफैं वा निजको वारेस उपस्थित भएमा म्याद थामी तारेख दिनुपर्छ । |
| ११. | मेलमिलापकेन्द्रमा पठाउने आदेश | विवादका पक्षहरुको रोजाईमा सम्वद्ध वडा अन्तर्गतको मेलमिलाप केन्द्रमा वा मेलमिलापकर्ताकोमा मेलमिलाप गर्न सहमत गराई पठाउने । |
| १२. | मेलामिलाप भएमा न्यायिक समितिमा मेलमिलापको प्रमाणीकरणको लागि पठाउने | मेलमिलाप भएको भए प्रक्रिया सम्पन्न गरी आवश्यक कागजात (प्रतिवेदन) सहित समितिमा प्रमाणित गर्न पठाउने । मेलमिलाप नभएका मुद्दाहरु पनि न्यायिक समितिमा प्रतिवेदन सहित पठाउने र समितिले सम्बन्धित फाईल, प्रतिवेदन तथा पत्रसाथ अदालतमा पठाउने । |
| १३. | मेलमिलाप नभएमा सम्बन्धित निकायमा पठाउने | तोकिएको समयमा मेलमिलाप हुन नसके निर्णयको लागि पक्षलाई सुनुवाईको मिति तोकी समितिमा पठाउने, निणर्य गर्ने अधिकार नभएको हकमा अदालत पठाउने । |
| १४. | प्रारम्भिक सुनुवाई | मेलमिलापबाट विवाद समाधान नभएमा पेश भएका लिखत प्रमाणको आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले मुद्दा पेश भएको पहिलो पेशी सुनवाईमा नै निर्णय गर्न सक्तछ । समिति समक्ष पेश भएको मुद्दा मेलमिलापबाट समाधान नभएकोमा तत्काल निर्णय गर्न नसकिने भएमा समितिले देहायबमोजिम आदेश गर्नुपर्दछ ।<br>(क) विवादमा मुख नमिलेको कुरामा यकिन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने; |

| | | |
|---|---|---|
| | | (ख) विवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने;<br>(ग) मेलमिलापका सम्बन्धमा विवादका पक्षहरूसँग छलफल गर्ने; तथा<br>(घ) विवादका पक्षहरुलाई अर्को सुनुवाईको लागि तारेख तथा पेशीको समय तालिका निर्धारण गर्ने । |
| १५. | दफा ४७(१) बमोजिमका मुद्दामा प्रमाण बुझ्ने, स्थलगत निरिक्षण गर्ने र साक्षी बुझ्ने | विवादका पक्ष उपस्थित भई तारेखमा बसेपछि विवादको विषयमा विवादमा मुख नमिलेको विषयमा यकिन प्रमाण बुझ्ने, वादी प्रतिवादीमा उल्लिखित अन्य निकायसँग माग गर्नुपर्ने प्रमाण भए सम्बन्धित निकायबाट माग गर्ने, आवश्यक भए प्राविधिक कर्मचारी समेतबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न लगाउने । अन्य कागज, प्रमाण झिकाउन आवश्यक भए झिकाउने, मूल्यांकन गर्ने, साक्षी बुझ्नु पर्ने भए बुझ्ने । |
| १५. | निर्णय गर्ने | ऐनको दफा ४७(१) बमोजिमका मुद्दाहरुमा मेलमिलाप हुन नसके निर्णयको लागि दुवै पक्षलाई स्वच्छ सुनुवाईको मिति तोकी निस्पक्ष, तटस्थ भई न्यायिक मन प्रयोग गरी स्वच्छ सुनुवाई न्यायपूर्ण तरिकाबाट निर्णय गर्ने । |

| | | |
|---|---|---|
| १६. | पुनरावेदन म्याद दिने | निर्णय गर्दा निर्णय उपर चित्त नबुझ्ने पक्षलाई ३५ दिनभित्र पुनरावेदन गर्न जनाउ दिने । |
| १७. | निर्णय कार्यान्वयन गर्ने | पुनरावेदन गर्ने म्यादभित्र पुनरावेदन नपरेमा वा अन्तिम निर्णय भएपश्चात् कार्यपालिका मार्फत् निर्णय कार्यान्वयन गराउने । निर्णय कार्यान्वयनको क्रममा आवश्यकता अनुसार नगर प्रहरीको सहयोग लिन सकिन्छ । |
| १८. | अभिलेख राख्ने | न्यायिक समितिले गरेका निर्णय, मिलापत्र तथा विवादसँग सम्बन्धित लिखतको अभिलेख शाखाले अभिलेखमा जनाउने तथा सुरक्षित राख्ने काम गर्नुपर्दछ । |

९. **स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) अन्तर्गत न्यायिक समितिको अधिकार क्षेत्रभित्र पर्ने मुद्दा निरूपण गर्दा के-कस्तो प्रकृया तथा कार्यविधि अपनाईन्छ ? त्यस विषयका सम्बन्धमा भएका कानुनी व्यवस्था कस्ता छन् ?**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) अन्तर्गतका सवै विवादहरुको निरुपण माथि परिच्छेद ६ को प्रश्न नं. ८ अन्तर्गत वर्णन गरिए जस्तै विभिन्न चरणका कार्यहरु गरी सम्भव भए मिलापत्र गराउने नभए न्यायिक समितिले प्रमाणको आधारमा विवाद निरुपण गर्नु पर्दछ ।

स्थानीय सरसकार सञ्चालन ऐनको दफा ४९ को उपदफा (१२) अनुसार न्यायिक समितिले विवादको निवेदनमा कारवाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ, तथा कारवाही, म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नु पर्ने अवधि, लगत कट्टा गर्ने लगायतका विवादको निरुपणसम्बन्धी अन्य कार्यविधि स्थानीय कानूनबमोजिम हुने उल्लेख गरेको छ ।

दफा ४७ बमोजिमका विभिन्न विषयहरुमा रहेको कानूनी व्यवस्थाहरु देहायबमोजिम रहेका छन् ।

## ९.१. आलीधुर, बाँधपैनी, कुलो वा पानी घाटको बाँडफाँड तथा उपयोग

खेतीपाती अधिकांश नेपालीको जीवनको आधार हो । खेतीपाती गर्ने क्रममा आलीधुर बाँध्ने, कुलो बनाउने तथा त्यसको लागि पानीघाटको बाँडफाँड गर्ने क्रममा सँधियारहरुबीच विवाद आउन सक्तछ । यस्तो विवादहरु समाधान गर्ने अधिकार न्यायिक समितिलाई पनि प्रदान गरिएको छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्था**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८८, २९१, २९२, २९३ २९४ र २९८ मा यसबारे कानुनी व्यवस्था गरिएको छ । (१) जग्गा आवाद गर्न कसैलाई अन्य व्यक्तिको जग्गाबाट कुलो बनाउनु पर्ने भई जग्गा मागेमा सम्बन्धित जग्गाधनीले उपयुक्त ठहऱ्याएको ठाउँबाट त्यस्तो व्यक्तिलाई कुलो बनाउनको लागि जग्गा दिनु पर्नेछ । कुलो बनाउन जग्गा दिए वापत कुलो बनाउने व्यक्तिले सट्टा जग्गा, कुलो बनाई प्रयोग भएको जग्गाको प्रचलित मूल्य बमोजिमको रकम वा मनासिव क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिनु पर्नेछ । सार्वजनिक वा सरकारी जग्गामा कुलो बनाएकोमा कुलोमा परेको जग्गा वापत सट्टा जग्गा, जग्गाको मूल्य वा क्षतिपूर्ति दिनुपर्ने छैन ।

(१) कुलो बनाउनको लागि जुन व्यक्तिले श्रम वा खर्च गरेको छ सोही व्यक्तिले जग्गाआवाद गर्नको लागि कुलोको पानीमा पहिलो प्राथमिकता पाउनेछ । तर परापूर्वदेखि भागबण्डा बमोजिम पानी प्रयोग गर्दै आएको ठाउँमा सबै व्यक्तिहरूले भागबण्डा अनुसार कुलोको पानी उपयोग गर्न पाउनेछन् ।

(२) कुनै व्यक्तिको जग्गामा मात्र बनेको कुलो अन्य व्यक्तिले समेत प्रयोग गर्दै आएको भएमा त्यस्तो कुलो भएको जग्गाधनीले कुलो उपभोग गर्ने व्यक्तिको सहमतिबिना साबिकको कुलो अन्य ठाउँमा फेरबदल गर्न पाउने छैन । तर आवाद गर्न कुलो बनाउने वा पानी उपयोग गर्ने सम्बन्धमा सम्बन्धित जग्गाधनी वा कुलो बनाउने वा पानी उपयोग गर्ने बीच छुट्टै सहमति भएमा सोही सहमति बमोजिम कुलो बनाउन वा पानी उपयोग गर्न सकिनेछ ।

यस परिच्छेद बमोजिम भए गरेको काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्नसक्नेछ ।

## ९.२. अर्काको वाली नोक्सानी गरेको

एक व्यक्तिले लगाएको खेतीवाली, खेतबारीमा उब्जेको अन्न, फलफूल, कृषि उपजलाई कसैको पशुले नष्ट गरिदिएमा क्षति पुऱ्याएमा वा बिगारी दिएमा सो को उजुरी सुनी कारवाही गर्ने अधिकार न्यायिक समितिलाई रहेको छ। "पशु"भन्नाले घर पालुवा वा आफ्नो नियन्त्रणमा रहेको जुनसुकै किसिमको जंगली पशु वा पंक्षी सम्झनुपर्छ र सो शब्दले घरपालुवा, घस्रने जनावर वा जंगली पंक्षी समेतलाई जनाउँछ।

### प्रचलित कानून र त्यसमा भएको व्यवस्था

मुलुकी देवानी संहिता, २०७४ को दफा  ६७६ र ६८४ यस सम्बन्धी व्यवस्था गरिएको छ।  पशुले गरेको हानी-नोक्सानी वापत पशुधनीले दायित्व व्यहोर्नु पर्नेः आफूले पालेको वा आफ्नो नियन्त्रणमा रहेको पशुले कसैलाई पुऱ्याएको हानी-नोक्सानी बापतको दायित्व त्यस्तो पशुधनीले ब्यहोर्नु पर्नेछ। तर त्यस्तो पशुको स्वभाव अनुसार पशुधनीले पर्याप्त सुरक्षात्मक उपाय अपनाई उपयुक्त तरिकाले नियन्त्रण राखेको अवस्थामा हानी-नोक्सानी गरेकोमा वा हानी-नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटि वा हेलचेक्र्याईंबाट हानी-नोक्सानी भएकोमा पशु धनीले दायित्व व्यहोर्नु पर्ने छैन।

दफा ६८४ हदम्याद: यस परिच्छेद बमोजिम भएगरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले सो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ।

## ९.३. चरन, घाँस, दाउरा

चौपाया जनावरहरु गाई, गोरु, भैंसी, राँगा, बाख्रा, भेडा आदि चराउने स्थल (चरन) गौचरन तथा घाँस-दाउरा काट्ने, उपयोग गर्ने आदि सम्बन्धी विवाद निरूपण गर्ने कार्य न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्दछ।

### प्रचलित कानून र त्यसमा भएको व्यवस्था

मुलुकी देवानी संहिता, २०७४ को दफा ३०० उपदफा (१) (ग) मा गाईवस्तु निकाल्ने निकास, गौचर आदि सार्वजनिक सम्पत्ति हुने भन्ने व्यवस्था छ। यस्तो सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय तहको समेत हुने व्यस्था सोही संहिताको दफा ३०४ ले गरेको छ।

सोही संहिताको दफा ३१३ अनुसार मर्का पर्ने पक्षले १ वर्षभित्र उजुरी गर्नुपर्दछ ।

### ९.४. ज्याला मजदुरी नदिएको

कसैले कसैलाई काम लगाएबापत तोकिए बमोजिमको पारिश्रमिक दिनुपर्ने अन्तर र्राष्ट्रिय श्रम सम्बन्धी मान्यता हो । काम गरेवापत काम गर्ने व्यक्तिलाई काम लगाउने व्यक्तिले उपलब्ध गराउनुपर्ने न्यूनतम ज्यालामा नघट्ने गरी तोकिएबमोजिमको पारिश्रमिक (नगद वा जिन्सी) उपलब्ध नगराएमा यस्तो विवाद ज्याला मजुरी संवद्ध विवाद मानिन्छ, जुन न्यायिक समितिले निरूपण गर्नुपर्दछ । त्यस्तो ज्याला परिश्रमिकमा महिला र पुरुषबीच भेदभाव गर्न पाईदैन ।

### प्रचलित कानून र त्यसमा भएको व्यवस्था

मुलुकी देवानी संहिता, २०७४ को दफा ६४० ६४१, ६४२, ६४३, ६४५, ६४६ तथा ६४७ तथा श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ मा यस सम्बन्धी व्यवस्थाहरु गरिएको छ। ती व्यवस्थाहरु अनुसारकम्तीमा १४ वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई निजको मञ्जुरी लिई काममा लगाउन सकिनेछ । तर सोह्र वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन सकिने छैन ।

ज्याला मजदुरी दिदा काम लगाउने र काम गर्ने व्यक्तिको मञ्जुरीले कुनै खास ज्याला तोकेकोमा सोही बमोजिमको र नतोकेकोमा त्यस्तो काम गरे वापत काम गरेको ठाउँमा चलन-चल्तीमा रहेको दर अनुसारको ज्याला मजुरी दिनुपर्नेछ । कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा त्यस्तो कामको प्रकृति अनुसार काम गर्दा हुन सक्ने जोखिम वा खतरा निवारणका पर्याप्त सुरक्षात्मक उपायहरूको व्यवस्था गरेर मात्र काममा लगाउनु पर्नेछ ।

कसैले कुनै व्यक्तिलाई काम लगाउँदा सामान्यतः एक दिनमा आठ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन सकिने छैन । बढी अवधि कसैलाई काममा लगाउनु पर्दा काम गर्ने व्यक्तिको मञ्जुरी हुनु पर्नेछ र त्यसरी काममा लगाउँदा आठ घण्टालाई एकदिन मानी बढी काम गरेको प्रत्येक घण्टा वापत सोही अनुपातमा थप ज्याला मजदुरी दिनु पर्नेछ । तर घरेलु सहायकलाई काममा लगाउँदा यो व्यवस्था लागू हुदैन । “घरेलु सहायक” लाई घर व्यवहारको काममा आवश्यकता अनुसार जुनसुकै बखत काममा लगाउन सकिने गरी काममा लगाइएको व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरिएको छ ।

कसैले कुनै काम गर्न जिम्मा लिई वा कबुल गरिसकेपछि त्यस्तो काम पूरा नगरी मनासिव कारणबिना बीचैमा छोड्नु हुँदैन । कसैले बीचैमा काम छोडेमा त्यसको दायित्व काम छोड्ने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

### ९.५. घरपालुवा पशुपंक्षी हराएको वा पाएको

घरपालुवा पशुपंक्षी हराएमा, कसैले लगेमा वा फेला पारेमा त्यसको स्वामित्व, भोग, हराएको तथा पाएको विवाद पनि स्थानीय तहले निरुपण गर्न सक्तछ । यस्तोमा तथ्यगत अवस्था समेतलाई विचार गरी विवाद निरूपण गर्नु पर्दछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्था**

मुलुकी देवानी संहिता, २०७४ को दफा ६७०: भेट्टाएको वस्तु प्रहरीलाई सूचना दिई धनी फेला नपरेसम्म आफैसँग राख्ने । यसरी राख्दा भएको खर्च धनीले व्यहोर्नु पर्ने । तीन बर्षसम्म धनी फेला नपरेकोमा फेला पार्ने कै हुने ।

दफा ४२१ (४): हराएको वा चोरी भएको सम्पत्ति ३ बर्ष भित्र प्रमाण सहित दाबी गर्नु पर्ने छ ।

### ९.६. जेष्ठ नागरिकको पालन-पोषण तथा हेरचाह नगरेको

आफ्नो घरमा रहनु भएका जेष्ठ नागरिकलाई उचित किसिमले पालनपोषण तथा हेरचाह नगरेमा जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ र ऐ. नियमावली, २०६५ बमोजिम उजुरी लिई कारवाही गर्ने अधिकार स्थानीय तहमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(८) बमोजिम अन्तरिम संरक्षणात्मक आदेश समेत जारी गरी जेष्ठ नागरिकको संरक्षण गर्ने व्यवस्था गर्न सकिनेछ ।

जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएका परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफैसँग राखी पालन-पोषण तथा हेरचाह गर्ने व्यवस्था नगरेमा स्थानीय तहले उजुरी लिई कारवाही अगाडी बढाउन सक्नेछ । यस्तो विवादलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्नुपर्दछ । बेवारिसे जेष्ठ नागरिकको पालनपोषण र हेरचाहको व्यवस्था गर्नु स्थानीय सरकारको कर्तव्य हुनेछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्था**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ३, ४ र ५ मा यस सम्बन्धी व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जतआमद अनुसार पालन-पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ। ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालन-पोषण गर्नु पर्नेछ। कसैले ज्येष्ठ नागरिकको इच्छा विपरित निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन। ज्येष्ठ नागरिक वा निजलाई पालन-पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालन-पोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्नेछ। ज्येष्ठ नागरिकको चल-अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालन-पोषण तथा हेरचाह गर्नुपर्नेछ।

ज्येष्ठ नागरिकले उजुरी दिन सक्नेः ज्येष्ठ नागरिकको पालन-पोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालन-पोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालन-पोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा उजुरी गर्न पाउँछन्।

**९.७. नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खानलाउन वा शिक्षा–दीक्षा नदिएको**

आफ्ना नाबालक छोरा छोरी वा पत्नीलाई आफ्नो आय बमोजिम खानलाउन वा शिक्षा-दीक्षा दिई लालन पालन नगरेको विवादलाई समितिले निरूपण गर्न पाउने र न्यायिक समितिले संरक्षणात्मक आदेश समेत दिन पाउने व्यवस्था छ।

पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा न्यायिक समितिले पतिको नाममा देहाएको आदेश जारी गर्न सक्नेछः क) पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लगाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन (ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन (ग) दुवैलाई एकै ठाउमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी

अलग बस्दा पत्नीको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन (घ) पत्नीलाई कुनै प्रकारको दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २११: सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जतआमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्नेछ । यो व्यवस्था पूरा गर्नुपर्ने दायित्व भएका व्यक्तिले त्यस्तो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्नेछ। इज्जत आमद अनुसार खान लाउन वा शिक्षा-दिक्षा नदिएको जानकारी जहिलेसुकै गर्न सकिन्छ ।

## ९.८. वार्षिक पच्चीस लाख रूपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा

न्यायिक समितिले घरवहालमा दिने घरधनी र बहालमा बस्ने व्यक्तिहरु बीच वार्षिक २५ लाख रूपैयाँसम्मको बहाल रकम हुने घरबहाल सम्बन्धी विवाद आएमा त्यसमा उजुरी सुनी निरूपण गरी बहालमा लिने दिने मध्ये मर्का पर्ने पक्षलाई न्याय दिनुपर्दछ । यहाँ “घर” भन्नाले कुनै घर, घरको तल्ला, एकाई, कोठा वा त्यस्तो घरले चर्चेको जग्गा वा लगापात समेत सम्झनु पर्छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा ३८३, ३९१, ३९७ र ४०५ मा यस सम्बन्धी व्यवस्था गरिएको छ ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ३८३: आफ्नो हक, भोग वा स्वामित्वमा रहेको घर रकम लिने गरी निश्चित समयको लागि उपयोग गर्न दिएकोमा बहालमा दिएको मानिनेछ ।

दफा ३९१: सम्झौतामा लेखिएको तरिका र प्रक्रिया बमोजिम घरधनीलाई बहाल बुझाउनु पर्नेछ । सम्झौतामा उल्लेख नभएकोमा प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र चेक वा नगदै बहाल बुझाउनु पर्नेछ। नगदै बुझेकोमा भरपाई गरी दिनुपर्नेछ ।

दफा ३९७: घरधनीको पूर्वस्वीकृति विना जुन प्रयोजनको लागि घर बहालमा लिएको हो, त्यस्तो प्रयोजन बाहेक अन्य कामको लागि घर प्रयोग गर्न पाउने छैन ।

दफा ४०५: यस परिच्छेद बमोजिम भए गरेको काम कारवाहीबाट मर्कापर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

### ९.९. अन्य व्यक्तिको घरजग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुखविरुवा लगाएको

न्यायिक समितिमा कसैले रुख रोपेका कारण अर्काको घर जग्गा वा सम्पत्तिलाई असर परेको निवेदन दिएमा वास्तविक तथ्य बुझी विवाद निरूपण गर्नुपर्दछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८४, २८५ र २८६ मा यस सम्बन्धी व्यवस्था गरेको छ । कसैले पनि रुख वा बिरुवा लगाउँदा अन्य व्यक्तिको घर, जग्गा वा कुनै सम्पत्तिलाई असर पर्ने गरी लगाउन हुँदैन । कुनै व्यक्तिले आफ्नो जग्गामा लगाएको रुख वा बिरुवाले अन्य व्यक्तिको घर जग्गा वा अन्य सम्पत्तिमा फैलिई असर पुऱ्याएमा त्यस्तो रुख वा बिरुवा लगाउने व्यक्तिले त्यस्तो व्यक्तिको घर, जग्गा वा सम्पत्ति नोक्सान नहुने गरी अरुलाई असर पर्ने रुख वा बिरुवाको हाँगो वा जरा काट्नु पर्नेछ । रुख वा बिरुवा लगाउने व्यक्तिले रुख वा बिरुवाको हाँगो वा जरा नकाटेमा त्यसबाट असर पर्ने व्यक्तिले त्यस्ता रुख वा बिरुवाको हाँगो वा जरा आफैले काट्न  सक्नेछ । कुनै व्यक्तिलाई क्षति हुन गएमा क्षतिबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन सक्नेछ । भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

### ९.१०.आफ्नो घर वा बलेसीबाट अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

अर्काको घर कम्पाउण्डभित्र वा जग्गामा वा सार्वजनिक बाटोमा पानी झारेको रहेछ भने उजुरी सुनी न्यायिक समितिले कारवाही गर्नुपर्नेछ । कसैले घर निर्माण गर्दा भत्काउदा वा मर्मत गर्दा त्यस्तो कार्यबाट वा त्यस्तो घर वा त्यसको केही भाग ढली वा खसी कसैको ज्यान जान वा अङ्गभंग हुनसक्ने खतरालाई रोक्न वा टार्न आवश्यक बन्दोबस्त नगरी वा त्यस्तो बन्दोबस्त गर्न लापरवाही गरी घर निर्माण गर्न, भत्काउन वा मर्मत गर्न हुँदैन ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८१, २८५ र २८६ मा यस सम्बन्धी व्यवस्था गरेको छ ।

दफा २८१ः घर वा बलेसीको पानी झार्न नपाउनेः कसैले पनि आफ्नो घर वा वलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न पाउने छैन ।

२८५ः क्षति हुन गएमा क्षतिबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन सक्नेछ ।

२८६ः मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्नसक्नेछ ।

९.११. **संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको**

तोकिएको मापदण्ड र स्वीकृत नक्सा विपरित साँधसंधियारको जग्गातर्फ छोड्नुपर्ने भनी तोकिएका जग्गा नछोडी घर बनाएमा सो उपर न्यायिक समितिले उजुरी सुन्ने, शुरु कारवाही गरी किनारा गर्नुपर्नेछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८०ः

झ्याल राख्दा जग्गा छोड्नु पर्नेः कुनै व्यक्ति वा सरकारी निकायले सँधियारको जग्गातर्फ झ्याल वा ढोका राखी घर बनाउनु पर्ने भएमा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नु पर्नेछ ।

हाल संधियारको जग्गातर्फ झ्याल राख्न कम्तिमा ५ फिट आफ्नो जमिन छाड्नुपर्ने मापदण्ड रहेको छ ।

९.१२. **कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चउर, कुलो, नहर, पोखरी, पाटी–पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा बाधा पुऱ्याएको**

कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चउर, कूलो, नहर,

पोखरी, पाटी-पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको । कुनै व्यक्तिको व्यक्तिगत हक वा स्वामित्व मानिने प्रमाण भएको तर त्यसको प्रयोग परापूर्वदेखि सार्वजनिक रूपमा हुँदै आएको छ भने बाटो, निकास, बस्तुभाउ चराउने चउर, कूलो नहर, पोखरी, पाटीपौवा, अन्त्येष्टि स्थल (मृत्यु पश्चात् अन्तिम दाहसंस्कार गर्ने धर्मपरम्परा अनुसारको स्थान), धार्मिक स्थल वा यस्तै प्रकृतिका स्थानहरुको प्रयोग गर्न कसैले बाधा पुऱ्याएको सम्बन्धी विवादको उजुरी सुनी शुरु कारवाही र किनारा गर्ने अधिकार स्थानीय तहमा रहेको छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा ३७१ः कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वकालदेखि सार्वजनिक वा सामुदायिक रूपमा प्रयोग हुंदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर, कुलो, नहर, पोखरी, पानीघाट, सार्वजनिक सडक, पाटीपौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थल जुन प्रयोजनको लागि राखिएको हो सोही बमोजिम प्रयोग गर्न दिनु पर्छ । त्यस्तो जग्गामा स्वामीत्ववालाले आवाद तथा संरचना निर्माण गर्न पाउने छैन ।

दफा ३७३ः बाटोको सुविधाभार प्राप्त गर्ने ।

## ९.१३. संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद

स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को दफा ४७(१) अनुसार भविष्यमा संघीय कानूनवा प्रदेश कानूनले अन्य विवाद समेत स्थानीय तहबाट निरूपण हुनसक्ने भनी तोकिदिएमा सो विवादहरु उपर उजुरी लिने, शुरु कारवाही गरी किनारा लगाउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ । समितिले विवाद निरूपण गर्दा सकेसम्म मेलमिलाप प्रक्रियाबाट गराउने र मेलमिलाप हुन नसकेमा मात्र कानूनबमोजिम निर्णय गर्नुपर्दछ । न्यायिक समितिको निर्णय उपर ३५ दिनभित्र चित्त नबुझने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछन् ।

प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः

संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद (तर हालसम्म कुनै पनि अन्य विवाद भनेर तोकिएको छैन ।)

◆◆◆

# परिच्छेद - ७

## मेलमिलापबाट समाधान गर्ने मुद्दामा न्यायिक प्रकृया

### १. मेलमिलाप भनेको के हो ?

अड्डा अदालतमा गई कानूनी विवाद वा मुद्दा मामिला गर्नुको साटो आपसी छलफलबाट विवाद समाधानको बाटो रोज्ने र फाँटेको मन सिलाउने कार्य मेलमिलाप हो । मेलमिलाप भन्नाले पक्षहरुले मेलमिलापकर्ताको सहयोगमा विवाद समाधान गर्न अपनाइने प्रक्रिया बुझ्नाउँछ ।[42] मेलमिलाप विवाद समाधानको वैकल्पिक, सरल तथा स्वेच्छिक पद्धति हो । "मुद्दाका पक्षहरू बीचको विवादमा मान्य सहमतिमा पुग्न निष्पक्ष एवं तटस्थ तेस्रो पक्षबाट सहजकर्ताको रूपमा कार्य गर्ने संवाद र वार्ताको स्वेच्छिक र गोपनीय प्रक्रिया नै मेलमिलाप हो ।"[43]

"दुई पक्षकाबीच उठेको मेलमिलाप हुनसक्ने विवाद (मुद्दा) को सन्दर्भमा पक्षहरुलाई तटस्थ एवं निष्पक्ष मेलमिलापकर्ताले छलफल गर्न, वार्तालाप गर्न, विवादको मूल समस्या कहाँ छ भन्ने पत्ता लगाउन, आपसमा मिलेर समाधान गर्नका लागि के-कस्तो र कहाँ के गर्नु ? उचित होला भन्ने जान्न/पहिचान गर्न र विवादको समाधानका लागि अन्य विकल्प के-के छन्/हुन सक्तछन् ? भन्ने कुरामा सहयोग गर्ने प्रक्रिया हो । मेलमिलाप भनेको अदालतबाट विवादमा गरिने/दिइने समाधान पद्धतिको विकल्प हो । मेलमिलाप आपसी कुराकानीबाट विवाद समाधान गर्ने सहज र सरल प्रक्रिया हो । यसमा पक्षहरु नै आफ्नो विवादको आफै निर्णयकर्ता र समाधानकर्ता हुन्छन् । मेलमलिापकर्ता उनीहरु बीचमा सहजकर्ता मात्र हुन्छ ।"[44]

मेलमिलाप विवादका पक्षहरूले आफैँद्वारा आफ्नो विवाद टुङ्ग्याउने अनौपचारिक पद्धति हो । पक्षहरूलाई सहयोग गर्न तेस्रो पक्षको उपस्थिति रहे तापनि उसको बाध्यात्मक भूमिका रहँदैन ।[45]

---

42 मेलमिलाप सम्बन्धी ऐन २०६८ को दफा २ (ज)

43 सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २ (ञ)

44 गाउँपालिका/नगरपालिकान्यायिक समितिको काम, कर्तव्य एवं निर्णय सम्बन्धी, अभ्यास पुस्तिका, राजेन्द्रकुमार भण्डारी

45 स्थानीय सरकार न्यायिक समिति,कार्य सम्पादन, जानकारी पुस्तिका, UNDP, A2J project

२.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिमा मेलमिलापको सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका एवम् नगरपालिकाका प्रत्येक वडामा विवाद समाधानका लागि मेलमिलाप केन्द्रको स्थापना गर्ने व्यवस्था गरी स्थानीय न्याय सम्पादनमा मेलमिलापलाई विशेष जोड दिएको छ । न्यायिक समितिले निर्णयद्वारा निरूपण गर्नसक्ने दफा ४७(१) अन्तर्गतका विवादहरुमा पनि सकेसम्म मेलमिलाप गराउने र सम्भव नभए मात्र त्यसको कानूनबमोजिम निर्णय दिने व्यवस्था गरेको छ । यसबाट यो ऐनले एकातिर सामान्य प्रकृतिको स्थानीय विवादहरुलाई स्थानीय स्तर मै निपटारा गर्न प्रयास गरेको छ भने अर्कोतिर निर्वाचित प्रतिनिधिहरुलाई सकेसम्म आफैं निर्णय गर्नबाट जोगाई विवादको घेरामा नआउनको लागि पनि सचेत रहेको देखिन्छ । यसरी स्थानीय सरकार सञ्चालन ऐनले मेलमिलापलाई महत्वपूर्ण स्थान दिएको देखिन्छ ।

स्थानीय तहमा विवाद समाधानमा सामान्यतः विवादहरु साँधसंधियार, छिमेकी, दाजुभाइ र एकाघरपरिवार भित्रका सदस्यहरु बीचबाट नै उत्पन्न हुने गर्दछन् । यस्ता विवादका पक्षहरु सधै सँगै बस्नुपर्ने, व्यवहारमा कहीं न कहीं सहकार्य/साझेदारी गर्नुपर्ने हुन्छ । छिमेकी साँधसँधियार वा एकाघरका सदस्यहरु बीचको निरन्तर र नियमित भेटघाट, अन्तरसम्बन्ध र सहकार्यको जरुरी हुन्छ । सुख-दुःखमा सधै सँगै मिलेर बस्नुपर्ने व्यक्तिहरु बीचको विवाद/झगडाको समाधान मेलमिलापबाट हुनसकेमा उनीहरु बीचको सु-सम्बन्ध, हार्दिकता र सहकार्यले पूनः स्थापित हुन पाउँछ । यसले अन्ततः सामाजिक सहिष्णुता, मेलमिलाप र एकतामा वृद्धि ल्याई, सभ्य समाज बनाउन मद्दत पुग्दछ । त्यसैले सानातिना मतभेदका कारण भर्खर उत्पन्न विवादलाई तत्काल समझदारीमा ल्याई दुवै पक्षको हित सुनिश्चित गरी लाभ-लाभको मान्यताको आधारमा मेलमिलाप गराउने सर्वोत्तम उपाय हो ।

विवादको समाधान सकेसम्म मेलमिलापको माध्यमबाट होस् भन्ने मनसाय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को रहेको देखिन्छ । उक्त दफाको उपदफा (२) मा उल्लिखित विवादको समाधान भने मेलमिलापको माध्यमबाट मात्र गर्ने गराउने क्षेत्र अधिकार न्यायिक समितिलाई तोकेको छ ।

### ३. न्यायिक समितिमा परेका उजूरी मध्ये कस्ता मुद्दा वा विवाद मेलमिलाप गर्न सकिन्छ ?

न्यायिक समितिले वडामा रहेको मेलमिलाप समितिको सहयोगमा निम्न प्रकृतिका विवादमा मेलमिलापको माध्यमद्वारा मुद्दाको समाधान  गर्नसक्छ ।

- स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ को उपदफा (१) र (२) मा उल्लेख भएका सम्पूर्ण विवादहरु मेलमिलापबाट समाधान गर्न सकिन्छ । उपदफा (२) का विवादहरु भने न्यायिक समितिले मेलमिलापबाट मात्र समाधान गराउन पाउँदछ ।
- देवानी प्रकृतिका सबै विवाद वा मुद्दामा मेलमिलाप गर्न सकिने,
- व्यक्तिवादी हुने फौजदारी मुद्दामा मेलमिलाप गर्न सकिने,
- सम्झौता वा करार सम्बन्धी विवादमा मेलमिलाप सकिने,
- दर्ता नै नभएका मेलमिलाप हुने प्रकृतिका विवादमा पनि मेलमिलाप गर्न सकिन्छ ।

### ४. मेलमिलापकर्ताले के–कस्ता कुराहरु पालना गर्नुपर्छ ?

मेलमिलापकर्ताले मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा १२ अनुसार निम्न कुराहरुको पालना गर्नु पर्नेछः

- मेलमिलाप सम्बन्धी काम कारवाही निष्पक्ष रूपले गर्नुपर्ने,
- कुनै पक्षप्रति झुकाव, आग्रह पुर्वाग्रह वा सो देखिने कुनै व्यवहार गर्न नहुने,
- कनै पक्षलाई डर, त्रास वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने,
- विवादका कुनै पक्षसँग विवाद कायम रहेको बखत आर्थिक लेनदेन भएको हुन नहुने,
- मेलमिलाप गराउने सम्बन्धमा यो ऐन अन्तर्गत बनेका नियम विपरीत कुनै काम गर्न नहुने,
- मेलमिलाप सम्बन्धी काम कारवाहीको सिलसिलामा पक्षसँग आीर्थक तथा अन्य स्वार्थजन्य कुनै काम कारवाही वा लेनदेन व्यवहार गर्न नहुने,
- आचार संहिताको पूर्ण पालना गर्ने ।

यसका अलावा

- सर्वोच्च अदालतबाट जारी गरिएको मेलमिलाप सम्बन्धी निर्देशिकामा उल्लेख भएका आधारभूत आचरण एवं कुराहरुको पालना गर्ने ।
- मुद्दाका पक्षहरुको गोपनियताको पूर्ण पालना गर्नुपर्ने ।
- समितिबाट दिइएको निर्धारित समयभित्र मेलमिलाप कार्य सम्पन्न हुन नसक्ने लागेमा समयमै समितिलाई जानकारी गराउनु पर्ने ।

## ५. मेलमिलापकर्ता हुनको लागि कस्तो योग्यता चाहिन्छ ?

मेलमिलापकर्ता हुनको लागि निम्न बमोजिमको योग्यता चाहिन्छः

- नेपाली नागरिक
- पच्चीस बर्ष उमेर पुगेको
- सकेसम्म मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण, लेखपढ गर्नसक्ने
- मेलमिलाप सम्बन्धी तोकिएको तालिम प्राप्त गरेको
- होस ठेगानमा रहेको
- साहुको दामासाहीमा नपरेको
- नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको
- मेलमिलाप सम्बन्धी ऐन नियम विपरीत कुनै काम गरेको कारणबाट मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको ।

अपवादः

- पक्षहरूले आफैले मेलमिलापकर्ता हुने व्यक्ति प्रस्ताव गरेकोमा स्नातक र मेलमिलाप सम्बन्धी तालीम उत्तीर्ण नगरेको सामान्य लेखपढ गर्न जान्ने व्यक्ति पनि मेलमिलापकर्ता हुन सक्तछ ।
- विदेशी व्यक्ति संलग्न विवाद वा विदेशी व्यक्तिसँग भएको करार बमोजिमको विवाद समाधान गर्दा विदेशी नागरिक पनि मेलमिलापकर्ता हुन सक्तछ ।
- मेलमिलाप गर्ने संस्थाः मेलमिलाप गराउने उद्देश्यले मेलमिलापसम्बन्धी ऐन २०६८ अन्तर्गत  दर्ता भएको संस्थाले पनि मेलमिलाप गराउन सक्तछन् ।

**६. स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ (२) का न्यायिक समितिले मेलमिलापबाट मात्र समाधान गर्ने विवादहरुमा न्यायिक समितिबाट कस्तो कानुनी प्रकृया हुन्छ ?**

क. मेलमिलापबाट मात्र समाधान गर्ने विवादको कानूनी प्रक्रियाः

न्यायिक समितिले मेलमिलापबाट मात्र समाधान गर्ने विवादको कानूनी प्रक्रिया देहाय बमोजिम हुन्छः

१. विवादमा पीडित (प्रथम पक्ष) पक्षले निवेदन/उजुरी दिएमा विवाद गर्न तोकिएका कर्मचारी (उजुरी प्रशासक) ले उजुरी क्षेत्राधिकार भित्र भए/नभएको हकदैया पुग्ने नपुग्ने र मर्का परेको विषय आदि खुलाई ल्याए/नल्याएको, उजुरीमा निवेदकको घर ठेगाना, बाबु, आमा, बाजेको नाम, थर खुले/नखुलेको हेर्नुपर्दछ। उजुरी रित पुगेको भए दर्ता गरी दर्ताको निस्सा दिनु पर्दछ। यही प्रक्रिया दोस्रो पक्ष (विपक्षी) को प्रतिउत्तरका सम्बन्धमा पनि अपनाउनु पर्दछ। उजुरी रित नपुगेको देखिएमा रित पुऱ्याई तोकिएको समयभित्र पूनः दर्ता गर्न ल्याउन सूचित गर्नुपर्दछ। उजुरी दर्ता गर्न नमिल्ने भए सोको कारण सहित दरपिठ गरी फिर्ता गर्नुपर्दछ।

२. विवादको अर्को पक्षलाई सम्बन्धित कानूनले अन्यथा तोकेकोमा बाहेक उजुरी परेको पन्ध्र दिनको म्याद तोकी वडा कार्यालय मार्फत् उक्त जानकारी भएको सूचना तामेल गर्नुपर्दछ।

३. विवादका पक्षहरुलाई तोकिएको दिन उपस्थित हुन सूचित गरी उपस्थित गराई मेलमिलाप प्रक्रियामा गई विवाद समाधान गर्न प्रोत्साहित गर्नुपर्दछ। सोही बमोजिम पायक पर्ने वडाका मेलमिलाप केन्द्रमा मिलापत्रका लागि पठाउनुपर्दछ।

४. विवादको समाधान मेलमिलापद्वारा भएमा मिलापत्रमा उल्लेख गरिएका शर्तहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखि पठाउने र आवश्यक परे गाउँ/नगर प्रहरीको सहयोग लिन सकिन्छ।

५. पक्षहरुले विवादको समाधान मेलमिलापबाट गर्न नचाहेमा वा मेलमिलापको प्रयास असफल भई मेलमिलापकर्ताको प्रतिवेदन प्राप्त हुन आएमा विवादलाई सम्बन्धित जिल्ला अदालतमा पठाइदिनु पर्दछ।

ख. दफा ४७ बमोजिम मेलामिलापबाट मात्र समाधान गर्न सकिने विवादहरुसम्बन्धी कानूनी व्यवस्था देहायबमोजिम रहेको छः

### ६.१. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको

सार्वजनिक हित, भलाइ र सरोकारको विषयमा कुनै व्यक्तिहरुबीच मेलमिलाप गरेर सार्वजनिक हित, भलाईलाई संकुचन गर्न सकिंदैन। अर्थात्, सार्वजनिक विषय भनेको समग्रतामा राष्ट्र हित, समाज हित र समुदाय हितको विषय हो। यस्ता विषयहरुमा मेलमिलाप गरी व्यक्ति विशेषको स्वार्थ पूरा गर्ने वा सिमित व्यक्तिहरुको लाभका निम्ति असंख्य जनसमुदायको अहितमा मेलमिलाप गर्न गराउन हुँदैन। सार्वजनिक सरोकारका स्थल, सार्वजनिक उपयोगका संरचना, भौतिक अवस्थितिलाई च्याप्ने, अतिक्रमण गर्ने, बिगार्ने, भत्काउने, नष्ट गर्ने कार्य राज्य विरुद्धको कार्य हो, समाज विरुद्धको कार्य हो। त्यसैले सरकारी जग्गा, सार्वजनिक जग्गा वा सामुदायिक जग्गा कसैले मिचेमा, घुसाएमा वा जुनसुकै तरिकाले हानी पुऱ्याएमा स्थानीय सरकारले कुनै सम्झौता गर्न, गराउन हुँदैन। त्यस्तो अतिक्रमण हटाउनुपर्छ, तर सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा बाहेक कुनै व्यक्ति विशेषको निजी जग्गा च्यापी, मिची वा घुसाई लिए खाएको विषयमा निवेदन लिई सम्बन्धित पक्षहरुलाई झिकाई मेलमिलापबाट विवाद निरूपण गर्न सकिन्छ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८७, २९५, २९७ र २९८मा सम्बन्धित व्यवस्था गरेको छ। कसैले पनि अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई आवाद गर्न वा भोगचलन गर्न वा गराउन हुँदैन।

कुनै जग्गाको बीचमा नदी वा खोला पसी वारिपारी जग्गा भएमा वा कुनै जग्गालाई नदी वा खोलाले कटान गरेमा नदी वा खोलाले जग्गा छाडेपछि त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको नै हुनेछ र निजले आवाद गर्न पाउनेछ। कुनै जग्गाको दर्तावाला मरी आफ्नो नाउँमा जग्गा नामसारी गर्नु परेमा वा कुनै जग्गा कुनै व्यहोराले आफ्नो हक हुनआई दाखिल खारेज गर्नु परेमा सम्बन्धित व्यक्तिले त्यस्तो काम भएको पैंतीस दिनभित्र मालपोत कार्यालयमा निवेदन दिई नामसारी, दाखिल खारेज गराउनु पर्नेछ।

म्याद नाघेपछि कुनै व्यक्तिले नामसारी, दाखिल खारेजको लागि निवेदन दिएमा मालपोत कार्यालयले जतिसुकै अवधि व्यतित भए तापनि एकसय रूपैयाँ दस्तुर लिई त्यस्तो जग्गा निवेदकको नाममा नामसारी, दाखिल खारेज गरिदिनु पर्नेछ । यस परिच्छेद बमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

## ६.२. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा बाहेक व्यक्ति विशेषको निजी हकभोगको जग्गा मिची कोही कसैले घर वा कुनै संरचना निर्माण गरेको भनी निवेदन पर्न आएमा सम्बन्धित व्यक्तिहरु झिकाई बुझि मेलमिलापबाट लाभ-लाभको सिद्धान्त बमोजिम विवाद निरूपण गर्न सकिन्छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी सहिंता, २०७४ को दफा २७९, २८५ र दफा २८६: कसैले पनि स्वामित्ववालाको लिखित सहमति नलिई निजको जग्गामा घर बनाउन हुँदैन । त्यस गरेमा बनाएमा जग्गाधनीले चाहेमा त्यस्तो घरको बजार मूल्यको पच्चीस प्रतिशतसम्म कम मूल्यमा त्यस्तो घर खरिद गर्न पाउनेछ । जग्गाधनीले त्यस्तो घर खरिद गरी नलिएमा घरधनीले स्वामित्ववालाको मञ्जुर भएमा त्यस्तो घर भएको जग्गाको बजार मूल्यको पच्चीस प्रतिशतसम्म मूल्य थप गरी त्यस्तो जग्गा खरिद गर्न सक्नेछ ।

जग्गा खरिद बिक्री गरी लिनदिन दुवै पक्ष मञ्जुरी नभएमा घर बनाउनेले त्यस्तो घर बनाएको मितिले तीन महिनाभित्र घर भत्काई आफ्नो मालसामान लैजानु पर्नेछ । घर नभत्काएमा त्यस्तो घर जग्गाधनीको हुनेछ । कसैले यस परिच्छेद बमोजिम गरेको काम कारवाहीबाट कुनै व्यक्तिलाई क्षति हुन गएमा क्षतिबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन सक्नेछ । त्यस्तो काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

## ६.३. पतिपत्नी बीचको सम्बन्ध विच्छेद

पतिपत्नी बीचको सम्बन्ध विच्छेद गर्न पति वा पत्नीले स्थानीय सरकार समक्ष

निवेदन पेश गर्न सक्नेछन् । पतिपत्नी मध्ये जुनपक्षको निवेदन परे तापनि अर्को पक्षलाई भिक्काई छलफल गराई मेलमिलापको माध्यमबाट सम्बन्ध विच्छेद नगर्ने गरी मेलमिलाप गराउन प्रयास गर्नुपर्दछ। न्यायिक समितिलाई सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गराउन कानूनले निषेध गरेको छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) को खण्ड (ग) मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ पति-पत्नीबीचको सम्बन्ध बिच्छेद पछि "तर पति पत्नीबीचको सम्बन्धविच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन" भन्ने वाक्यांश थपिएको छ ।

सम्बन्धविच्छेदका सम्बन्धमा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद ३ मा दफा ९३ देखि १०४ सम्ममा विस्तृत कानूनी व्यवस्थाहरु गरेको छ। सो ऐनको दफा १०४ अनुसार यो परिच्छेदबमोजिम भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मितिले वा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस गर्न सक्ने व्यवस्था छ ।

**६.४. अङ्गभङ्ग बाहेकको बढिमा एक बर्षसम्म कैद हुन सक्ने कुटपिट**

परस्परमा कुट्ने वा पिट्ने काम गरी कुटपीटबाट उब्जिएको भगडाले मुद्दाको रूप लिएर स्थानीय सरकार समक्ष निवेदन पेश हुन आएमा अङ्गभङ्ग नभएको अवस्था र बढीमा १ वर्षसम्मको  कैद सजाय हुनसक्ने विवाद देखिए सम्बद्ध पक्षहरु बीच मेलमिलाप गरी गराई विवाद निरूपण गर्नुपर्नेछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ को दफा १९५ उपदफा २ (ख), १९९ मा यस संग सम्बन्धित व्यवस्था गरेको छ ।

लापरवाहीपूर्ण काम गरी वा हेलचक्रयाई गरी कुटपिट गर्न वा अङ्गभङ्ग वा अन्य चोट पुऱ्याउन नहुनः कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः हेलचक्रयाई गरी त्यस्तो कसूर गरेको रहेछ भने छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय  ।

त्यस्तो कसूर भए गरेको मितिले तीन महिना नाघेपछि र अन्य कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्ष नाघेपछि उजुर लाग्दैन ।

### ६.५. गाली बेईज्जती

कसैप्रति रिसाएर वा क्रोधित भएर अरुलाई अपमान गर्ने वा दुर्वाच्य बोल्ने, अश्लिल शब्द उच्चारण गर्ने, डर, धाकधम्की देखाउने वा हप्काउने, कटु वचनद्वारा आलोचना गर्ने वा इज्जतमाथि धावा बोल्ने काम नै गाली बेइज्जती गर्नु हो । गाली बेइज्जती गरेको आरोपमा कोही कसैको निवेदन स्थानीय सरकार समक्ष पेश हुन सक्नेछ । यस्तो निवेदन उपर सम्बद्ध पक्षहरुलाई झिकाई मेलमिलाप गराई न्यायिक समितिले विवाद निरूपण गर्नुपर्नेछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५ र ३०८

(१) कसैले कसैलाई गाली गर्न हुँदैन ।

कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिनेछ ।

कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

### ६.६. लुटपिट

अर्काको सामान वा बाली लुट्ने र सो क्रममा पिट्ने समेतको आपराधिक कार्यलाई लुटपिट भनिन्छ । लुटपाट बाट उत्पन्न विवादमा सम्वद्ध पक्षहरु झिकाई मेलमिलापबाट विवाद निरूपण गर्न सकिन्छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ को दफा २८६ र २८८, यस संग सम्बन्धित व्यवस्था गरेको छ । कसैले आफ्नो हक नपुग्ने वा अन्य कसैको स्वामित्व, जिम्मा वा नियन्त्रणमा रहेको सम्पत्ति चोरी वा ठगी गरेको अवस्थामा बाहेक अरु कुनै किसिमले जबर्जस्ती गरी वा नगरी खोसी, धरपकड वा लछार-पछार गरी वा त्यस्तो

गर्ने धम्की दिई लैजाने वा हानी-नोक्सानी गर्ने नियतले कुनै काम गरेमा लुटपिट गरेको मानिन्छ । कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा लुटपिट गरेको विगोको पच्चीस प्रतिशतसम्म जरिवाना वा दुवै सजाय हुन सक्तछ र लुटपिट भएको सम्पतिको विगो कसूरदारबाट पीडितलाई भराई दिने व्यवस्था छ । त्यस्तो कसूर भएको मितिले छ महिनाभित्र र दफा २८६ अन्तर्गतको कसूरमा सो भए गरेको मितिले तीन महिनाभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूर त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्दैन ।

## ६.७. पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको

कुनै व्यक्तिले पालेको पशुपंक्षीबाट अरुलाई असर गर्नु, गराउनु हुँदैन । निजी तवरले पालेको पशुपंक्षी छाडा छाडेर वा पशुपंक्षी राख्ने स्थलको कारणबाट वा पशुपंक्षी व्यवस्थापन गर्दा छरछिमेकी सँधियारलाई असर गरेमा सो उपरको निवेदन लिई मेलमिलाप गराउनु पर्दछ । यहाँ “पशु” भन्नाले घर पालुवा वा आफ्नो नियन्त्रणमा रहेको जुनसुकै किसिमको जंगली पशु वा पंक्षी सम्झनुपर्छ । सो शब्दले घरपालुवा, घस्रने जनावर वा जंगली पंक्षी समेतलाई जनाउँछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा ६७६, ६८२ र ६८४ मा यसंग सम्बन्धित व्यवस्था गरिएको छ । आफूले पालेको वा आफ्नो नियन्त्रणमा रहेको पशुले कसैलाई पुऱ्याएको हानी-नोक्सानी बापतको दायित्व त्यस्तो पशुधनीले व्यहोर्नु पर्नेछ । तर त्यस्तो पशुको स्वभावअनुसार पशुधनीले पर्याप्त सुरक्षात्मक उपाय अपनाई उपयुक्त तरिकाले नियन्त्रण राखेको अवस्थामा हानी-नोक्सानी गरेकोमा वा हानी-नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटि वा हेलचेक्र्याईबाट हानी-नोक्सानी भएकोमा पशु धनीले दायित्व व्यहोर्नु पर्ने छैन  दुष्कृति वापतको दायित्व व्यहोर्नु पर्दा दुष्कृति गर्नेले क्षतिपूर्ति व्यहोर्नु  पर्नेछ । जुनसुकै कुरा लेखिएको भएतापनि यस परिच्छेद बमोजिम कुनै व्यक्तिको आफ्नै समेतको अकर्मण्यता, त्रुटी, लापरबाही वा हेलचक्रयाईको कारणबाट कुनै दुष्कृति भएको रहेछ भने त्यस्तो क्षतिपूर्तिको मात्रा कम हुनेछ । क्षतिपूर्ति वास्तविक रूपमा हानी-नोक्सानी भएको विषयमा सीमित रहेको हुनु पर्नेछ र काल्पनिक वा अवास्तविक क्षतिपूर्ति व्यहोर्नु पर्ने छैन । क्षतिपूर्ति नगद, जिन्सी वा सेवा कुनै पनि किसिमको हुन सक्नेछ । यस परिच्छेद बमोजिम हानी-नोक्सानी

भएकोमा त्यस्तो हानी-नोक्सानी पुगेको व्यक्तिले यस परिच्छेदको अधीनमा रही क्षतिपूर्ति दाबी गर्न सक्नेछ। क्षतिपूर्ति दाबी गरेकोमा अदालतले मनासिब क्षतिपूर्ति भराउन आदेश दिन सक्नेछ। भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले सो काम कारवाही भएगरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ।

### ६.८. अरुको आवासमा अनधिकृत प्रवेश गरेको

आफ्नो हक नपुग्ने, अरुको हकभोग र स्वामित्वको आवासमा बिना अनुमति प्रवेश गर्नुहुँदैन । यदि अनुमति बिना जबर्जस्ती प्रवेश गरेमा त्यस्तो प्रवेश अनाधिकृत प्रवेश ठहरिन्छ। यहाँ “घर” भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात बिताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ।

अर्काको घरमा अनुमति नलिई कानूनले तोकेको प्रक्रिया बिना प्रवेश गरेको विषयको निवेदन लिई मेलमिलाप गराउनु स्थानीयन्यायिक समितिको अधिकार क्षेत्र तोकिएको छ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ को दफा ३०२, ३०३ र ३०४, दफा ३०२ मा यस सम्बन्धी व्यवस्था गरिएको छ । कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घरधनीको स्वीकृति बिना अनधिकृत रूपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन । कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

क्षतिपूर्ति भराई दिनुपर्नेः यस परिच्छेद बमोजिमको कसूर गरी कसैले कुनै लाभ प्राप्त गरेको वा कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति पुऱ्याएको रहेछ भने कसूरबाट त्यस्तो लाभ, हानी-नोक्सानी, हैरानी वा क्षतिको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ। कसूरमा कसूर भए गरेको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

### ६.९. अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको

आफ्नो हक भोग र स्वामित्व नभएको जग्गामा हक भोग र स्वामित्व भएको व्यक्तिको स्वीकृति बिना खनजोत गरी बाली लगाउने वा खनजोत गरी बाली लगाउन तयार पारेको जग्गामा जबर्जस्ती बाली लगाउने वा भोगचलन गर्ने कार्य गर्नु हुँदैन । यस्तो कार्य गरे गराएमा सो उपर निवेदन पर्न आएमा सम्बद्ध व्यक्तिहरु बीच मेलमिलाप गराउने जिम्मेवारी न्यायिक समितिको रहेको छ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिता, २०७४ को दफा २८७, र २९८: कसैले पनि अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई आवाद गर्न वा भोगचलन गर्न वा गराउन हुँदैन । भए गरेको काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

### ६.१०. ध्वनी प्रदुषण गरी वा फोहरमैला फालेर छिमेकीलाई असर पुर्‍याएको

फोहोर उत्पादकले नै फोहोरलाई तोकिए बमोजिम अन्तिम व्यवस्थापनसम्मको प्रबन्ध मिलाउनु पर्दछ । सो अनुरूप नगरी छिमेकीलाई असर पुग्ने गरी जथाभावी फोहर फ्याँक्ने वा छरछिमेकीलाई असर पुग्ने गरी ध्वनी प्रदुषण गर्ने कार्य भएमा सो उपर मर्कापर्ने पक्षको न्यायिक समिति समक्ष निवेदन परेमा सम्बन्धित व्यक्तिहरुलाई झिकाई मेलमिलाप गराई विवाद समाधान गर्नुपर्दछ ।

**प्रचलित कानून र त्यसमा भएको व्यवस्थाः**

मुलुकी देवानी संहिताको दफा ६७८ (ग), दफा ६७९ र दफा ६८४:

दफा ६७८ (ग): कुनै औधोगिक प्रतिष्ठानले निर्धारित मापदण्ड विपरीत हुने गरी अत्याधिक धुवाँ, ध्वनी पैदा गरेकोमा ।

दफा ६७९: कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई हानी-नोक्सानी भएकोमा सम्बन्धित घरमुलीले दायित्व व्यहोर्नु पर्नेछ ।

दफा ६८४: मर्का पर्ने पक्षले काम काम कारवाही गरेको ६ महिनाभित्र नालिस गर्न सक्नेछ ।

फोहोरमैला व्यवस्था ऐन, २०६८ बमोजिम फोहोर उत्पादकले फोहोरमैला व्यवस्थापनमा स्थानीय तहले तोके बमोजिम गर्नुपर्नेछ। तोकिए बमोजिम फोहोरमैला पृथकीकरण, निष्कासन, ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पूनः प्रयोग तथा

पून:चक्रिय प्रयोग नगरेमा वा प्रदुषण गरेमा दफा ३९ बमोजिम ५० हजार रूपैयाँसम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्ने व्यवस्था रहेको छ । कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले काम गरी वा कानूनबमोजिम गर्नुपर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानी-नोक्सानी, क्षति वा खतरा पुऱ्याउन वा झिम्याहट गर्नु हुदैन ।

**७. न्यायिक समितिबाट मेलमिलापका लागि सिफारीस गरिएका मुद्दामा वडा मेलमिलाप केन्द्रले कसरी प्रकृया अगाडि बढाउँछ ?**

न्यायिक समितिबाट मेलमिलापका लागि सिफारीस गरिएका मुद्दामा निरूपण गर्न वडा मेलमिलाप केन्द्रले निम्न प्रकृया अपनाउनु पर्दछ ।

**मेलमिलापका चरण**

| क्र.सं. | मेलमिलाप चरण | प्रक्रिया |
|---|---|---|
| १. | प्रथम चरण:<br>स्वागत तथा शुभारम्भ | मेलमिलाप प्रयोजनको निम्ति पूर्व तयारी अति महत्वपूर्ण तथा अनिवार्य चरण मानिन्छ । पूर्व तयारी नै यस्तो चरण हो, जसमा मेलमिलापकर्ताले विवादका पक्षहरूलाई आफू र सम्पूर्ण मेलमिलाप प्रकृयाप्रति विश्वस्त गर्न उनीहरुलाई सक्रिय तुल्याउन सक्दछन् । यसका साथै मेलमिलापकर्ताले आफू प्रति विश्वसनीयता, तटस्थता तथा निष्पक्षताको बारेमा विश्वास दिलाउन सक्दछन् । पूर्व तयारी अवस्थामा विवादका पक्षहरूलाई मेलमिलापमा बस्नुको उद्देश्य, फाइदाहरू, मेलमिलाप प्रक्रिया, मेलमिलापको परिणाम, सबैको भूमिका र आचार-संहिताका बारेमा जानकारी गराईन्छ । यस चरण नै मेलमेलापको आधार भएको हुँदा यसको सफलताबाट नै मेलमिलाप कार्य सफल हुन सक्दछ । मूलत: यस चरणमा निम्न कार्य गरिन्छ: |

| | | |
|---|---|---|
| | | ● मेलमिलाप गर्ने स्थान चयन तथा व्यवस्थापन गर्ने,<br>● पक्षहरुलाई स्वागत गर्ने,<br>● सहजताका लागि अनौपचारिक कुरा गर्ने,<br>● आफू सहजकर्ता भएको जानकारी दिने,<br>● आपसमा परिचय गराउने,<br>● शुल्कको बारेमा जानकारी दिने,<br>● मेलमिलाप प्रकृया र पद्धतिको बारेमा जानकारी गराउने,<br>● मेलमिलाप शुरुवात गर्न सहमत गराउने र मेलमिलाप शुरुवात गर्ने,<br>● सहि र गलत नछुट्याउने,<br>● गोपनियता कायम गर्ने । |
| २. | दोश्रो चरण:<br><br>आधारभूत नियमहरुको निर्धारण | प्रक्रियागत सहमतिको चरण: विवादका पक्षहरूलाई मेलमिलापको प्रक्रिया र न्यूनतम रूपमा पालना गर्नुपर्ने साझा बुँदाहरूमा सहमति गराउनुपर्दछ । जसअन्तर्गत निम्न बुँदाहरू रहेका छन् ।<br><br>छलफलका क्रममा पक्षहरू र आवश्यक प्रतिनिधिहरू मात्र उपस्थित हुन सहमति गर्ने । अनावश्यक मानिसहरू भेला गराई भीड नगराउने ।<br><br>● दुवै पक्षले तोकिएको समयावधि भर पालै-पालो बोली छलफलमा सहभागी हुने,<br>● जीतभन्दा दुवै पक्षको हितलाई प्राथमिकता दिने, |

| | | |
|---|---|---|
| | | • छलफलका क्रममा उठेका कुनै पनि कुराहरू र तयार पारिएका कागजातहरू वा अभिव्यक्तिहरूलाई गोप्य राख्ने,<br>• छलफल अवधिभर आफ्नो आक्रोश र रिस नियन्त्रण गर्ने, हातपात गर्ने वा अपशब्द बोल्ने जस्ता कार्यहरू नगर्ने, आफ्ना भनाईहरू शिष्ट र शालीनतापूर्वक प्रस्तुत गर्ने र आपसमा समान व्यवहार गर्ने,<br>• विवादका पक्षले सकेसम्म आफै बोल्ने, तर आवश्यक परेमा प्रतिनिधिले बोल्न बाधा नरहने,<br>• पक्षहरुको सहमतिमा मेलमिलापका अन्य आवश्यक नियमहरु बनाउने,<br>• आपसमा सम्मान गर्ने,<br>• पालैपालो बोल्ने,<br>• शिष्टभाषा प्रयोग गर्ने,<br>• मोबाईल बन्द गर्ने,<br>• बाहिर जान परेमा अनुमति लिने,<br>• अरुको कुरा राम्ररी सुन्ने,<br>• आफ्नो कुरा प्रष्ट राख्ने र अरुलाई आक्षेप नलगाउने |
| ३. | तेश्रो चरण:<br><br>घटना प्रस्तुति र सूचना सङ्कलन | • पहिलो पक्षलाई आफ्ना कुरा भन्न मद्दत गर्ने ।<br>• पहिलो पक्षले अभिव्यक्त गरेको कुरा दोस्रो पक्षले बुझेको छ, छैन सुनिश्चत गर्ने ।<br>• दोस्रो पक्षले बुझेको कुरालाई दोहोर्‍याई पूनः सुनिश्चत गर्ने । |

| | | |
|---|---|---|
| | | ● पहिलो पक्षको कुरामा केही छुटेको भए थप गर्न भन्ने<br>● पहिलो पक्षलाई आफ्ना कुरा भन्न मद्दत गर्ने ।<br>● दोस्रो पक्षले अभिव्यक्त गरेको कुरा पहिलो पक्षले बुझेको छ, छैन सुनिश्चत गर्ने ।<br>● पहिलो पक्षले बुझेको कुरालाई दोहोऱ्याई पूनः सुनिश्चित गर्ने ।<br>● दोस्रो पक्षको कुरामा केही छुटेको भए थप गर्न भन्ने ।<br>● पक्षहरुका कुरा स्वीकार गर्ने समानुभूति प्रकट गर्ने ।<br>● सक्रिय सुनुवाई गर्ने ।<br>● कदर/सम्मान र सशक्तिकरण गर्ने ।<br>● सोधपुछ सीप प्रयोग गर्ने ।<br>● विवादसंग सम्बन्धित विषयको गहिराईमा प्रश्न गर्ने । |
| ४. | चौथो चरणः<br>एक अर्कालाई बुझ्न सहयोग गर्ने | यो चरण सबैभन्दा बढी चुनौतीपूर्ण चरण हो । विवादका पक्षहरूको आ-आफ्नो भनाईहरू प्रस्तुत गरी सकेपछि छलफल गराउने हुँदा यस चरणमा पक्षहरूलाई एकअर्का बिचको असन्तुष्टि पोख्ने अवसर प्राप्त हुने गर्दछ । मनभित्र गुम्सेर रहेका असन्तुष्टिहरू हटाउने र मन माझ्ने अवसरको रूपमा यस चरणलाई लिने गरिन्छ । मेलमिलापकर्ताले छलफललाई व्यवस्थित र मर्यादित बनाउन नसके झगडा अपशब्द व्यक्त र हात हालाहालको धम्कीपूर्ण अवस्था पनि यस चरणमा हुन सक्दछ । |

| | | |
|---|---|---|
| | | तसर्थ यो चरण बढी चुनौतीपूर्ण चरण हो । यस चरणमा देहाय बमोजिमको प्रक्रियाबाट छलफल गराउन सजिलो हुने देखिन्छः<br>● विवादको दुष्परिणामको स्मरण गराउने,<br>● विवादपूर्वको असल सम्बन्धको स्मरण गराउने,<br>● सहमत हुने संकेत अनुमान गर्ने,<br>● ३६ को सट्टा ६३ को अवस्थामा ल्याउने प्रयास गर्ने,<br>● विवादको विषय र सवाल पहिचान गर्ने,<br>● यसका सरोकारवालाहरुको पहिचान गर्ने,<br>● दुवै प्रकारको परिणामको विषयमा छलफल गर्ने,<br>● भविष्यको योजना बनाउन मद्दत गर्ने । |
| ५. | पाँचौ चरणः<br>एकान्त वार्ता<br>(ककस-Caucus) | एकान्त वार्ताको चरण<br>जबसम्म मेलमिलापकर्ताले छलफलको क्रममा कुनै वा दुवै पक्षले संयुक्त छलफल/वार्ताको क्रममा आन्तरिक कुरा गर्न नचाहेको अनुभूति गर्दछन् तबसम्म एकान्तवार्ताको आवश्यकता महशुस हुन्छ । मेलमिलाप प्रक्रियाबारे पक्षहरूलाई जानकारी दिने चरणमा एकान्तवार्ताको आवश्यकता र महत्वबारे बताइसकिएको हुन्छ । यद्यपि, पूनः मेलमिलापकर्ताले एकान्तवार्ताको उद्देश्य र प्रक्रियाबारे जानकारी गराउनुपर्छ । यो चरणमा मेलमिलापकर्ताले आफूलाई सकेसम्म पक्षहरूसँग घुलमिल गराई पृथक्-पृथक् रूपमा दुवै पक्ष प्रति हार्दिकता र सहानुभूति दर्शाउनुपर्छ । |

| | | |
|---|---|---|
| | | - पक्षहरुका आन्तरिक र अप्ठ्यारो कुरा मेलमिलापकर्तालाई निस्फिक्री भन्न सक्ने वातावरण हुनुपर्दछ ।<br>- आन्तरिक कारण खुलस्त भएमा मेलमिलाप गराउन सजिलो हुन्छ भन्ने कुरामा पक्षहरु विश्वस्त हुनुपर्दछ ।<br>एकान्तवार्ताबाट विवाद सिर्जना हुनुको वास्तविक कारण के रहेछ आदिबारे थाहा पाइन्छ । साथै विवादमा के-कस्ता चलखेल भएका छन् साथै विवादका पक्ष बाहेक विवादमा अरु कसैको स्वार्थ वा संलग्नता छ वा छैन । यदि तेस्रो पक्षको संलग्नता भए उसको निहित स्वार्थ के हो तथा विवादले उत्पन्न समस्या, मर्का वा तनाव कस्तो रहेको छ र पक्षले विवाद समाधानार्थ के-कस्ता शर्त वा सहमतिका बुँदा स्वीकार्न इच्छुक छन् आदि कुरा थाहा पाउनु पर्दछ । यसका लागि:<br>● उद्देश्य, महत्व र प्रकृयाबारे जानकारी गराउने, पालैपालो गर्ने,<br>● संयुक्तवार्तापछि एकान्तवार्ता गराउने,<br>● वार्तामा भएका सबै कुरा गोप्य रहने विश्वास दिलाउने,<br>● आफ्नो तर्क राख्न र भविष्यको योजना बना( उन मद्दत गर्ने,<br>● अडान के-कस्ता छन् पत्ता लगाउने,<br>● वास्तविक विवादको कारण पत्ता लगाउने,<br>● अलग स्थानमा गर्न उपयुक्त हुने,<br>● दवाव दिन नहुने, दुवैको सहमति लिने,<br>● आवश्यकता अनुसार शसक्तिकरण तथा परामर्श गर्ने |

| | | |
|---|---|---|
| ६. | छैठौ चरण:<br><br>दुवैपक्षलाई विकल्प र समाधान खोज्न सहयोग गर्ने | विकल्पहरूको खोजी र छनौट:<br>यस चरणमा एकान्त वार्ताको आधारमा दुवै पक्षका बीच<br>● मुख मिलेका कुराहरु,<br>● मुख नमिलेका कुराहरू र<br>● केही मिल्दाजुल्दा कुराहरूलाई मेलमिलापकर्ताले छुट्याउनु पर्ने हुन्छ र मेलमिलाप प्रकृयालाई यिनै तीन कुरामा केन्द्रित गर्दै पक्षहरुलाई जानकारी दिनुपर्छ र अगाडी बढाउनु पर्छ ।<br>मुख नमिलेका बुँदाहरूमा केन्द्रित भई पक्षहरूलाई समाधानको न्यायोचित विकल्प खोज्न मेलमिलापकर्ताले दुवै पक्षलाई अनुरोध गर्नुपर्दछ । मेलमिलापकर्ताले बडो सतर्क र जिम्मेवारीपूर्वक आफ्नो तटस्थ भूमिकालाई प्रस्तुत गरिरहेको हुन्छ । कुनै पक्षले मेलमिलापकर्ता ढल्केको वा निष्पक्ष नरहेको अनुभूति गरेमा मेलमिलाप प्रक्रिया त्यतिखेरै अवरुद्ध हुन पुग्दछ ।<br>मेलमिलापकर्ताले बडो सतर्कता र होशियारीपूर्वक पक्षहरूलाई वैकल्पिक शर्तहरूको खोजी गर्न सुझाव परामर्श गर्दै जानु पर्दछ । पक्षहरूबाट पेश भएका विकल्पहरूमा दुवै पक्षलाई हित हुने खालका सम्भावनाहरूमा जोड दिनु  पर्दछ । यसरी विकल्पहरूमा छलफल हुँदा भएका सहमतिका बुँदाहरूलाई पूनः छलफल गराई सहमतिका परिणामहरूबारे मेलमिलापकर्ताले दुवै पक्षलाई जानकारी दिँदै जानु पर्दछ । |

| | | |
|---|---|---|
| | | दुवै पक्षले छनौट गरेका विवाद समाधानका उत्तम विकल्पलाई मिलन बिन्दुको रूपमा केन्द्रित गरी आपसी समझदारी र स्वेच्छाले स्वतन्त्रतापूर्वक सहमतिमा आउन सकेको भनी दुवै पक्षलाई हौसला दिंदै मेलमिलापकर्ताले धन्यवाद दिनु पर्दछ । यदि सहमति हुन नसकेमा पक्षहरूको चाहना बुझेर विवादको किनारा लगाउने निकायमा प्रतिवेदन सहित पक्षहरूलाई फिर्ता पठाइदिनु पर्छ । |
| ७. | सातौं चरण: सहमति पत्र तयार गरी मेलमिलाप | सहमती चरण<br>विकल्पहरूको खोजी तथा छनौटको चरण पश्चात् दुवै पक्ष मिलनविन्दुमा प्रवेश गरी सहमति भएको अवस्थामा मेलमिलापकर्ताले सहमतिका आधारमा मिलापत्रको कागज तयार हुनेछ । मिलापत्र तयार गर्दा निम्न कुराहरूमा विचार पुऱ्याउनु पर्छ:<br>● दुवै पक्षका मुख्य-मुख्य भनाई<br>● सहमतिका बुँदाहरूमा छलफल गराई लिखित रूपमा प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>● बुँदाहरू दुवै पक्षलाई सुनाएको हुनुपर्छ ।<br>● बुँदाहरूमा दुवै पक्ष सहमत भई थपघट गर्न नपर्ने स्वीकारोक्ति हुनुपर्छ ।<br>● सहमत भएका बुँदाहरूबाट कुनै एक पक्षलाई अन्याय नपर्ने अवस्था हुनु पर्दछ ।<br>● पक्षहरू मध्ये कुनै पक्षको बढी हस्तक्षेपकारी भूमिका नरहेको अवस्था हुनुपर्छ । यदि कुनै पक्षले यस चरणसम्म आइपुग्दा चलाखीपूर्ण व्यवहार गर्दैछ भन्ने लागेमा मेलमिलाप |

| | | |
|---|---|---|
| | | नगराउने तर्फ मेलमिलापकर्ता सचेत हुनुपर्छ । दुवै पक्षको हित र लाभको मूलआत्मालाई असर नपर्ने गरी मेलमिलाप गराउनुपर्दछ । हार-जीतको अवस्थामा पक्षहरू सहमत भएपनि त्यस्तो अन्यायपूर्ण मेलमिलाप नगराउनु नै न्यायपूर्ण मानिन्छ । |

**८. मेलमिलाप सहमति कार्यान्वयन तथा अनुगमन कसरी गरिन्छ ?**

सहमति कार्यान्वयन

मेलमिलापको उद्देश्य विवाद समाधान गर्नु मात्र होइन, विवादित पक्षहरुका साथै समुदायका मानिसहरू बीचमा बिग्रिएको सम्बन्धलाई पूनःस्थापना गर्नु पनि हो । विवादको सही समाधानले पक्षहरूका विषयगत र सम्बन्धगत दुवै प्रकारका समस्याको समाधान दिन्छ । सहमति पश्चात् विवादका पक्षहरूका बानी-व्यवहारहरूमा सकारात्मक परिवर्तन आएमा मात्र विवादको दिगो समाधान हुन सक्छ । विवादका पक्षहरूबीच छलफल भएर औपचारिक सहमति हुँदैमा विवाद समाधानको कार्य सम्पन्न भएको ठान्नु हुँदैन । सहमतिमा हस्ताक्षर भएपछि सहमतिपत्रमा उल्लेख भएका शर्तहरू कार्यान्वयन भए कि भएनन् भनेर निरन्तर निगरानी गर्नुपर्छ ।

मेलमिलाप कार्य सहमतिमा पुगेपछि पक्षहरूले सहमतिपत्रमा हस्ताक्षर गर्दछन् र सहमतिको कार्ययोजना तयार पार्दछन् । सहमतिपत्रमा उल्लेख भएका सहमतिहरू कार्यान्वयन गर्ने काम मेलमिलाप भएपछि पनि बाँकी नै रहेको हुन्छ । सहमतिमा भएका शर्तहरू व्यवहारमा लागू गर्ने काम सहमति कार्यान्वयनको चरण हो ।

यसरी सहमति कार्यान्वयनका लागि न्यायिक समिति या मातहतका मेलमिलाप केन्द्रले एउटा संयन्त्र निर्माण गर्नुपर्छ । यस संयन्त्रलाई सहमति कार्यान्वयनका लागि पक्षहरूलाई उत्तरदायी बनाउने, सहमति कार्यान्वयनको अवस्थाको आवधिक मूल्याङ्कन गर्ने, मूल्याङनबाट प्राप्त सुझावहरूलाई संयुक्त वैठकमा राखी पूनः कार्यान्वयनका लागि पक्षहरूलाई घच्घच्याउने जस्ता सम्पूर्ण कार्य जिम्मेवारी दिइनु पर्छ ।

**अनुगमन**

विवादको निरूपणमा भएको सहमति कार्यान्वयनको अनुगमन गर्ने कार्य एउटा महत्वपूर्ण पक्ष हो । मेलमिलाप प्रक्रियाको तीनै अवस्थाहरु (मेलमिलाप पूर्व, मेलमिलाप सत्र सञ्चालन, मेलमिलाप पश्चात्) मा अनुगमन गर्ने कार्य गर्नु जरुरी हुन्छ । यो विवाद समाधानको स्थायी र दिगो समाधान र मेलमिलाप प्रक्रियाको महत्वपूर्ण पक्ष हो । प्रभावकारी अनुगमन गर्ने कार्यको अभावमा विवाद समाधान, सहमति र मेलमिलाप सफल हुन सक्दैन । सहमति पत्रको कार्यान्वयनले मेलमिलाप सफल हुन्छ ।

सहमति पत्रमा पक्षहरूले भविष्यमा गर्ने भूमिकाको स्पष्ट कार्ययोजना हुन्छ । सहमतिपत्र "के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? क-कसले गर्ने ? कहाँ गर्ने ?" आदि कुरा स्पष्ट हुनेगरी तयार पारिएको लिखित दस्तावेज हो । पक्षहरूले उक्त सहमति बमोजिमको भूमिका निभाए कि निभाएनन् भनेर समय-समयमा जानकारी लिने कार्य अनुगमन हो । अनुगमनमा विवादका पक्षहरूबीच भएको सहमति अनुसार पक्षहरूद्वारा सहमति कार्यान्वयन भएको छ कि छैन भनेर सम्बन्धित स्थानमा नै गएर जानकारी लिने काम गरिन्छ ।

अनुगमन गर्दा विशेषगरी सहमतिका बुँदाहरूको कार्यान्वयनको अवस्था र मेलमिलापपछि सम्बन्धित पक्षहरू बीचको आपसी सम्बन्ध र सौहार्द्रता तथा पक्षहरूमा आएको सकारात्मक परिवर्तन सम्बन्धी जानकारी लिनुपर्दछ । सहमति पत्रमा उल्लेख भएका शर्तहरू पूरा नभएको देखिएमा मेलमिलापकर्ताले त्यसबारे सोधखोज गरी पालना गराउने वातावरण तयार गर्नुपर्दछ ।

अनुगमन गर्दा सहमति कार्यान्वयनको अवस्था विश्लेषण गर्नुपर्दछ । सहमति कुन हदसम्म पूरा भएको छ, निश्चित सूचक बनाएर मापन गर्नुपर्दछ । सहमति पूर्णरूपमा पालना नभएको भए मेलमिलापकर्ताले त्यसका कारणहरू खोजी त्यसबाट पाठ सिक्नुपर्दछ । यसबाट भविष्यमा हुनसक्ने विवादहरुको निरूपणमा सावधानी अपनाउन शिक्षा प्राप्त हुन्छ । अनुगमनलाई न्यायिक समिति सदस्यहरु र मेलमिलापकर्ताहरुले आफ्नो कामको मूल्याङ्कन गर्ने र त्यसबाट पाठ सिक्ने अवसरको रूपमा समेत लिनुपर्दछ ।

**अनुगमन किन गर्ने ?**

- सहमति अनुसारका शर्तहरू पालना भए कि भएनन् थाहा पाउन
- वास्तविक मेलमिलाप भयो कि भएन थाहा पाउन
- शर्तहरू पालनाको अवस्थाबारे जानकारी लिन
- सहमति कार्यान्वयन नभएमा त्यसको कारणको खोजी गर्न
- सहमति कार्यान्वयन नभएको भए कसरी कार्यान्वयन गराउने भन्ने जानकारी लिन र दिन
- मेलमिलापकर्तालाई पृष्ठपोषण गर्न
- विवाद रूपान्तरण भयो वा भएन थाहा पाउन
- सहमतिपछि के-कस्ता रूपान्तरण भए जानकारी हासिल गर्न

**कार्यान्वयन तथा अनुगमन कसले गर्ने ?**

- मेलमिलापकर्ताले
- न्यायिक समिति सदस्यले
- मेलमिलाप गराउने केन्द्रका प्रतिनिधिले
- अनुगमन गर्ने उद्देश्यले अनुगमन गर्न गठन भएको समिति वा सो समितिका सदस्यले
- स्थानीय तह, वडा समितिका सदस्यले

**अनुगमन कहिले गर्ने ?**

सामान्यतया विवादमा सहमति भएको तीन महिनादेखि छ महिनाको समयमा आवधिक अनुगमन गर्नु उपयुक्त हुन्छ ।

**अनुगमन विधि के हुन्छ ?**

- प्रत्यक्ष रूपमा समुदायका सदस्यहरूसँग कुराकानी गरेर
- छिमेकी समुदायसँग सोधेर
- सरोकारवाला प्रतिनिधि वा सल्लाहकारसँग कुराकानी गरेर
- दैनिक कार्य तथा गतिविधिमा सहयोग आदान-प्रदान तथा अवलोकन गरेर
- चाडपर्व तथा विभिन्न उत्सवहरूमा उनीहरूको अन्तक्रिया अवलोकन गरेर

- उनीहरूको सञ्चार (बोलीचाली) प्रक्रिया अवलोकन गरेर
- विभिन्न सामाजिक कार्यमा उनीहरूको सहभागिता र अन्तर्क्रिया अवलोकन गरेर
- फारम भरेर
- विवादका पक्षहरूलाई अनुभव आदान-प्रदान कार्यक्रममा सहभागी गराएर
- स्थानीय निकाय वा सम्बन्धित कार्यालयबाट जानकारी लिएर
- अनुगमन फारम भरेर

**सहमति कार्यान्वयनको अवस्था विश्लेषण**

विवादमा सहमति भइसकेपछि त्यसको कार्यान्वयन भएको छ कि छैन भनेर विश्लेषण गर्नुपर्दछ । यस्तो विश्लेषण विवादको प्रकृति हेरी दुई आधारमा गर्न सकिन्छः (क) सहमति कार्यान्वयनको आधारमा, (ख) विवादका पक्ष र सरोकारवालाको सङ्ख्याको आधारमा ।

**क) शर्तहरूको कार्यान्वयनको आधार**

- सम्पूर्ण रूपमा कार्यान्वयन भयो ।
- धेरैजसो कार्यान्वयन भयो ।
- आधाजसो शर्तहरू कार्यान्वयन भए ।
- थोरै कार्यान्वयन भयो ।
- कति पनि कार्यान्वयन भएन ।

**ख) समुदायका सदस्यहरूको सङ्ख्याको आधारमा**

- सम्पूर्ण व्यक्तिले पालना गरे ।
- धेरैजसो व्यक्तिले पालना गरे ।
- आधाजसो व्यक्तिले पालना गरे ।
- थोरै व्यक्तिहरूले पालना गरे ।
- कसैले पनि पालना गरेनन् ।

**अनुगमन गर्नाले महिला पक्ष भएका विवादमा भएका सहमती कार्यान्वयनको अवस्था बुझ्न सकिन्छ**

- मेलमिलाप कार्य प्रगतिबारे वास्तविक जानकारी प्राप्त हुन्छ।
- समयमा नै समस्याहरु पहिचान भई समाधान गर्न सकिन्छ।
- न्याय सम्पादनको गुणस्तर कायम गर्न सकिन्छ।
- निर्धारित सहमति कार्य योजना समयमा नै कार्यान्वयन भए/नभएको एकिन गर्न सकिन्छ।
- स्थानीय श्रोत साधनहरुको उचित प्रयोग गर्नमा सघाउ पुग्दछ।


◆◆◆

# परिच्छेद ८

## न्यायिक समिति, र अन्य सरोकारवालाहरु बीच समन्वय र सम्बन्ध

**१. न्यायिक समिति र स्थानीय तहमा अन्य सरोकारवालाहरु बीच कस्तो समन्वय र सम्बन्ध हुन जरुरी छ ?**

न्यायिक समितिलाई मेलमिलापबाट विवाद समाधान र निर्णयको माध्यमबाट विवाद निरूपण गर्न संविधान तथा कानूनले जिम्मेवारी तोकेको छ । तर न्यायिक समितिका ३ जना पदाधिकारी मात्रले विवाद निरूपणको कार्य सम्पन्न गर्ने भने होइन । यसमा विभिन्न निकाय, प्रशासनिक एकाई तथा पदाधिकारीहरुको महत्वपूर्ण भूमिका रहन्छ । विवाद निरूपणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकारवाला निकाय, एकाई तथा पदाधिकारीहरु निम्न अनुसारको रेखाचित्रमा प्रस्तुत गरिएको छः



माथिको रेखाचित्रबाट न्यायिक समिति एक्लैले विवाद समाधान/निरूपणको काम गर्ने होइन भन्ने स्पष्ट बुझ्न सकिन्छ । न्यायिक समिति विभिन्न प्रकृतिका सरोकारवालाहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्दै कार्य गर्नुपर्ने देखिन्छ ।

संक्षिप्त रूपमा ती सरोकारवालाहरुसँगको कार्यगत सम्बन्धबारे निम्नरूपमा चर्चा गर्न सकिन्छः

**गाउँसभा/नगरसभा र न्यायिक समिति**

गाउँसभा तथा नगरसभाले निर्वाचित सदस्य मध्येबाट निर्वाचित २ जना सदस्य न्यायिक समितिको सदस्यमा निर्वाचित हुनेछन् । समितिका सदस्यले गाउँसभा/नगरसभाको अध्यक्ष समक्ष पद तथा गोपनीयताको सपथ लिई कार्य थालनी गर्नेछन् । न्यायिक समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन गाउँसभा/नगरसभामा पेश गर्नुपर्ने हुन्छ । न्यायिक समितिका संयोजक र सदस्यमध्ये २ जना वा सोभन्दा बढी सदस्यले विवाद निरूपण गर्न नमिल्ने भएमा गाउँसभा/नगरसभाबाट अर्को समिति गठन गर्ने व्यवस्था समेत भएबाट न्यायिक समिति गाउँसभा/नगरसभा प्रति पूर्णतः जवाफदेही र उत्तरदायी रहनुपर्ने देखिन्छ ।

**सम्बद्ध विवादका पक्षहरु र न्यायिक समिति**

न्यायिक समितिको मुख्य काम भनेकै विवादको छिटो, सरल, सहज र कम भन्दा कम मूल्यमा निरूपण गर्नु हो । न्यायमा सबैको सहज पहुँच पुऱ्याउन न्यायिक समिति क्रियाशील हुने भएकाले विवादका पक्षहरुलाई झिकाई प्रमाण बुझी मेलमिलाप वा निर्णय प्रक्रिया मार्फत् विवाद निरूपण गर्नुपर्दछ । पक्षहरुको सहभागितामा निष्पक्ष सुनुवाई विवाद निरूपणको आधुनिक मान्यता हो । त्यसकारण सम्बद्ध विवादका पक्षहरुको सहभागिता महत्वपूर्ण भएकाले उनीहरुलाई न्यायिक समितिको मुख्य सरोकारवाला मान्ने गरिन्छ ।

**सुचिकृत मेलमिलापकर्ताहरु र न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले न्यायिक समितिलाई मेलमिलाप गराउन पक्षहरुलाई प्रोत्साहित गर्नुपर्ने जिम्मेवारी दिएको छ । मेलमिलाप हुन नसकेमा मात्र निर्णयमा जानुपर्ने व्यवस्था दफा ४७(१) अन्तर्गतको विवादको हकमा व्यवस्था गरिएको छ भने दफा ४७(२) अन्तर्गतका विवादहरुमा मेलमिलाप मात्र गराउनु पर्नेछ । मेलमिलाप नै स्थानीय तहको विवादहरु समाधान

गर्ने सशक्त र प्रभावकारी माध्यम बनेको छ । मेलमिलाप गराउँदा दफा ४९ ले "मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ" भनी व्यवस्था गरेको र वडा मातहतमा पनि मेलमिलाप केन्द्रहरु रहने भएकाले मेलमिलाप गराउने कार्य सूचीकृत मेलमिलापकर्ताबाट मात्र हुने देखिन्छ। सूचीकृत मेलमिलापकर्ता बिना अब स्थानीय तहमा मेलमिलाप प्रक्रियाको परिकल्पना गर्न नसकिने भएकोले सूचीकृत मेलमिलापकर्ताहरु न्यायिक समितिको अभिन्न अङ्गको रूपमा रहने छन् ।

**वडा कार्यालयहरु र न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(१०) ले वडा तहमा मेलमिलाप केन्द्र विकास गर्न खोजेको छ। आवश्यकता अनुसार कुनै एक वडाभित्र एकभन्दा बढी मेलमिलाप केन्द्रहरु समेत रहन सक्ने व्यवस्था छ । वडा समिति, वडा अध्यक्ष र वडामा कार्यरत कर्मचारीहरु मेलमिलापमैत्री भई विवादका पक्ष र मेलमिलापकर्ताहरुको लागि सहज वार्ताको वातावरण बनाई दिनुपर्दछ । वडामा निर्वाचित जनप्रतिनिधिहरु स्वयम्ले पनि विवादका पक्षहरुलाई मेलमिलाप गर्न प्रोत्साहित गर्ने, समन्वय गर्ने र सहयोग गर्ने गर्नुपर्दछ। वडा तहमा मेलमिलापकर्ता मार्फत् मेलमिलाप भएमा वडा अध्यक्षले मिलापत्र प्रमाणित गरी त्यसको जानकारी न्यायिक समितिमा पठाउनुपर्नेछ भने मेलमिलाप हुन नसके विवादको पक्षहरु र कागजपत्र न्यायिक समितिमा पठाइदिनु पर्नेछ ।

स्थानिय सरकार सञ्चालन ऐन दफा ४७ बमोजिमका विवाद न्यायिक समितीमा आएअछि न्यायिक समिती मार्फत जारी हुने म्याद तामेलीका लागि, सम्बन्धित वडामा हुने सर्जमिन, स्थलगत वस्तुस्थिती निरिक्षण, न्यायिक समितीबाट भएका निर्णय तथा मेलमिलाप केन्द्रबाट भएका मेलमिलापको कार्यान्वयन तथा अनुगमनमा वडा कार्यलयको सबैभन्दा ठुलो र महत्वपुर्ण भुमिका रहन्छ र न्यायिक समितिलाई न्यायिक कार्यका लागी सहयोग गनपर्नेछ । यसका अलावा वडा कार्यालयले घटनादर्ता सम्बन्धि समेत जिम्मेवारी भएको र न्यायमा पहुचको लागी पहिलो खुड्किलो नै घटनादर्ता भएको हुँदा वडा कार्यालयले जिम्मेवारीपुर्ण ढंगले सहयोग गर्नुपर्नेछ ।

**मेलमिलाप केन्द्रहरु र न्यायिक समिति**

स्थानीय तह अन्तर्गतका वडा कार्यालय मातहतमा मेलमिलाप गराउन मिल्ने

विवादहरुको निरूपण गर्न मेलमिलाप केन्द्रहरु रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा १० मा "दफा ४७ बमोजिमको विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ" भन्ने व्यवस्था भएकोले वडा तहमा मेलमिलाप केन्द्र गठन गर्न सकिने देखिन्छ । त्यसैगरी दफा ४९ को उपदफा ११ मा "कुनै वडामा एक भन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरुले रोजेको वा सो विषयमा पक्षहरु बीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ" भन्ने व्यवस्था भएबाट कुनै एक वडामा एक भन्दा बढि मेलमिलाप केन्द्र हुने र पक्षहरुले रोजेको वा न्यायिक समितिले तोकेको मेलमिलाप केन्द्रमा पठाउन सकिने देखिन्छ । मेलमिलाप केन्द्रहरु स्थानीय तह मातहत वैधानिक रूपमा नै गठित विवाद निरूपण केन्द्र भएका छन् । केन्द्रमा तालिम प्राप्त मेलमिलापकर्ताहरु सूचीकृत भएका हुन्छन । यसकारण न्यायिक समितिसँग मेलमिलाप केन्द्रहरुको अन्योन्याश्रित सम्बन्ध रहनेछ ।

**अन्य निकायहरु (बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य निकाय) र न्यायिक समिति**

न्यायिक समितिले आफू समक्ष परेको विवादमा वादीले प्रतिवादीको नाममा कुनै बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिवादीको हक भोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा पत्राचार गर्न सक्दछ । त्यस्तो निकायले पत्रानुसार रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा ६ मा रहेको छ । त्यसरी रोक्का रहेकोमा प्रतिवादीले फुक्का गरी पाउँ भनी न्यायिक समिति समक्ष निवेदन पेश गरेकोमा सो व्यहोरा मनासिव देखेमा फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । त्यस्तो पत्रअनुसार सम्बन्धित निकायले पनि फुकुवा गरी न्यायिक समितिलाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । यसबाट न्यायिक समिति र अन्य निकायहरु बीचको सम्बन्ध विवाद निरूपण कै सन्दर्भमा पारस्पारिक रहने देखिन्छ ।

## गैरसरकारी संघ-संस्था र न्यायिक समिति

गैरसरकारी संघ-संस्थाहरुले स्थानीयस्तरको विवाद निरूपणमा महत्वपूर्ण भूमिका हुन्छ र उनीहरुले त्यस्तो भूमिका निर्वाह गर्ने गरेका छन् । सामुदायिक मेलमिलापबाट होस् वा विवाद समाधानका अन्य वैकल्पिक उपायहरुको अवलम्बन गर्न होस्, अन्तर र्‍ाष्ट्रिय गैरसरकारी संघ-संस्थाको सहयोगमा स्थानीय तहका धेरै संघ संस्थाहरुले प्रशिक्षण प्राप्त गरी मेलमिलाप कार्य गर्दै आइरहेका छन् । त्यस्ता संघ-संस्थाहरुले समाजका सक्रिय व्यक्तिहरुलाई तालिम दिई मेलमिलापकर्तामा सूचिकृत गरेका छन् । लामो अनुभवले समाजका विवादहरु सहजै मेलमिलाप प्रक्रियाबाट समाधान गर्न, गराउन त्यस्ता संघ-संस्था सफल देखिन्छन् । त्यसैले स्थानीय तहका न्यायिक समितिले समेत त्यस्ता संघ संस्थासँग सम्पर्क तथा समन्वय गरी वडा-वडा तहमा सञ्चालन हुने मेलमिलाप केन्द्रका रूपमा विकास र विस्तार गर्नु उचित हुने देखिन्छ । त्यसबाहेक पनि पीडितलाई न्यायमा पहुँचका लागि कानूनी, आर्थिक तथा महिला तथा बालबालिकाको लागि आश्रय स्थल उपलब्ध गराउने, जनचेतना विस्तार गर्ने, मनोसामाजिक विमर्श उपलब्ध गराउने आदि कार्यमा पनि गैससहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्तछन् र गरिरहेका छन् ।

## अन्य स्थानीय तहका न्यायिक समितिसँगको सम्बन्ध

हरेक तहका स्थानीय सरकारमा विवाद निरूपण गर्न न्यायिक समिति रहनेछन् । सबै न्यायिक समितिलाई एकै प्रकृतिका विवादहरु निरूपण गर्ने क्षेत्राधिकार तोकिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ बमोजिमका विवाद निरूपण गर्दाको अभ्यास, अनुभव र सफलताका कथाहरु एकापसमा साटासाट गर्नु, अन्तरक्रिया गर्नु उपलब्धीमूलक हुनेछ ।

- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा आ-आफ्नो भौगोलिक परिवेश, पेशा, व्यवसाय, जनताको दिनचर्या समेतका आधारमा विवादहरु उत्पन्न हुने हुँदा सबै स्थानीय सरकार समक्ष समान प्रकृति र परिमाणमा विवाद निरूपण हुँदैनन् । जनसंख्याको घनत्व, जनताको चेतनास्तर, समाजको आर्थिक, सामाजिक र साँस्कृतिक परिस्थितिबाट समेत विवादको संरचनामा भिन्नता रहने गर्दछ । विवादको स्वरूप, संख्या र महत्व भिन्न भए तापनि विषयगत आधारमा भने सबै स्थानीय तहमा उत्पन्न हुने विवाद समान विषयका मानिन्छन् । त्यसैले सबै स्थानीय तहका लागि

सबै स्थानीय तहको अभ्यास र अनुभव हेर्नु, बुझ्नु, जान्नु, सिक्नु उपयोगी हुनजान्छ ।[46]

- न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस सम्बद्ध नियमावली र विवाद निरूपणसम्बन्धी कार्यविधिले तोके बमोजिमको विधि, प्रक्रिया र संरचनाबाट विवाद निरूपण गर्नुपर्दछ । स्रोत साधन सम्पन्न स्थानीय सरकार मातहतका न्यायिक समितिहरुले प्रभावकारी प्रणाली विकास गरी विवाद निरूपण गरेको अनुभव तथा जटिल प्रकृतिका विवादहरु समेत स्थानीय तहबाट मेलमिलाप गराएको सन्दर्भबाट अन्य स्थानीय तहका न्यायिक समितिलाई मार्गदर्शन बन्न सक्ने भएकोले सम्भव भएसम्म स्थानीय तहका न्यायिक समितिबीच नियमित सम्पर्क, समन्वय र अन्तरक्रिया गरी अनुभव आदान-प्रदान गर्ने र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुन आवश्यक देखिन्छ । महिला तथा सिमान्तकृत समुदायका व्यक्ति विवादका पक्ष भएको अवस्थामा कसरी विवाद समाधान गर्ने अभ्यास गरिएको छ भन्ने असल अभ्यास बारे जानकारी हुन जान्छ ।
- न्यायिक समितिले गरेका न्याय निरूपण (मेलमिलाप र अन्तिम निर्णय) लाई स्थानीय सरकारको स्थानीय राजपत्र, स्थानीय तहको वेवसाइट वा विवाद निरूपण दिग्दर्शनहरु मार्फत् प्रकाशन तथा प्रसार गर्ने कार्य भएमा एकअर्कोले गरेका राम्रा कामहरुबाट प्रभावित भै विवाद निरूपणलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

## गाउँ/नगर कार्यपालिका र न्यायिक समिति

न्यायिक समितिले विवाद निरूपणका क्रममा गरेका कार्य सम्बद्ध कागजातहरुको अभिलेख दुरुस्त राख्ने, न्यायिक समितिलाई आवश्यक पर्ने मानवश्रोत साधन, वित्तीय श्रोत साधन र भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने तथा न्यायिक समितिले गरेका निर्णय तथा मेलमिलाप तथा मध्यस्थताहरुको कार्यान्वयन गर्ने गराउने, आवश्यकता अनुसार नगर प्रहरी परिचालन गर्ने जस्ता जिम्मेवारी गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने भएकोले न्यायिक समिति र गाउँ/नगर कार्यपालिकाबीच सु-सम्बन्ध हुनुपर्ने देखिन्छ ।

---

46 विवाद समााधानको सर्वश्रेष्ठ उपाय: मेलमिलाप (सबैका लागि: सधैका लागि), बसन्त आर्चाय, प्रकाशक ड्रिमल्याण्ड पब्लिकेशन प्रा.लि, अनामनगर काठमाण्डौ

### अदालत र न्यायिक समिति

न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) बमोजिमको विवाद निरूपण गरे उपर पुनरावेदन लाग्ने जिल्ला अदालत र ऐनको दफा ४७ (२) बमोजिमका विवादमा मेलमिलाप हुन नसकेमा शुरु कारवाही र किनारा हुने क्षेत्राधिकार भएको अदालतमा प्रमाण सहितको मिसिल सहित तोकी पठाउनुपर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(४)) व्यवस्था रहेबाट सम्बन्धित अदालत र न्यायिक समिति बीचको सम्बन्ध विवाद निरूपणमा सार्थक रहने देखिन्छ ।

### कर्मचारी सल्लाहकार समूह र न्यायिक समिति

न्यायिक समितिलाई आवश्यक पर्ने कानुनी राय, परामर्श दिन कानुनी सल्लाहकार तथा कानुनवीद्हरुको समूह र अन्य प्रशासनिक कार्य सम्पादन गरी समितिलाई सहयोग गर्न स्थानीय सरकारका कर्मचारी समूह निरन्तर क्रियाशील रहनुपर्नेछ । न्यायिक समितिले विवाद निरूपण गर्न क्रियाशील हुने मेलमिलाप कक्ष तथा सुनुवाई कक्षमा समेत विषय सम्बद्ध कर्मचारी राखी समितिलाई सहयोग गर्नुपर्नेछ ।

### कानून व्यावसायी र न्यायिक समिति

विवादका पक्षहरुले विवाद निरूपण प्रक्रियामा कानून व्यवसायीको आवश्यक सहयोग तथा परामर्श लिन सक्नेछन् । कानून व्यवसायीले न्यायिक समिति समक्ष विवादका पक्षहरुको तर्फबाट प्रतिनिधित्व गर्दै उपस्थित भई मेलमिलाप प्रक्रिया तथा निर्णय प्रक्रियामा आवश्यक सहयोग गर्ने गर्दछन् । कानूनमा विज्ञ भई विवाद निरूपणमा अनुभवी मानिने कानून व्यवसायीहरुको सहयोग न्यायिक समितिका लागि पनि महत्वपूर्ण मानिन्छ । विवाद सम्बद्ध प्रचलित कानून, विवादको तथ्य, सम्बन्धित कागज प्रमाण र न्यायिक निकायहरुबाट यसै प्रकृतिका मुद्दाहरुमा स्थापित सिद्धान्तहरुको जानकारी गराउने, मेलमिलाप गराउने तथा निर्णय गर्ने कार्यमा कानून व्यवसायीको योगदान उपयोगी मानिन्छ ।

### महिला समूह, स्थानीय राजनैतिक महिला कार्यकर्ता र न्यायिक समिति

न्यायिक समितिले विवाद निरूपण या मेलमिलापका रूपमा खासगरी महिला पक्ष भएको विवाद महिला मैत्री न्यायको कोणबाट विवाद गर्ने प्रयास गर्नुपर्ने अपेक्षा गरिन्छ। महिलाहरुका समस्या, घरेलु हिंसा एवं पारिवारिक विवाद आदिका सम्बन्धमा

स्थानीय तहमा नागरिक समूह र राजनैतिक दलका महिला कार्यकर्तासँग सम्पर्क, संवाद एवं अन्तरक्रिया आवश्यक रहन्छ ।

**अन्य न्यायिक, अर्धन्यायिक निकायहरुसँग सहकार्य र सम्बन्ध**

- अन्य न्यायिक निकाय तथा अर्धन्यायिक निकायहरुले मुद्दाको रोहमा गरेका निर्णय तथा मेलमिलापहरुलाई समेत न्यायिक समितिले अध्ययन तथा विश्लेषण गरी समान प्रकृतिको विवादहरुमा असल अभ्यासका रूपमा अनुसरण गर्न सक्दछ । कतिपय अवस्थामा न्यायिक समितिले प्रमाण बुझ्न, न्याय सम्पादनको क्रममा वा मुद्दा प्रेषण गर्ने सिलसिलामा सम्बन्धित जिल्ला प्रशासन कार्यालय जस्ता अर्धन्यायिक निकायसँग पनि सहयोग आदानप्रदान गर्नु पर्ने हुन सक्तछ ।

**सुरक्षा निकायहरुसँग सहकार्य र सम्बन्ध**

न्यायिक समतिले विवाद निरूपणको क्रममा गरेका निर्णय तथा मेलमिलापहरुको कार्यान्वयन गर्न गराउन, अन्तरकालिन संरक्षणात्मक आदेशहरुको पालना गर्न, गराउन र कतिपय अवस्थामा विवादका विषयहरुमा स्थलगत अवलोकन गरी सत्यतथ्य पत्ता लगाउन सुरक्षा निकायहरुसँग सहयोग, समन्वय र सहकार्य अपरिहार्य हुन्छ । कानून तथा निर्णय कार्यान्वयन गर्न गराउन अटेर गरेमा सम्बन्धित पक्षलाई कानून बमोजिमको बल प्रयोग गरी निर्देशन दिने, नियन्त्रणमा लिने तथा कानुनी राज्यको पालना गराउने आदि गर्न समेत सुरक्षा निकायहरुसँगको कार्यगत सम्बन्ध नियमित र प्रभावकारी हुन जरुरी देखिन्छ ।

◆◆◆

# सन्दर्भ सामाग्री


कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, २०७५, नेपालको संविधान समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरु, कानून किताब व्यवस्थापन समिति

द इस्टेट अफ क्वुइन्स्ल्यान्ड, २०७७, घरेलु तथा पारिवारिक हिंसा सम्बन्धी विशेष सिफारिस नमूना सेवा

नारायण श्रेष्ठ, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहसँग सम्बन्धित केहि ऐन, नियमको टिप्पणी सहित, पैरवी प्रकाशन

न्याय सेवा तालिम केन्द्र, २०७६, विवाद समाधानमा न्यायिक समिति स्रोत सामग्री तथा प्रशिक्षण पुस्तिका, न्याय सेवा तालिम केन्द्र, काठमाडौं

पुरुषोत्तम नेपाल, २०७५, स्थानीय तह र  सामुदायिक मेलमिलापः वर्तमान अवस्था र सुधारका क्षेत्र, मेलमिलापकर्ताहरुको दोस्रो र राष्ट्रिय सम्मेलन २०७६ मा प्रस्तुत कार्यपत्र, मेलमिलाप परिषद

बसन्त आर्चाय, विवाद समाधानको सर्वश्रेष्ठ उपायः मेलमिलाप (सबैका लागिः सधैंका लागि), प्रकाशक ड्रिमल्याण्ड पब्लिकेशन प्रा.लि, अनामनगर, काठमाडौं

मेलमिलाप एलायन्स, २०७४, स्थानीय सरकार न्यायिक समिति कार्य सम्पादन सहयोगी पुस्तिका

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, साधारण सिफारिश ३३, महिलाको न्यायमा पहुँच

महेश पुरी, २०१३, चार ओटा जिल्लामा विभेद तथा महिला विरुद्ध हिंसाको सवाललाई सम्बोधन गर्न न्यायिक क्षेत्र सुधार सम्बन्धी अध्ययन

युएन डि पी (UNDP Nepal), २०७६, स्थानीय सरकार न्यायिक समिति, कार्य सम्पादन, जानकारी पुस्तिका

युएन वुमन (UNWOMEN), युएन डि पी (UNDP), युएन ओ डि सी (UNODC), and ओ एच सी एच आर (OHCHR), २०१८, महिलाको न्यायमा पहुँचको कार्यक्रम गर्न

अभ्यासकर्ताहरुको लागि टूल किट

राष्ट्रिय योजना आयोग, २०१७, नेपाल दिगो बिकास लक्षः आधारभूत प्रतिवेदन, जुन २०१७

राजेन्द्र कुमार भण्डारी, प्रा. पवन कुमार ओझा, मेलमिलाप, सिद्धान्त र व्यवहार

राजेन्द्रकुमार भण्डारी, गाउँपालिका/नगरपालिका न्यायिक समितिको काम, कर्तव्य एवं निर्णय सम्बन्धी अभ्यास पुस्तिका

राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०७२, महिलाको न्यायमा पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं

राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०७७, स्थानीय न्यायिक समिति (कार्य सञ्चालन) दिग्दर्शन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं

राष्ट्रिय महिला आयोग, २०७८, संयुक्त राष्ट्र संघीय महिला विरुद्ध भेदभाव उन्मूलन समितिले नेपालको छैठौं आवधिक प्रतिवेदनमाथि दिएको निश्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाबारे अध्ययन प्रतिवेदन, https://nwc.gov.np/en/resources/publication/

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४, स्थानीय न्यायिक समिति कार्य सम्पादन, स्रोत पुस्तक

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४ गाँउपालिका तथा नगरपालिकाको न्यायिक समिति कार्य सम्पादन स्रोत पुस्तिका

हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च प्रा. लि, २०२१, नेपालको लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानता सम्बन्धी कोषहरुः प्रभावकारी कार्यान्वयन सम्बन्धी नीतिपत्र

ओ एच सी एच आर (OHCHR), २००३, न्याय प्रशासनमा मानव अधिकारः न्यायधिश, सरकारी वकिल र वकिलको लागि मानव अधिकार पुस्तिका

इन्दु तुलाधर, २०७५, लैङ्गिक हिंसा र न्यायः न्यायिक समितिको भूमिका, हिमाल इनोवेटिव डेभलपमेन्ट एण्ड रिर्सच प्रा.लि - एच आई डि आर

इन्दु तुलाधर, २०७७, कोरोना महामारीको सन्दर्भमा न्यायिक समिति सञ्चालनको

लागि अभ्यासकर्ता दिग्दर्शन, संस्थागत सुधारमार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना, काठमाडौं

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसिजे), २०७३, दक्षिणपूर्वी एसियाका कानून र अदालतका फैसलाहरूमा लैङ्गिकतामा आधारित रुढिवाद

## कानून

नेपालको संविधान, २०७२

मुलुकी अपराध संहिता, २०७४

मुलुकी देवानी संहिता, २०७४

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

मुलुकी देवानी कार्यविधि संहिता, २०७४

घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६

मेलमिलाप सम्बन्धी ऐन, २०६८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

सर्वोच्च अदालत नियमावली, २०४९

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९


◆◆◆

# स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) अनुसार न्यायिक समितीको क्षेत्राधिकार अन्तर्गत पर्ने विवादहरु

न्यायिक समिती समक्ष पेश भएको विवादको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहन गरि दुबै पक्षको सहमतिमा मेलमिलाप गराउनु पर्नेछ । मेलमिलाप हुन नसकेकामा ४७ (१) बमोजिमको मुद्धामा कारवाही र किनारा गर्नु पर्नेछ ।

## ४७ (१) वमोजिम निरुपण गर्ने विवादहरु :

क



आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड र उपयोग

ख



अर्काको बाली नोक्सान गरेको

ग




चरन घाँस दाउरा

घ





ज्याला मजुरी नदिएको

ङ




घरपालुवा पशुपँक्षि हराएको वा पाएको

च



जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको

छ



अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुखविरुवा लगाएको

ज



नावालक छोरा, छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षा-दिक्षा नदिएको

झ





बार्षिक २५ लाख रुपैयासम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा

ञ




आफ्नो घर वा बलेसी वा अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

ट




संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको

ठ



कसैको हक वा स्वामीत्वमा भएपनि परापूर्व कालदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्न नदिएको वा वाधा पुर्याएको

ड




संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनि तोकेका अन्य विवाद

# स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) अनुसार न्यायिक समितीको क्षेत्राधिकार अन्तर्गत पर्ने विवादहरु

न्यायिक समिती समक्ष पेश भएको विवादको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहन गरि दुबै पक्षको सहमतिमा मेलमिलाप गराउनु पर्नेछ ।


## ४७ (२) वमोजिम मेलमिलाप गराउने विवादहरु :





सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाई खाएको





सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको





पति पत्नी वीचको सम्बन्ध विच्छेद





अंगभंग बाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट




गाली वेईज्जती




लुटपिट





पशुपँक्षि छाडा छोडेको वा पशुपँक्षि राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको




अरुको आवासमा अनधिकृत प्रवेश गरेको




अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको




ध्वनी प्रदुषण गरी फोहोर मैला फ्याँकी छिमेकीलाई असर पारेको




प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौज्दारी विवाद

LACC DWRF-Nepal VCDC UN WOMEN

सहयोग

Sweden Sverige

UN WOMEN


**कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल । फोनः ५५४३१११, ५५४२९९९

ईमेल : laccnepal@gmail.com / info@laccnepal.org वेभसाईत : www.laccnepal.org